# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष २ अङ्क ४४ पूर्णाङ्क ९३ २०७५ वैशाख २४ गते सोमबार Monday, May 7, 2018 पृष्ठ ८ मूल्य रु. १०|-

## महासचिव किरणद्वारा अभियानको अनुगमन

नेपालगञ्ज । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण' ले ५ र ७ नं. प्रदेशमा पार्टीको जारी सांगठानिक अभियानको अनुगमन गर्नुभएको छ । पार्टीको १६ गते सम्पन्न भएको बाँके र बर्दियाको संयुक्त प्रशिक्षण सकेर महासचिव किरण कैलाली पुग्नुभएको थियो । १७ गते कैलालीमा ७ नं. प्रदेशका जिल्ला सदस्य स्तरका नेता कार्यकर्ताहरूसँग भेटघाट अन्तर्क्रिया गरी १८ गते बुटबलमा ५ नं. प्रदेशमा चलेको अभियानको बारेमा नेता कार्यकर्तासँग जानकारी लिनुभयो । अभियानलाई घनिभूत रूपमा जारी राख्न निर्देशन पनि दिनुभयो ।

महासचिव किरणले ७ नं. प्रदेशले सीमा निरीक्षणसम्बन्धी ११ दिनसम्म चलाएको अभियान, सीमा अतिक्रमण लगायतका विरोध कार्यक्रम उल्लेखनीय रहेको बताउनु भएको बुझिएको छ भने ५ नं. र ४ नं. प्रदेशमा अझै घनिभूत रूपमा अभियान चलाउन निर्देशन दिएको पनि सम्बद्ध स्रोतले जानकारी दिएको छ । ०७४ माघदेखि जेठ मसान्तसम्म क्रान्तिकारी माओवादी संगठन विस्तार तथा जनपरिचालन अभियान लिएर जनता माझ गइरहेको छ ।

### कार्लमार्क्सको २०० औं जन्मदिवसको अवसरमा क्रान्तिकारी माओवादीद्वारा जारी अपील


# 'कार्लमार्क्सले देखाएको बाटोमा दृढतापूर्वक अगाडि बढौं'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले मार्क्सवादका प्रवर्तक, विश्व सर्वहारावर्गका महान गुरु तथा नेता कार्लमार्क्सको २०० औं जन्मदिवसको अवसरमा एक वक्तव्य जारी गर्दै कम्युनिष्ट क्रान्तिकारी कमरेडहरूलाई मार्क्सले देखाएको क्रान्ति र मुक्तिको महान ऐतिहासिक यात्रा पूरा गर्ने बाटोमा अविचलित निष्ठा, साहस तथा दृढसंकल्पका साथ अगाडि बढ्न सार्वजनिक अपील गर्नुभएको छ ।

शनिबार जारी गरिएको वक्तव्यमा भनिएको छ, "मार्क्सवाद विश्वसर्वहारावर्ग र उत्पीडित जनसमुदायको अपराजेय विजयको सैद्धान्तिक हतियार हो । प्रतिक्रियावाद र संशोधनवादले जतिसुकै ठूलो हमला गरुन्, मार्क्सवाद तिनको प्रतिकार गर्दै अगाडि बढ्न समर्थ छ ।" वक्तव्यमा अपील गरिएको छ, "आरदणीय सर्वहारावर्ग तथा उत्पीडित जनमुदाय र सम्पूर्ण कमरेडहरू मार्क्सले देखाएको क्रान्ति र मुक्तिको महान ऐतिहासिक यात्रा पूरा गर्ने बाटोमा अविचलित निष्ठा, साहस तथा दृढसंकल्पका सथा अगाडि बढौं ! विश्व सर्वहारा क्रान्ति र नेपाली नयाँ जनवादी तथा समाजवादी क्रान्तिको विजय निश्चित छ ।"

"मार्क्सले देखाएको बाटोमा दृढतापूर्वक अगाडि बढौं !" शीर्षक दिएको वक्तव्य तथा सार्वजनिक अपिलको पूर्ण पाठ यस्तो रहेको छ : "आज ५ मई कार्लमार्क्सको जन्मदिवस हो । मार्क्सवादका प्रवर्तक, विश्व सर्वहारावर्गका महान शिक्षक तथा नेता कार्लमार्क्सको जन्म ५ मई, १८१८ मा जर्मनी ट्रियर नगरमा भएको थियो । आज मार्क्स जन्मिएको दुई सय वर्ष र मार्क्स ऐंगेल्स लिखित कम्युनिष्ट पाटीको घोषणा पत्र प्रकाशित भएको १७० वर्ष पूरा भएका छन् । यी वर्षहरूमा मार्क्सको सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित हुँदै र भीषण वर्गसंघर्ष तथा अन्तरसंघर्षका आरोह अवरोहमय ऐतिहासिक यात्रालाई



पार गर्दै वैज्ञानिक समाजवाद-साम्यवाद प्राप्तिको दिशामा सान्दार ढंगले अगाडि बढिरहेको छ । यद्यपि विश्व सर्वहारावर्गले क्रान्ति र मुक्तिको ऐतिहासिक मिसन पूरा गर्ने प्रक्रियामा प्रतिक्रीन्तका अनेकौं धक्काहरू खानु, व्यहोर्नु परेको छ । परन्तु, यो क्षणिक तथा अस्थायी कुरा हो । मार्क्सवाद विश्वसर्वहारावर्गको मुक्तिको सर्वाङ्गिण तथा अपराजेय सिद्धान्त हो र त्यसको विजय यात्रा भीषण संघर्षका बीचबाट अगाडि बढ्ने गर्दछ ।

नेपाली क्रान्ति र कम्युनिष्ट आन्दोलनको इतिहासमा पनि मार्क्सवादको विजय यात्रा भीषण संघर्षको प्रक्रियाका बिचबाट अगाडि बढिरहेको छ । मार्क्सवाद विश्वसर्वहारावर्ग र उत्पीडित जनसमुदायको अपराजेय विजयको सैद्धान्तिक हतियार हो । प्रतिक्रियावाद र संशोधनवादले जतिसुकै ठूलो हमला गरुन्, मार्क्सवाद तिनको प्रतिकार गर्दै अगाडि बढ्न समर्थ छ । आरदणीय सर्वहारावर्ग तथा उत्पीडित जनमुदाय र सम्पूर्ण कमरेडहरू मार्क्सले देखाएको क्रान्ति र मुक्तिको महान ऐतिहासिक यात्रा पूरा गर्ने बाटोमा अविचलित निष्ठा, साहस तथा दृढसंकल्पका साथ अगाडि बढौं ! विश्व सर्वहारा क्रान्ति र नेपाली नयाँ जनवादी तथा समाजवादी क्रान्तिको विजय निश्चित ...बाँकी ८ पेजमा

## विश्वका १४ वटा पार्टीद्वारा संयुक्त वक्तव्य जारी

काठमाडौं । १२९औं मे दिवस, कार्लमार्क्सको २०० औं जन्म दिवस र मार्क्स र एङ्गेल्सद्वारा लिखित 'कम्युनिष्ट घोषणा पत्र'को प्रकाशनको १७०औं वर्ष पूरा भएको अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी)सहित विश्वका १४ वटा पार्टीहरूद्वारा संयुक्त रूपमा वक्तव्य जारी गरिएको छ । वक्तव्यमा 'मार्क्सवाद-लेनिनवाद-माओवाद नै हाम्रो युगको मार्क्सवाद हो, यो नै विश्वभरिका कम्युनिस्टहरू एकताबद्ध हुने आधारभूत आधार हो ।' भन्दै 'मार्क्सले अघि सार्नुभएको महान् नारा– 'विश्वभरिका सर्वहाराहरू एक होऔं । यो नै सर्वहारा अन्तर्राष्ट्रवादको रातो झण्डा हो, यो नै नयाँ कम्युनिस्ट अन्तर्राष्ट्रियको... बाँकी ७ पेजमा

## सीमा अतिक्रमणको विरोध गर्दा २४ घण्टा प्रहरी हिरासतमा

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी)ले कञ्चनपुरको सीमा क्षेत्र पुनर्वास-९ बीचफाटमा भारतीय सीमा सुरक्षाबलले गरेको सीमा अतिक्रमण र ज्यादतीको विरोधमा मसाल जुलुससहित गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गऱ्यो । प्रहरीले मसाल जुलससहित गरिएको विरोध प्रदर्शनमाथि हस्तक्षेप गरी जिल्ला सेक्रेटरी हरि सुवेदी, सहसेक्रेटरी विश्वराम दमाई, अखिल (क्रान्तिकारी) का ७ नं. प्रदेश संयोजक रामबहादुर महरा, अखिल (क्रान्तिकारी)का जिल्ला अध्यक्ष तारा पन्त, जिल्ला सहसचिव माधव भट्ट, चन्द्रलाल डगौरालगायत १२ जना नेता कार्यकर्ताहरूलाई गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएका नेता कार्यकर्ताहरूलाई... बाँकी ७ पेजमा

## "ओली सरकारले भारतीय विस्तारवादको नाङ्गो दलाली गऱ्यो"

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेल'प्रतीक'ले एक वक्तव्य जारी गरी भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमणको विरोधमा मशाल जुलुसहित गरेको विरोध प्रदर्शनमाथि गरिएको प्रहरी दमनको घोर विरोध एवम् भर्त्सना गर्नुभएको छ र ओली सरकारले भारतीय विस्तारवादको नाङ्गो दलाली गर्ने राष्ट्रवादी शक्तिमाथि यसरी दमन गरेको दावी गर्नुभएको छ ।

बिहीबार साँझ जारी गरिएको वक्तव्यमा भनिएको छ, 'कञ्चनपुरको पुनर्वास सीमा क्षेत्रमा भारतीय पक्षबाट भएको सीमा... बाँकी ४ पेजमा

## देशैभर ऱ्यालीसहितको सभा गरेर मनाइयो मजदुर दिवस

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले देशैभर ऱ्याली र जुलुससहितको सभा गरेर १२९ औं अन्तर्राष्ट्रिय मजदुर दिवस देशैभर मनाएको छ । प्राप्त जानकारी अनुसार महासंघको केन्द्रीय समितिको आयोजनामा काठमाडौंको सुन्दराबाट नारा जुलुसहितको ऱ्याली निकालियो र ऱ्याली ललितपुरको कुपण्डोल पार्टी कार्यालयमा पुगेर सभामा परिणत भयो । मजदुरहरूले मई दिवस जिन्दावाद, जनवादी क्रान्ति जिन्दावाद, नो वर्क नो पे- खारेज गर, मजदुर एकता जिन्दावाद लगायतका नाराहरू लगाइएका थिए ।

कुपण्डोलको सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका... बाँकी ७ पेजमा

## महासचिव किरणद्वारा लिखित 'हिमाली दर्शन' सार्वजनिक



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव समेत रहनु भएका बरिष्ठ सौन्दर्य चिन्तक मोहन वैद्य'किरण'द्वारा लिखित 'हिमाली दर्शन' नामक पुस्तकको सार्वजनिकीकरण गरिएको छ । पुस्तक प्रकाशन गर्ने संस्था साझा प्रकाशनले आफ्नै भवनको परिसरमा आयोजना गरेको ' हिमाली दर्शनको सार्वजनिकीकरण तथा अन्तरसंवाद' कार्यक्रमको 'चैतन्य' साहित्यिक नामले परिचित किरणले पानसमा बत्ती बालेर उद्घाटन गर्नुभएको थियो । पूर्वीय दर्शनमा आधारित रहेर तयार पारिएको... बाँकी ४ पेजमा

## 'मोदीलाई 'अरुण तेस्रो'को शिलान्यास गर्न दिनुहुँदैन'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले मुलुकमा राष्ट्रवादको नाममा राष्ट्रघाती तत्वहरू हावी भएको भन्दै अरुण तेस्रोको शिलान्यास गर्न नेपाल आउन लागेका भारतीय प्रधानमन्त्री मोदीलाई अरुण तेस्रोको शिलान्यास गर्न दिन नहुने र उनलाई कालोमसो दलेर स्वाभीमानी नेपालीहरूले लखेट्नुपर्ने विचार व्यक्त गर्नुभएको छ ।



ओली र प्रचण्डको राष्ट्रघाती चरित्रको चर्चा गर्दै अध्यक्ष गजुरेलले विगतका सबै राष्ट्रघाती सन्धिसम्झौताहरू अक्षरशः कार्यान्वयन गर्ने बाचा गरेर दिल्लीबाट फर्केका ओलीले मोदीको हातबाट अरुण तेस्रोको शिलान्यास गराउन खोजेर गम्भीर राष्ट्रघात गरेको टिप्पणी गर्नुभयो ।

पार्टी निकट अखिल नेपाल क्रान्तिकारी ...बाँकी ८ पेजमा

## मोदीको भद्दा दलाली

काठमाडौं । नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीको निमन्त्रणामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको दुईदिने राजकीय भ्रमणमा यही वैशाख २८ गते काठमाडौं आउने भएका छन् । ओली नेतृत्वको केन्द्र र प्रदेश सरकारले मोदीको स्वागतको नाममा भद्दा दलाली झल्कने कार्य गरेको छ । २ नं. प्रदेशले मोदीको भ्रमणको दिन प्रदेशमा सार्वजनिक विदा नै दिने निर्णय गरेको छ भने मोदीको नागरिक अभिनन्दन गर्न प्रत्येक जिल्लाबाट कम्तिमा १० हजारको दरले करिब १ लाख जनता उतार्ने तयारी गरिरहेको छ । सरकारले करिब १ करोड त नागरिक अभिनन्दनका लागि भनेर मञ्च बनाउनमै खर्चेको छ । २ नं. प्रदेशको राजधानी जनकपुरको चोक चोकमा प्रदेश सरकारले मोदीको फोटोको ब्यानर झुण्ड्याएको छ र मोदीको भद्दा चाकडी गर्दै ब्यानरमा लेखिएको छ, "धन्यवाद जो आप पधारे धन्य, धन्य है यह आँगन, स्वागत पुष्प स्वीकार करे, धन्य प्रदेशका जन जन मन"

मोदीको स्वागत र जनकपुर भ्रमण सफल पार्नका २ नं. प्रदेश सरकारले विहारबाट मात्र ३० हजार जनता आउने अनुमान प्रदेश सरकारले गरेको छ । त्यसका लागि विभिन्न संगठनहरूले पहल गरिरहेको बताइएको छ । विहारका राजनीतिक दलका नेता, विभिन्न संघ संगठनले पनि साथ दिइरहेको बताइएको छ । भारतीय जनता पार्टीमा आवद्ध विहारका कार्यकर्ताहरू पनि आउने बताइएको छ । अभिनन्दन कार्यक्रम सफल पार्न हिन्दु सम्बद्ध संघ संस्था र आरएसएसका कार्यकताले समेत सहयोग गरिरहेको बुझिएको छ ।

मोदी काठमाडौं नआएर सिधै जनकपुर आउँदैछन् । यसलाई कतिपयले नेपाल सरकारमाथिको अपमानको अर्थमा पनि विश्लेषण गरेका छन् । मोदीको स्वागत गर्न राष्ट्रपति, प्रधानमन्त्री, उपराष्ट्रपतिलगायत सुरक्षा प्रमुखहरू जनकपुर जाने तयारीमा छन् ।

सोही दिन प्रधानमन्त्री ओलीले आफ्ना... बाँकी ६ पेजमा

## सरकार र सिन्डिकेटवालाहरू बीचको संघर्ष : एक टिप्पणी

**यो झगडा सरकार र यातायात व्यवसायीको भन्दा पनि वास्तवमा यातायात क्षेत्रमा आफ्नो एकाधिकार कायम गर्दै आएका पुराना यातायात व्यवसायी र यातायात क्षेत्रमा लगानी गर्न चाहने नयाँ पुँजीपतिहरू बीचको अन्तरविरोधको चरम रूप हो**



● रामसिंह श्रीस ●

सिन्डिकेट प्रणालीलाई लिएर अहिले सरकार र सिन्डिकेट पक्षधर यातायात व्यवसायीको बीचको अन्तरविरोध चरम उत्कर्षमा पुगेको छ । सरकारले कडा कदम चालेपछि सिन्डिकेट पक्षधर यातायात व्यवसायीहरूले आन्दोलन फिर्ता लिएको घोषणा गरेका छन् ।

यो झगडा सरकार र यातायात व्यवसायीको भन्दा पनि वास्तवमा यातायात क्षेत्रमा आफ्नो एकाधिकार कायम गर्दै आएका पुराना यातायात व्यवसायी र यातायात क्षेत्रमा लगानी गर्न चाहने नयाँ पुँजीपतिहरू बीचको अन्तरविरोधको चरम रूप हो । पहिलेदेखि नै यातायात क्षेत्रमा एकाधिकार जमाइराखेका यातायात व्यवसायीहरूले नयाँ पुँजीपतिवर्गलाई यो क्षेत्रमा प्रवेश गराउन चाहन्नथे । किनभने नयाँ पुँजीपतिवर्ग यस क्षेत्रमा प्रवेश गर्दा उनीहरूको नाफामा कमी आउँथ्यो । त्यसैले उनीहरूले यातायात क्षेत्रमा नयाँ व्यवसायीलाई आउन नदिने आए पनि उनीहरूकै मातहत आउने व्यवस्था गराउन चाहन्थे । यता नयाँ पुँजीपतिहरू यातायात क्षेत्रमा प्रशस्त नाफाको सम्भावना रहेकोलले त्यसमा लगानी गर्न चाहन्थे । र स्वतन्त्र रूपमा आफ्नो व्यवसाय चलाउन चाहन्थे । यही परस्पर विरोधी स्वार्थका कारण यातायात क्षेत्रमा कब्जा जमाएका पुराना यातायात व्यवसायी र यातायात क्षेत्रमा नयाँ लगानी गर्न चाहने पुँजीपतिहरूको बीचको संघर्ष चर्केको हो । यो संघर्ष यसपाली मात्र होइन वर्षौअघिदेखि चल्दै आएको थियो । पहिलेको सरकारले यातायात क्षेत्रमा लगानी गर्न चाहने पुँजीपतिहरूलाई सहानुभूति दिएजस्तो गरेता पनि मूलतः पुरानै एकाधिकार जमाएका पुँजीपतिहरूलाई नै सहयोग गर्थ्यो तर यसपाली सरकारले यातायात क्षेत्रमा लगानी गर्न चाहने नयाँ पुँजीपतिहरूलाई सहयोग गऱ्यो, जसले गर्दा सिन्डिकेट प्रणाली समाप्त हुने सम्भावना बढी देखिएको छ ।

अहिले सरकारले चालेको कदमबाट सर्वसाधारा जनता र यातायात क्षेत्रमा काम गर्ने मजदुरहरूलाई केही शान्त हुनेछ । त्यस अर्थमा सरकारको कदमलाई सही मान्नुपर्दछ । तर आधार भूत रूपमा सर्वसाधारण जनता र श्रमिकहरूलाई फाइदा भने पुग्ने छैन । किनभने कम्पनी बनाएर यातायात सञ्चालन गरेता पनि यातायात क्षेत्रमा लगानी गर्ने पुँजीपतिहरूले पनि मुख्यतः नाफालाई नै अगाडि राखेर काम गर्दछन् । उनीहरूको पनि मुख्य उद्देश्य नाफा कमाउने नै हुन्छ । त्यसैले कम्पनी बनाएर प्रतिस्पर्धामा यातायात चलाएता पनि सर्वसाधारण जनतालाई आधारभूत रूपमा फाइदा पुग्ने छन् । त्यसकारण जनताले जनताकै हितमा चल्ने यातायात... बाँकी ४ पेजमा

## सम्पादकीय

# मार्क्स र घोषणापत्र

“अहिलेसम्मका सबै वर्गहरूको आफूले सत्ता प्राप्त गरेपछि सम्पूर्ण समाजलाई अफ्नो शोषण पद्धतिको जाँतोमा पिस्नको लागि अनूकूल अवस्था पैदा गर्दै जीवनमा उनीहरूले पाइसकेको स्थानलाई बलियो तुल्याउने कोसिस गरे । सर्वहारा वर्ग भने आफ्नो अहिलेको शोषणपद्धतिलाई नष्ट गरेर मात्र सामाजिक उत्पादक शक्तिहरूको स्वामी बन्न सक्छ । सर्वहारा वर्गसँग सुरक्षा र हिफाजत गर्नुपर्ने आफ्नो भन्ने केही पनि छैन । उसको मूल उद्देश्य निजी सम्पत्तिसित सम्बन्धित पहिलेका सबै चिजहरूलाई सुरक्षित र सुनिश्चित गर्ने कुरालाई नष्ट गर्नु हो ।

अहिलेसम्म सञ्चालित सबै आन्दोलनहरू अल्पमतका आन्दोलन थिए अथवा अल्पमतको हितको लागि भएका थिए । सर्वहारा आन्दोलनचाहिँ विशाल बहुमतको हितको लागि विशाल बहुमतद्वारा गरिएको आत्मसचेत आन्दोलन हो । सर्वहारा वर्ग आधुनिक समाजको सबैभन्दा तल्लो तह हो । उसले आफूभन्दा माथिल्लो तहमा रहेका सम्पूर्ण सत्तारुढ समाजका ढाँचाहरूलाई ध्वस्त नपारिकन माथि उठ्न र जीउ सोझ्याउन सक्दैन ।

पुँजीपति वर्गका विरुद्ध सर्वहारा वर्गको सङ्घर्ष सारतत्वका दृष्टिले नभए पनि सुरुमा राष्ट्रिय सङ्घर्ष हुन्छ । हरेक देशको सर्वहारा वर्गले निश्चय पनि सबैभन्दा पहिले आफ्नै पुँजीपति वर्गलाई खतम पार्नु पर्छ ।

अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजहरू उत्पीडक र उत्पीडित वर्गहरूबीचको अन्तरद्वन्द्वमा अन्तर्द्वन्द्वमा आधारित थिए भने हामीले थाहा पायौं । तर कुनै पनि वर्गलाई उत्पीडन गर्नको लागि यस्तो अवस्थाको आवश्यकता हुन्छ, जसमा ऊ कम्तीमा पनि दासको रूपमा जीवन धान्न सकोस् । भूदास अवस्थाको युगमा भूदासले कम्युनको सदस्यको स्थितिसम्म पुग्न पाएको थियो , ठीक त्यसरी नै जसरी सामन्तवादी निरंकुशताको जुवामुनी पुँजीपतिको स्थानसम्म निम्न-पुँजीवादी पुगेको थियो । यसको विपरीत, आधुनिक मजदुरले भने उद्योगको प्रगतिको साथसाथै उन्नति गर्दैन, बरु आफ्नो वर्गको अस्तित्वको लागि आवश्यक अवस्थाको स्तरभन्दा पनि ऊ ज्यादै तल झर्छ । मजदुर कङ्गाल बन्न पुग्छ र गरिबी चाहिँ जनसंख्या र सम्पत्तिभन्दा पनि द्रुत गतिले बढ्दैजान्छ । पुँजीपति वर्ग अब समाजको शासक वर्ग बनेर बस्न र सारा समाजमाथि आफ्नो वर्गको अस्तित्वको अवस्थालाई अनिवार्य कानुनका रूपमा लाद्न असमर्थ छ भनेर यसले प्रस्टरूपमा देखाउँछ । पुँजीपति वर्ग शासन गर्न अयोग्य छ, किनभने उसले आफ्नो दासलाई दासकै स्तरको अस्तित्व राख्नेसमेत सम्भावना प्रदान गर्न सक्दैन, किनभने पुँजीपति वर्गले आफ्ना दासलाई यस्तो अवस्थामा झर्न दिन बाध्य हुनु परिरहेको छ, जब आफू दासको उपार्जनबाट पालिनुको सट्टा ऊ आफैँले दासलाई पाल्नुपरेको छ । अब समाज पुँजीपति वर्गको प्रभुत्वमा बस्न सक्दैन, अर्थात् उसको अस्तित्वले अब समाजसँग सामन्जस्य राख्दैन ।

व्यक्तिगत धनसञ्चय, पुँजीको निर्माण र बृद्धि पुँजीपति वर्गको अस्तित्व र प्रभुत्वको मुख्य आधार हो । पुँजीको अस्तित्वको आधार नै ज्यालादारी श्रम हो । ज्यालादारी श्रम पूरापूर मजदुरहरूको आपसी प्रतिस्पर्धामा निर्भर गर्दछ । पुँजीपति वर्ग उद्योगको उन्नति गर्न बाध्य हुन्छ, यसलाई रोक्न ऊ असमर्थ हुन्छ । यस उन्नतिले प्रतिस्पर्धाद्वरा उत्पन्न हुने मजदुरहरूको फूटको स्थानमा सङ्गठनको माध्यमबाट उनीहरूमा क्रान्तिकारी एकता ल्याउँछ । यसप्रकार, विशाल उद्योगको विकाससले पुँजीपति वर्गको पैताला मुनिबाट त्यो जग नै भत्काइदिन्छ, जसको आधारमा उसले वस्तुको उत्पादन र शोषण गर्दछ । पुँजीपति वर्गले सर्वप्रथम आफ्नै चिहान खन्नेहरूलाई उत्पन्न गर्छ । उसको पतन सर्वहारा वर्गको विजय समान रूपमा अनिवार्य छ ।”

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# सुन तस्करसँग जम्काभेट



● कमल चौधरी ●

सबै खबरलाई ओझेलमा पार्दै नेपाली पत्रकारितामा अहिले ३३ किलो सुन तस्करी र सनम शाक्य हत्याकाण्डले प्रमुखता पाएको छ । नेपाल प्रहरीका माथिल्लादेखि तल्लोतहका कर्मचारीको संलग्नता सुनको व्यवस्थापक भनिएका सुन तस्कर चुडामणि उप्रेती उर्फ गोरेसँग रहेको रहस्य खुलेको छ । बहालवाला एसएसपी, एसपी, डिएसपी, सई र प्रहरी जवान तथा अवकाश पाएका डिआइजीसहित सुन तस्करीका लगानीकर्ता योजनाकार र सहयोगीसहित ६३ जनालाई अभियुक्त बनाउँदै जिल्ला प्रहरी कार्यालय मोरङले जिल्ला अदालत मोरङमा अभियोगपत्र दर्ता गराएको छ । हल्लैहल्लाको देशलाई यस घटनाले जरैदेखि हल्लाएको छ । लहराले पहरा र पहराले पहाडै ढाल्ने त होइन ? त्यस्तो शंका उत्पन्न गराएको छ । भ्रष्टाचार, चोरी, तस्करी निरन्तर हुँदै आएको र विगतमा पञ्चायतकालमा पनि थाहा लागेको हो । संयोगले अहिले संगठित अपराधको ठूलो सञ्जाल फेला परेको छ । यो नयाँ सरकार, नयाँ प्रहरी नेतृत्वको तस्करहरूसँगको जम्काभेट हो ।

नेपाल गरिब छ, नेपाली निर्धन छ तर आकांक्षा दर्बिलो छ । सुन यहाँको संस्कृतिसँग जोडिएको धातु हो । पूँजा-अनुष्ठान, जिन्दगी, मृत्यु सबै संस्कारमा सुन चाहिन्छ । देवी-देवताको मन्दिरको सुनको जलप भएको छाना, भगवानलाई सुनको आसन, सुनको मुकुट, मर्दा, सुन चोख्याउँदा सुनपानी, ठूलाठालुको औंलामा सुनको औंठी, सम्भ्रान्त घरानियाँ महिलाको गलामा सुनको नेकलेस, नारीमा सुनको बाला, राज्यकोषको गारेन्टी सुन । सुन बिना त सबै शून्य । मान्छेभन्दा सुनको मूल्य माथि । सुनै सुनको संस्कृती छ, तर सर्वसाधारण जनता बुझ्ो छ ।

तस्करी-चोरी किन मौलायो ? जब सुगम मार्ग प्रयोग गरेर कुनै वस्तु प्राप्त हुँदैन अनि अप्ठेरो बाटो रोज्ने न हो । त्यो नि यसै समाजको सदस्यले आवश्यकता महसुस गरेकोले हो । यदि त्यस्तो नभईदिएको भए बिनालाभ कसले र किन गर्थ्यो त्यस्तो जोखिमयुक्त धन्धा ? यो समाजलाई वर्गीय समाज भनिन्छ । एउटा वर्ग काम गर्छ, दुःखले जीवन धान्छ । उसको आवश्यकता सीमित छ । अर्को वर्ग सम्पन्न छ । आफू श्रम गर्दै, अर्काको श्रम शोषण गर्छ तर त्यत्तिले पनि त्यो सन्तुष्ट छैन । त्यसको आकांक्षा र आवश्यकता असीमित छ । त्यही वर्गको सन्तुष्टिको निम्ति वैध अवैध व्यापार व्यवसायको धन्धा हुने गर्छ । त्यसैले माफिया, तस्करीजस्ता अवैध धन्धाको जन्म दिने, विकसित पार्दै लैजाने पुँजीपति वर्ग हो । अहिले माफिया, तस्करको सञ्जाल विश्वव्यापी छ । सबै क्षेत्रमा त्यसको पहुँच छ । उसको आवश्यकताअनुसार उसले राजनीतिक, गैरराजनीतिक जुनसुकै घटना गराउन सक्छ । अण्डरवर्ल्डका नाइकेहरूविरुद्ध रेडकर्नर नोटिश जारी भएको सुनिन्छ, तर गिरफ्तारीमा परेको सुनिन्न । के इन्टरपोल त्यति कमजोर छ ? होइन । नेपाल प्रहरी पनि कमजोर छैन तर उच्चस्तरको बहालवाला प्रहरी अधिकृत नै तस्करीको काममा स्कर्टिङ गर्छ भने के लाग्छ ? अण्डरवर्ल्डको स्थिति त्यस्तै छ ।

माफिया योजनाभित्रै तेस्रो विश्वयुद्धको लागि अमेरिकालाई उचाल्ने काम भयो भने कुनै अचम्म मान्नुपर्ने छैन । सिरियाको रासायनिक हतियार मुद्दा छँदैछ । अर्को जैविक हतियार थप पुग्छ । तेल र सप्लाई मार्गमा अमेरिकाले चाहेको एकलौटी आधिपत्यको योजना पूरा भयो भने अमेरिकी नजरबाट आतंकवाद र माफिया सबै चोखिन्छ । अमेरिकाले लागुऔषध र हतियार नियन्त्रण गर्न संसारलाई दवाव दिन्छ तर संसारका आपराधिक घटनाहरूमध्ये अधिकांशमा अमेरिकी हतियार प्रयोग हुने गर्छन् । अमेरिकाले आतंकवादको विरोध गर्छ तर तिनै आतंककारीले अमेरिकी हतियार प्रयोग गर्छन् । लागुऔषधको व्यापारमा भूमिगत अमेरिकी व्यापारी हुने गर्छन् । पश्चिमी पुँजीवादी देशमा लागुऔषधीका माग नभए अर्बौका धन्धा चल्ने थिएन । पुँजीवादी समाजका एउटा जटिल समस्या स्वेतवस्त्रधारी अपराध हो । सार्वजनिक रूपले उच्चपदमा आसीन व्यक्ति वा भद्र आदर्शवादी देखिने मान्छे अपराधिक धन्धामा जोडिएका हुन्छन् । पश्चिमी पुँजीवादी समाज व्यक्तिवादी समाज हो । व्यक्तिको हित र स्वार्थ बाहेक सामाजिक हितको चिन्ता दोस्रो नम्बरमा पर्छ । व्यक्ति आफ्नो हितको निम्ति अन्तरमुखी हुन्छ ।

भारतमा ब्रिटिश उपनिवेशपछि र दलालीको अभ्यासपछि नैतिक स्खलनले भारतमा त्यस प्रकारको अपराधिक मानिसकताको विकास गऱ्यो । नेपालको सामन्ती व्यवस्थाले चाकडी प्रवृत्तिलाई महत्व दियो तर उसको काम र कर्तव्यप्रति बढी सतर्क पार्ने गरेकोले सरकारी सेवामा रहेका व्यक्ति मात्र मालिकका आज्ञाकारी थिए । सामन्ती दासत्वले गर्दा नेपाली समाज कुण्ठित अवश्य थियो, तर आपसी सहयोग र सद्भावमा चल्ने सरल समाज थियो । यद्यपि हिन्दू धर्मले केही विभेद उत्पन्न गराएको थियो ।

००७ सालमा राणा शासनको अन्त्य भयो तर सामन्ती व्यवस्था यथावत नै रह्यो । ०१५ सालको नियन्त्रित संसदीय निर्वाचनपछि थोरै खुलापन आए पनि शासकीय प्रवृत्ति नयाँ प्रकारले देखा पऱ्यो । सामन्ती र दलाल पुँजीपतिवर्गको शासन प्रारम्भ भयो । थोरै अधिकारको कुरा गर्ने वातावरण बन्न थाल्यो, तर राजा महेन्द्रद्वारा ०१७ सालमा नियन्त्रित संसदीय व्यवस्थाको विघटनपछि ३० वर्षसम्म... *बाँकी ३ पेजमा*

## झर्रोटर्रो

कैलुब्राह

# तुम शेर हम सवाशेर

यतिखेर नेपाल मण्डलमा मनुखे ओसार पसार गर्ने चारपङ्ग्रेका मालिकहर्को सिण्डिकेटको विषयले आकाश जमीन थर्काएको छ । हुन पनि यी सिण्डिकेटेहर्ले सिण्डिकेट पनि अचाक्लीसँग लगा’का थे । सिण्डिकेट पनि एकादुई थरी मात्रै काँ’ हो र । कति हो कति थरीको । लौ हेर्नुस् कति थरीको सिण्डिकेट भोगिरा’थ्यौं हाम्ले ।

एक- त्यो मनुखे ओसार्ने जिनिसको नाउँ चाहिँ बस भन्दारान, तर त्याँ बस्न त काँ’पाई सिन्की खाँदेझैँ खाँदिएर उठ्नु पर्ने । नाउँ भने बस, काम भने उठ । त्यो पनि भालेपोथी एकै ठाउँ ठेलाठेल गरेर । भालेले पोथीलाई केके जाति पोथीहिँसा गर्ने, पोथीले पनि भालेजातिलाई केके जाति भालेहिँसा गर्ने गरी कोच्ने । बस भनेको ठाउँमा उठेर यात्रा गरे पनि पैसा बसेका र उठेकासँग बराबरै लिने । यो पहिलो सिण्डिकेट ।

दुई - चढ्नेबेला आफू जाँ उभिया छ त्याँ रोकेर चढाउने तर झर्नेबेला तिन्ले भनेको ठाउँमा मात्रै झर्न पर्ने । यो दोस्रो सिण्डिकेट ।

तीन - यात्रुसित झगडा गरेर भे पनि उतिखेरै पैसा झार्ने । लिनेबेला एक पैसा पनि नछोर्ने, तर पसेन्जर्ले ज्याला भन्दा ठूलो नोट दियो भने फिर्ता दिन विर्सिने, माग्यो भने ऐले पख भनेर हकार्ने । यो तेस्रो सिण्डिकेट ।

चार - लामो दूरीको यात्रा गर्ने बेला एउटै सीटमा दुई तीन जनाको टिकेट काटेर यात्रुलाई झगडा र मारमुङ्ग्री मच्चाइदिने । सीट नपाएकोले जान्न म त पैसा फिर्ता दे भन्यो भने सकेसम्म नदिने । कथम् दिनै परे आधा पैसा काटेर मात्रै दिने र बाटैमा अलपत्र पारिदिने । फेरी आर्को गाडि चढ्न मुस्किल पारिदिने । यो चौथो सिण्डिकेट ।

पाँच - लामो दूरीका गाडिमा चढेको बेला पसेन्जरहर्लाई दिशा पिसाव लाग्यो भने पनि रोकिदेऊ भनेको ठाउँमा नरोकेर तिनको दिशा पिसाव पेट भित्रै थुनेर सिण्डिकेट लाउने । डाइबर र उसका आसेपासेले चाहिँ जाँ पायो त्यैँ रोकेर छिटो पुग्नु पर्ने पसेन्जरलाई हैरान पारेर सताउने । यो पाँचौ सिण्डिकेट भयो ।

छ - लामो दूरीमा हिँडेको बेला भात खाने ठाउँमा पनि डाइबर र तिनका मालिकले तोकेको ठाउँमा लगेर गाडि रोक्ने । अनि खाए खा नखाए घिच भनेर घिचाउने । खाना पनि भैँसीले खाने दाना जस्तो बासी कासी सासी घिच्न पर्ने । अनि पैसा तिर्नेबेला फेण्टै भएर ढल्ने जस्तो पैसा तिराउने । त्यो पनि समयमा भे हुन्थ्यो । रातीको समयमा बार एक बजेतिर र दिउँसकाले पनि एकदुई बजेतिर । त्यतिबेलासम्म त हामी नेपाली मनुखेको त भोक पनि मरेर सुकेर पाताल धसिइसकेको हुन्छ । त्यै पनि भुँडीलाई सकुशल घर पुऱ्याउनका लागि खाइदिनै पर्ने । आफूहर्ले भित्र गएर केके जाति खाने र उल्टै होटेल मालिक (बैधानिक लुटेरा, किनकि खाना नास्ताको नाउँमा पसेन्जरबाट गाडिको आधा भाडा जति पैसा असुल्ने भएकाले) बाट कमिसन खाने । यो छैटौँ सिण्डिकेट भयो ।

सात - एउटा बसपार्कमा जतिवटा समितिका गाडि भे पनि एउटै डायलमा चल्ने हुँदा तिनरुले भनेकै समयमा, तिनरुले भनेकै सिटमा, तिनरुले मागेकै भाडामा र तिनरुले भनेकै गाडिमा चढ्नु पर्ने । यो सातौँ सिण्डिकेट भयो ।

आठ - टिकेट काट्न सबै भन्दा पहिला गएपनि सिट चार्टका अगाडिका सिट सबै कोतरेर देखाउने र अगाडिका सिट सबै गैसक्या छन् भनेर पछाडिबाट टिकेट काट्न वाध्य पार्ने । पछि काउण्टरका कारिन्दा र डाइबरका आफ्ना पसेन्जर आए भने तिनलाई राम्रा सिटको टिकेट काटिदिने । बस हिँडिसकेपछि पनि अगाडिका सिट खाली नै भयो भने पछाडिका सिटमा बस्न वाध्य भा’को पसेन्जरले अगाडि खाली रैच म अगाडि बस्छु भन्यो भने उसलाई तिम्रो जाँ टिकेट काट्या छ त्यैँ बस भन्ने । अगाडि खाली हुँदाहुँदै किन मलाई पछाडिको सिट दे’को भन्यो भने त्यो कण्डक्टरले यो मैले गऱ्या हैन भनेर उम्किने । अगाडि बस्नै नदिने । बाटामा छोटा छोटा दूरीकालाई चढाएर बसाल्ने । यो आठौँ सिण्डिकेट भयो ।

नौ - लामो दूरीको गाडि स्पेसल, ननस्टप आदि भनेर लेख्ने । गाडि चल्यो भने ददस मिटेरमा रोक्दै बोरामा आलु कोचेझैँ पसेन्जर कोचेर आठ घण्टामा पुग्ने ठाउँमा सोर घण्टा उस्तै परे डेढ दुई दिन लगाएर परेसान खेलाउने । यो नबौँ सिण्डिकेट भयो ।

दस - भाडा लिनेबेला एसी, फ्रि वाइफाइ, खानाको व्यवस्था, पानी र खाजाको केके जाती सुविधा भनेर साधारणको भन्दा चार पाँच सय बढ्ता लिने । बस हिँडेपछि एसी चलाऊ भनेर पसेन्जरले धेरै समयसम्म झगडा गर्नु पर्ने । बल्लबल्ल एसी लगाउने तर आधा घण्टा नहुँदै बन्द गरेर उकुसमुकुस पारेर सताउने । वाइफाइको नेटवर्क देखिने तर कनेक्सन नहुने । खाना खाने वेला साधारण गाडिसँगै भैँसीको दाना जस्तो घिचाउने । यो भयो दसौँ सिण्डिकेट ।

यसरी सिण्डिकेट कति हो कति बेहोर्नु पर्छ पसेन्जरले । सर्कार लागेर तिनको ढाड भाँच्न त खोज्यो । हाम्रो लागि त खुच्चिङ भन्न पाइयो । अघि गाउँमा कसैलाई गालि गर्नु पऱ्यो भने तेरा घरमा सर्कार लागोस् भन्थे । ऐले यी सिण्डिकेटेहर्लाई सर्कार लागेर ठिक भेटायो ।

सर्कारले यिनलाई डण्डाको सिण्डिकेट लगा’को त पसेन्जरले दुःख पाए भनेर हैन । यी सिण्डिकेटधारी व्यवसायीहर्ले आफूहर्ले मात्रै कमाए हाम्लाई कर तिरेनन् भनेर हो । यो लुटेरा सर्कारलाई कर तिरुन कि न तिरुन हामी पसेन्जरलाई तातो न छारो । बाल मतलव । यिनरुले पनि सर्कारमा बसेर सरकारी ढिकुटी लुटेकै छन् । भीख मागेर ल्या’को पनि खाएर सकेकै छन् । भुकम्पले थलिएकालाई दाताले दिएको त्रिपाल समेत लुछालुछ गर्नेले बजेट के बाँकी राख्ते । पसेन्जरले सिटामोल नपाएर मरिरहेका छन् । सुत्केरीहर्ले सिस्नो समेत खान नपाएर मरिरहेका छन् । यी सर्कारमा बसेका लुटेराहर्लाई सिगान आएपनि विदेश गएर आक्तोमुलोमै करोडौँ खर्च गर्चन् । यो जानेमानेकै कुरो हो ।

त्यसैले गाडिवालाहरू सिण्डिकेट लाउने शेर भएर देख्लास् सर्कार हाम्रो तागत भनेर एकदिन गाडि चलाउन रोके । सर्कार के कम । ऊ त झन् सवा शेर भएर पुलिसवाला सिण्डिकेट लाएर दसवीस जनालाई कोचकाच पाऱ्यो । ऐले पनि यिनरुलाई सवाशेरको हुङ्कार के गऱ्या थ्यो तलका सिण्डिकेटेहरू एकै दिनमा लत्रेर रुझेको विरालुझैँ भएर म्याउँ गर्दै गाडि चलाउन थाले ।

यो सवाशेरको लाइसन दे’को पनि तिनै तलका सिण्डिकेटे र तिनका आसेपासेहर्ले नै हो क्यारे । यो सवाशेरको सिण्डकेट पनि कम्ता छ र ? कति छन् कति । गनिसाध्यै छैन ।

एक - सर्कारी उद्योग जति तिनका बाउको अङ्स पा’को सम्पत्तीझैँ बेचेर नीजि उद्योगलाई मनपरी सिण्डिकेट लाउन दिए । आफ्नो देशको उत्पादन बन्द गराएर आर्काको मुलुकबाट सामान ल्याएर हाम्लाई महङ्गोमा किन्न वाध्य पारेको छ । यो पनि सर्कारकै सिण्डिकेटले हो ।

दुई - जताततै दलाल भर्ती गरेर हुँदाहुँदा सर्कार आफैँ दलाल बनेर रैती मनुखेलाई जहाँ पनि लुटेको छ । यो पनि सिण्डिकेटै हो ।

तीन - शिक्षा, स्वास्थ्यमा पनि सर्कारमा बसेका र तिनका आसेपासेहर्लाई नीजि खोल्न लगाएर सरकारी बन्द गराएर रैतीलाई लुट्न लगा’का छन् । र तिनबाट कमिसन हसुरेका छन् । रैतीले ओक्तोमुलो गर्नै नसक्ने र लालाबाला पढाउनै नसक्ने गरी पैसो असुल्न छुट दिएको छ ।

चार - सर्कारमा बसेका र बसिरहेका पाटीका लाउकेहर्ले एनजीओ र आइएनजिओहरू खोलेर विकासे कनिका छरेर बाहिरबाट आ’को र ह्याँको बजेट जति सबै हसुरेका छन् र देश झन् पछि झन् कङ्गाल बनाइराख्या छन् । यो पनि सिण्डिकेटै हो ।


पाँच - ऐले त झन् तलदेखि माथिसम्म तीन्टा सर्कार बनाएर रैतीलाई कर बढाएर, महङ्गी बढाएर रैतिहर्को हुर्मत लिएका छन् । यो सिण्डिकेट कस्ले तोड्ने ?

छ - काठमाण्डुको सिँहदर्बार गाउँसम्मै पुऱ्याएर डुङ्गुरका डुङ्गुर भ्रष्टाचार गरेका छन् । थानीय सर्कारलाई छोइ नसक्नु छ । विकासका नाउँमा आफैले डोजर किनेर आफ्नै हनुमानहर्को उपभोक्ता समिति बनाएर बजेट जति हसुरेका छन् । यो सिण्डकेट कस्ले हटाउने । यी त नमुना मात्रै हुन् सवाशेरको सिण्डिकेट । यस्ता त कति छन् कति । हजार भन्दा बढ्ता होलान् । एकएक गर्दै गन्ने हो भने । हजार जिह्वा भएका शेष नागले त गन्न सक्दैन यो नाथे कैलुब्राहले के सक्थ्यो । यस्ता शेर र सवा शेरवाला सिण्डिकेटेहरू पाल्ने हामी रैती मनुखे हैन ? बल्ल स्वाद भेट । यस्तालाई चुनाउमा लाइसन दिएर लुट्न पठाको हाम्ले हैन । लु... खा ।

*२२ वैशाख २०७५*

kailubraha73@gmail.com

# 'दार्शनिक साहित्यमा एउटा उत्कृष्ट उपलब्धि: 'हिमाली दर्शन'



● ईश्वरचन्द्र ज्ञवाली ●

*सर्वहारावर्गको मुक्ति र राष्ट्रिय स्वाधीनता स्थापना गर्ने प्रतिज्ञालाई दृढतापूर्वक अवलम्बन गर्दै आएका छन् । जसमा उनी भीष्मभैं दृढ र अटल छन् । उनले राजनीति, दर्शन, सौन्दर्य चिन्तनका तीनै क्षेत्रमा आधिकारिक धारणा र प्रामाणिक विमर्श राख्दै आएका छन् । त्यसैले उनको कृति खोज र अनुसन्धानमा आधारित तर्क र तथ्य, प्रमाण र दृष्टान्तले विभूषित पाइन्छन्*

१) यही वैशाख २१ गते ललितपुरको साझा प्रकाशन प्रांगणमा 'हिमाली दर्शन' नामक दर्शनको किताब सार्वजनिक गरिनुका साथै यसबारे विद्वत्वर्गबीच गम्भीर विमर्श पनि भयो । मदनमणि दीक्षित, मोदनाथ प्रश्रित, निनु चापागाई, गोपीरमण उपाध्याय र ईश्वरचन्द्र ज्ञवालीले यस कृतिमाथि सारगर्भित धारणा राखे र यो कृति नेपाली वाङमयको दार्शनिक क्षेत्रको एउटै विषयमा आधारित मौलिक र खोजमूलक कृति रहेको र यस्तो कृति उत्पादन गर्ने लेखकलाई हार्दिक धन्यवाद पनि दिइयो । 'पूर्वीय दर्शन' मा यति सशक्त र विषयवस्तुको जरासम्म पुगेर विश्लेषण गरिएको प्रामाणिक कृति यो पहिलो हो र यसले पूर्वीय दर्शनका ठाउँमा हिमाली दर्शन नामाकरण गर्दै 'भारतीय दर्शन' भनी अहिलेसम्म उल्लेख गर्दै आएकोमा वस्तुतः त्यो भारतीय दर्शन नभई हिमाली भूमिमा उत्पन्न र विकसित भएका कारण हिमाली दर्शन भन्न पर्नेमा सबैको एकमत धारणा व्यक्त गरियो । पूर्वीय दर्शनमध्ये धेरै दर्शनहरूका प्रवर्तक नेपाली भूमिमा जन्मेका थिए र नेपाल नै हिमाली भूमिका नाममा पौराणिक र सामन्तीकालको आरम्भदेखि नै परिचर्चित रहेको हो । यस कृतिका लेखक मोहन वैद्य 'किरण' हुन् ।

२) दर्शन र साहित्यको तुलना गर्दा साहित्य रसास्वादनयुक्त कोमल विषयवस्तु र दर्शन हाडेओखर जस्तो हाडभित्र लुकेको डुदीका रूपमा विद्वानहरूले चर्चा गरेका छन् । यो गम्भीर, जटिल र गहन विषय हो । यस्तो विषयलाई सहज, सरल, सम्वेद्य रूपमा लेखक 'किरण'ले प्रस्तुत गरेका छन् । किरणको साहित्यिक नाम चैतन्य हो । यो कृति चैतन्यवाद अर्थात् ब्रह्मवाद अथवा आदर्शवाद र द्वन्द्ववाद एवं भौतिकवादका पूर्वीय (हिमाली अब) मान्यताहरूबीचको अन्तरसंघर्ष र चिन्तनको द्वन्द्वमाथि आधारित छ । यस्तो कृतिमा लेखकबारे सानो धारणा पनि म प्रस्तुत गर्छु ।

३) मोहन वैद्य (पोखरेल) (किरण, चैतन्य) नेकपा (क्रान्तिकारी माओवादी) का वर्तमान महासचिव, राजनीतिज्ञ, सौन्दर्य चिन्तक, विचारक र दार्शनिक पनि रहेका छन् । उनी साहित्य सर्जक र समालोचक पनि मानिन्छन् । कम्युनिस्ट क्रान्तिकारी धाराको गंगालाई भगीरथले भैं अविचल निष्ठाको शंखघोषमार्फत निरन्तर तपस्या (साधना) द्वारा सही दिशातर्फ उनले डोऱ्याउँदै ल्याएका छन् । त्यो आदर्शप्रतिको निष्ठा र समर्पण भगीरथसँग तुलनीय छ । त्यस्तै उनी कम्युनिस्ट आन्दोलनका भीष्मपितामह जस्तै हुन् । उनले सर्वहारावर्गको मुक्ति र राष्ट्रिय स्वाधीनता स्थापना गर्ने प्रतिज्ञालाई दृढतापूर्वक अवलम्बन गर्दै आएका छन् । जसमा उनी भीष्मभैं दृढ र अटल छन् । उनले राजनीति, दर्शन, सौन्दर्य चिन्तनका तीनै क्षेत्रमा आधिकारिक धारणा र प्रामाणिक विमर्श राख्दै आएका छन् । त्यसैले उनको कृति खोज र अनुसन्धानमा आधारित तर्क र तथ्य, प्रमाण र दृष्टान्तले विभूषित पाइन्छन् । विषयवस्तुको गहिराइमा पुगेर हरेक संशयको निराकरण गर्दै लेख्ने विद्वता र प्रातिभ सामर्थ्य (विषय छान्ने शक्ति) उनमा देखिन्छ । राजनीतिमा उनी सर्वहारा आदर्शबाट अनुप्रणित छन् त्यसैले उनी लोभ, स्वार्थ, मोह, दलाली, दासताको सीमाभन्दा माथि देखिन्छन् । सरल, सादा, सात्विक र गम्भीर व्यक्तित्वका धनी किरणको सिंगो जीवन संघर्ष, त्याग, निष्ठा समर्पणको जीवन हो भन्दा अत्युक्ति हुँदैन भन्ने लाग्छ । सर्वहारा पक्षका अभियन्ता, मार्क्सवादी गुरु किरण विचारप्रति अविचल, अविश्रान्त, अविराम यात्रीको नाम हो भने पनि अतिशयोक्ति हुँदैन । सरलता र सादगीमा उच्च वैचारिक तथा नैतिक गहकिलोपनले किरणलाई प्रतिवर्गकाहरूले पनि सम्मान भाव जाहेर गर्न विवश छन् ।

४) 'हिमाली दर्शन' नाम राख्नुका पछाडि स्वयम् लेखकले प्राक्थनमा "हिमाली क्षेत्रमा विकसित दर्शनलाई बुझ्ने र अध्ययन गर्ने प्रक्रियामा जुन गलत चिन्तन तथा प्रवृत्ति देखापर्दै आएका छन्, यहाँ तिनको विरोध तथा खण्डन गरिएको छ" भनेका छन् । सबै पूर्वीय दर्शनलाई भारतीय दर्शन ठान्ने र शिव, बुद्ध, कपिल, याज्ञावल्क्य गौतम आदि दार्शनिकलाई भारतीय भन्ने र सत्यमाथि पर्दा हाल्ने तथा औपनिवेशिक चिन्तनको चरित्र प्रस्तुत गर्ने भारतीय दार्शनिक/विचारकहरूको यो वैचारिक हस्तक्षेप र अध्ययनको गलत प्रवृत्तिलाई 'हिमाली दर्शन' नामले प्रत्युत्तर दिएको छ । हिमाली उपमहाद्विपीय क्षेत्रमा नेपाली भूमिमा जन्मेका र दर्शनमा योगदान दिएका दार्शनिकहरू-पाशुपत दर्शनका-शिव, साङ्ख्य दर्शनका कपिल, बौद्ध दर्शनका-गौतम बुद्ध, वेदान्त दर्शनका याज्ञावल्क्य, मैत्रेयी, गार्गी, न्याय दर्शनका गौतम, तत्व चिन्तकहरूमा-अष्टावक्र, राजर्षी जनक, ऋग्वेदको प्रणयक गर्ने कोशी नदीको क्षेत्रमा बसोबास गरेका कौशिक विश्वामित्र, याज्ञावल्क्यसँग शास्त्रार्थ गरेका विदण्ड शाकल्य, बौद्धिकालीन राजन्य पायसी (आत्माको अस्तित्व हुँदैन भन्ने) मिथिलावासी वाचस्पति मिश्र ९औं शताव्दी) आदि दार्शनिकहरू नेपाली भूमिमा जन्मेका र दर्शनको विकास गरेका छन् । वस्तुतः पूर्वीय दर्शनको स्रोत हिमाली भूमि नेपाल हो तसर्थ हिमाली दर्शन । यसरी यो किताबमा हिमाली दर्शनको विराट क्षेत्र समेटिएको छ र त्यसको व्यापकता व्यक्त गरिएको छ । यो नयाँ चिन्तन हो-हिमाली दर्शन भन्ने नाम । यो कृति सूच्यात्मक र सूत्रात्मक छ अर्थात संक्षिप्त विश्लेषण/व्यापक विश्लेषण गर्दा यी सबै दर्शनबारे अलग-अलग कृति निर्माण हुन सक्छन् । प्रत्येक दर्शनबारे अझ व्याख्यात्मक विश्लेषण आवश्यक छ ।

यस दार्शनिक किताबको रूपपक्षलाई हेर्दा यो १७ अध्याय र ३२५ पृष्ठमा फैलिएको छ । प्रत्येक अध्यायमा ३ देखि ७ सम्म उपशीर्षक छन् र ती सबै उत्तिकै महत्वपूर्ण र गम्भीर छन् । यहाँ हरेक विश्लेषकलाई संस्कृत श्लोक, कार्तिक र सूक्तहरूका उद्धरणद्वारा पुस्टयाइँ गरिएको छ । साथै दर्शनका अरु लेखकका प्रष्ट उद्धरण पनि दिइएको छ । पहिलेदेखि १७ औं अध्यायसम्म दर्शनको परिचय र परिभाषा, दर्शनको विकास र इतिहास दार्शनिक ज्ञान पंक्तिहरूको चर्चा, नौवरा हिमाली दर्शनको परिचय, ४ पद्धति मीमांशा र तिनको व्याख्या, दार्शनिक वादहरूको परिचय, दार्शनिक भाषा र त्यसका विवादको विमर्श, बौद्ध दर्शन र अद्वैत दर्शनबीच तुलनात्मक अध्ययन, पूर्वीय र पश्चिमी दर्शनबीच तुलना विज्ञान, धर्म र दर्शनबारे चर्चा र तिनको आपसी सम्बन्ध तथा भिन्नता, दर्शनका सिद्धान्तबीच द्वन्द्व, धर्म दर्शन र तन्त्रको भेद, नेपाली दर्शन, दार्शनिक र विभिन्न युगको युभाव र भौतिकवादी दर्शनमा आएका विचलन र उपसंहार अथवा निष्कर्ष प्रस्तुत गरिएको छ । सन्दर्भ ग्रन्थ सूची र पारिभाषिक शब्दावलीले पनि पुस्तकको ओजलाई बढाएको छ । पुस्तकको आवरण पनि आकर्षक छ कालो भुईमा आँखाको चित्रले भ्रमपूर्ण दार्शनिक चिन्तकको तुवाँलो माथि स्पष्ट दृष्टिको संकेत गर्छ । यो पुस्तकमा समग्र पूर्वीय दर्शनमाथि मार्क्सवादी दृष्टिबाट सिंहावलोकन गरिएको छ । यो चैतन्यवाद र भौतिकवादको संघर्षको परिणाम दार्शनिक विचारको विकासको नियमसँग आबद्ध छ ।

यस कृतिमा पूर्वीय दर्शनका द्वन्द्ववादी र अधिभूतवादी पद्धति र भौतिकवादी र आदर्शवादी सिद्धान्तको सम्बन्ध, भेद, उपलब्धि, कमजोरी, समर्थन र आलोचनाको महनीय विश्लेषक छ । यहाँ भौतिक र आध्यात्मिक दर्शनबीचको लडाइँमा चैतन्यवादी पक्षले भौतिकवादी पक्षमाथि गरेका उत्पीडिन, दमन र अपहेलनाको पनि चर्चा छ । पूर्वीय दर्शनका (हिमाली दर्शन) क्षेत्रमा सुरुदेखि नै भौतिकवादी र आदर्शवादी धारा अस्तित्वमा रहँदै आएका छन् । यसको जरो वेदकालीन चिन्तनसम्म पुगेको छ । बौद्धिककालमा उद्दालक आरुणी पदार्थवादी चिन्तक रहेको कुरा उनको र शिष्य गालबको कथाले पुष्टि गर्दछ । बरको दाना टुक्र्याउँदै जाँदा सुक्ष्मातिसूक्ष्म अदृश्य कण जसलाई अनुमान प्रमाणबाट सिद्ध गर्नुपर्छ त्यही संसारको आधारभूत तत्व हो जुन नित्य र निरन्तर रहन्छ जो स्वंय गतिबाट परिचालित छ र परिवर्तन र विकसनशील हुन्छ । यही चिन्तन पछि परमाणुवादमा विकसित हुन्छ । जसको मुख्य धारा पञ्चतत्वसँग सम्बन्धित रहेको छ । पञ्चमहाभूत भनेका पृथ्वी, अय, तेज, वायु र आकाश हुन् । यी द्रव्य/पदार्थ हुन् । यसैबाट सारा विश्व ब्रह्माण्ड, जीव, जगतको सृष्टि भएको हो । यी द्रव्य पदार्थको चालक शक्ति स्वयं यिनै मित्र अन्तरनिहित छ । यी गति र परिवर्तन चालित छन् तसर्थ विकास र विनाश हुन्छन् । द्रव्यको विकास विनाशको अनुक्रमनै जन्म र मृत्यु हो । यसरी भौतिकवादी धारामा चार्वक/लोकायत, सांख्य, न्याय, वैशेषिक दर्शन पर्दछन् भने प्रारम्भिक बौद्ध दर्शनका पनि भौतिकवादको प्रभाव रहेको छ । जन्म पुनर्जन्म, आत्माको नित्यता ईश्वरवादी दृष्टि आदि नमान्नु बुद्ध दर्शनमा भौतिकवादका प्रभाव हुन् । जैन धर्ममा पुद्गलको अच्छेदबाट मुक्तिको कुरा जस्तै बुद्ध धर्ममा निर्वाणपछि आत्माको पनि उच्छद हुने धारणा र पुनः नयाँ पदार्थबाट जीनको उत्पत्तिपछि नयाँ आत्मा बन्छ भन्ने कुरा आत्माको अनित्यता र क्षणिकतालाई प्रस्तुत गर्छ । बुद्ध दर्शन अनुसार सबै कुरा मृत्युभाव, क्षणिक र परिवर्तनशील छ । सबै कुराको विनाश हुन्छ-आत्मा र ईश्वरको पनि । कैयौं भौतिकवादी दर्शनमा धर्म, ईश्वर, परमात्मा, परमतत्व आदि धारणा पछिका विद्वान्हरूले बीचबीचमा घुसाएका हुन जसलाई प्रक्षेपित भनिन्छ । यो अद्वैत वेदान्तवादी दार्शनिक र सामन्तवादी राज्य सत्ताको संयुक्त आतंक र दमनका परिणाम थिए । भौतिकवादी दार्शनिकहरू दमनबाट बच्नका लागि धर्मको सहारा लिनपुगेको तथ्यले पुष्टि गर्छन् । यो किताबमा पूर्वीय दर्शनका ३ धारा भौतिकवादी, अध्यात्मवादी र मध्यमार्गीका बीचको बहस, विवाद, संघर्षको सत् असर चिन्तनको निष्कर्ष प्रस्तुत गरिएको छ । पुस्तकमा अद्वैत वेदान्त र त्यससित सम्बन्धित धर्मको राम्रो विवेचना छ । लेखकले प्रभाता, प्रमेय, प्रमाण, प्रमितिजस्ता ४ ज्ञान सिद्धान्तको गहन विवेचना गर्दै पूर्वीय दर्शन बुझ्न यी महत्वपूर्ण छन् भनी विशेष जोड दिएका छन् । प्रमाता-वस्तु वा विषयबारे जान्नु चाहने व्यक्ति, प्रमेय-जान्न चाहेको विषय वा वस्तु, प्रमाण-त्यो वस्तुलाई सिद्ध गर्न प्रस्तुत साधन वा दृष्टान्त र प्रमिति त्यो वस्तुबारेको समग्र ज्ञान हो । पछि विधिबाट दर्शन बुझ्न सकिन्छ । लेखकले यहाँ समानान्तर रूपमा अद्वैत वयेदान्त र आध्यात्मिक (चैतन्यवादी) चिन्तनलाई समावेश गर्दै तुलना र विवेचना गर्दै तिनको प्रभाव र आतंकको विश्लेषण गर्दै भौतिकवादलाई नै स्थापित गर्ने जमर्को गरेका छन् । जसमा प्रज्ञार्थ ब्रह्म, शव्दै ब्रह्म (अक्षरै ब्रहम) अभं ब्रहम, खै ब्रहम, तत्व ब्रहम, (तत्वमसि) अहंव्रहम (अहै व्रहमास्यि) शून्यै ब्रहम आदि ब्रह्म आरोपको श्रृखलाबाट ब्रहमत्वको भ्रान्तिवाद, मायावाद स्थापित भएको देखाएका छन् । परमसत्य मात्रै एक सत्य हो अरु सबै त्यसैको माया हुन् । नाम, रूप संज्ञा हुन् । यी सबै संज्ञा मात्र हुन् । यी सबै असत्य हुन् । एकमात्र परमशक्ति सत्य हो । यो भवसागर त त्यसैको छायाँ (माया) मात्र हो । भनेर अद्वैत वेदान्तवादीले अभौतिकवादी विचार स्थापित गरे । उनीहरूले पदार्थ, वस्तु, शरीरबाट आत्मा निस्केर स्वतन्त्र रहेको देखाए र संसार उसैले रचना गरेको भने । तर भौतिकवादीले भने पदार्थ नै सत्य हो र जसरी अभादक वस्तुबाट छुट्टै भादक (नयाँ वस्तु) वस्तु निर्माण हुन्छ त्यस्तै पदार्थबाट आत्मा, मन, चेतना, विचार, निर्माण हुन्छ भने र मन र आत्मा शरीरभन्दा भिन्न छैन भने । मन, आत्माको पदार्थमा म स्वतन्त्र अस्तित्व अस्वीकार गरे । पञ्च महाभूतबाट नै जीव, आत्मा, मन, समेदना, स्मृति पैदा हुन्छन् । यी महाभूत नै सत्य र नित्य छन् । शरीर विना आत्मालाई केही थाहा हुन्न न त इन्द्रियानूभुति नै हुन्छ । आत्माले चिसो तातो बोध गर्न शरीर नै चाहिन्छ । शरीर मरे आत्माको पनि अन्त्य हुन्छ । शरीर पछि केही रहँदैन भने उनीहरूले त्यसैले स्वर्ग नर्क, ईश्वर, मुक्ति, पापपुण्य, धर्म अधर्म, एवं मानव निर्मित कल्पना भएको बताए । जडबाट चेतनाको प्रादुर्भाव हुन्छ । अर्थात, द्रव्यबाट आत्माको उत्पति/अथवा निर्जीवबाट सजीवको निर्माण/अथवा शरीरबाट आत्मा र मनको प्राप्ति । यी तथ्यको पुष्टि प्रमाणहरूद्वारा गरेका छन् । अद्वैत वेदान्तीहरूको अनिर्वचनीयतावादी, अव्यक्तनीतिभाव वा भाषातीत तत्वको कल्पना रुढीवाद र भ्रमवादको स्वरूप हो भन्ने देखाइएको छ । यसरी सबैखाले दर्शनको समानान्तर विवेचना यहाँ छ । लेखकलाई मूलतः भौतिकवादी दर्शनको पक्षधरता लिएका छन् । जसको सारतत्वलाई चार्वाकी दार्शनिकले भनेको निष्कर्षसित गाँसिएको छ । चार्वाकी भन्छन् "परतन्त्र वन्धः स्वतन्त्रय मोक्षः अर्थात स्वर्ग मोक्ष सब भ्रम हो । वस्तुतः पराधीनता बन्धन हो र स्वतन्त्रता मोक्ष । अर्को कुनै मोक्ष वा निर्माण हुँदैन ।

यहाँ लेखकले परमाणुवादलाई भौतिकवादसँग जोडेका छन् । परमाणुवाद, स्वभाववाद प्रकृतिवाद सबै भौतिकवादी चिन्तक छन् । लेखक चार्वकी दर्शनको मननीय व्याख्या गर्छन् । काँडा तीखो हुनु, फल रंगविरंगी हुनु, चाराचुरुङ्गीमा अद्भूत क्रियाकलाप हुनु नीम तीतो हुनु, उखु मीठो हुनु, मान्छे चेतनशील हुनु, शरीरमा सम्वेदना र स्मृति रहनु सबै प्रकृतिमा नियम (ऋतु)बाट सम्पन्न हुन्छन् । सबै प्रकृतिका र पदार्थका स्वभाव धर्मबाट बनेका हुन् भन्ने निष्कर्ष पाइन्छ । यसले चेतना पहिले होइन पदार्थ, भूत तत्व वा द्रव्य पहिलो हो । जडवाद चेतना जन्मेको हो न कि चेतनाबाट जडवाद, भूत तत्व नै विश्वब्रह्माण्डको आदि तत्व हो भनेका छन् ।

मूलतः यो कृति मार्क्सवादी आँखाबाट पूर्वीय दर्शनमाथि विवेचना हो । लेखकले यसमा भौतिकवादी दर्शन नै मानववतावादी दर्शन हो भन्ने कुरा पुष्टि गरेका छन् । भौतिकवाद नै उत्पीडित जनसमुदाय र आदर्शवादले उत्पीडत वर्गको हकहितको पक्षपोषण गरे-भनेर भौतिकवादी दर्शनलै मावनातावादी रहेको देखाएका छन् । पूर्वीय दर्शन मूलतः हिमाली क्षेत्रमा प्रादुर्भाव भउका हुन् त्यसैले यिनलाई हिमाली दर्शन भन्नुपर्छ भन्ने आग्रह लेखकको छ । एउटै विषयमा यति खोजमूलक, अनुसन्धानात्मक, प्रमाणित कृति यो पहिलो हो । यो मौतिक कृति हो । यसले लेखकमा गहन दार्शनिकबोध र तत्व चिन्तनको सामर्थ्य छ भन्ने पुष्टि गर्छ । लेखकले दर्शनलाई युगसँग जोडेका छन् र दर्शन युगको उपज मानेका छन् यहाँ । किनकी फरक युगमा फरक दर्शनको उदय भएको छ । आदिम साम्यवादी युगमा- प्रारम्भिक भौतिकवाद, दासयुगमा रहस्यवाद सामन्ती युगमा भौतिकवाद र वेदान्त चिन्तन, पुँजीवादी युगमा यिनको विकास र साम्राज्यवादी युगमा द्वन्द्वात्मक भौतिकवादी दर्शनबीच समन्वयको दार्शनिक विकासले दर्शन युगको उपज हो भन्ने पुष्टि गर्छ । लेखकले दर्शन विकास हुनुमा भूगोल, सामाजिक जीवन, सांस्कृतिक स्थिति, तथा अन्य भौतिक परिस्थितिले प्रभाव पार्छ भन्छन् । यो सही यो । वेदान्तीहरूको माया त स्वयँमा पनि माया नै हो । जे भए पनि हजारौं वर्षदेखि मानव समाजमा सबैखाले- दर्शनहरूका धारा बहँदै आएका छन् । यी दुवै खालेबीच नै संघर्ष हुँदै आएको छ । दुवैले आ-आफ्नै सत् सिद्ध गर्न खोजेका हुन् । यो द्वन्द्व भौतिक समाजको द्वन्द्वकै परिणाम हो । शोषक र शोषित, उत्पीडन र उत्पीडित, शासक र शासित, श्रमजीवी र श्रमचोर बीचको द्वन्द्वको परिणाम । तसर्थ भौतिकवादी दर्शन दोस्रो पक्षको हितमा र अध्यात्मवादी दर्शन पहिलो पक्षको हितमा केन्द्रित छन् । यसले दर्शन भौतिक तत्ववाट नै जन्मेको ठहर गर्छ । अन्तमा लेखकले दिएको दर्शनको यो परिभाषाबाट यो लेखको पनि अन्त्य गर्छु । "दर्शनले मानिसलाई जीवन, जगत् र समाजका समस्या बुझ्न र तिनको समाधान गर्न मद्धत गर्दछ ।" अर्थात् दर्शनले समाजका समस्या सिर्जना गर्ने होइन समाधान गर्नु पर्दछ । अस्तु ।



वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सन्दर्भ मई दिवस

# सर्वहारा वर्गको नेतृत्व

● प्रभाकिरण

गत १८ वैशाखमा विश्वभरि १२ ९औं मई दिवस मनाउने काम भयो र नेपालमा पनि विभिन्न मजदुर संगठनहरूले मई दिवस मनाएर मई दिवसको औपचारिकता पूरा गर्ने काम भयो। सवाल मई दिवस सन् १८८६ मा शिकागोमा मजदुरले गरेको बलिदानपूर्ण संघर्ष र त्यसले प्राप्त गरेका ८ घण्टे कार्यदिवसको सम्झना मात्र गर्ने वा त्यसबाट अगाडि बढ्ने भन्ने हो।

मध्ययुग (५औं शताब्दीदेखि १५औं शताब्दी) मा सामन्तवादको विकाससँगै व्यापार तथा शहरहरूको विकासका क्रममा दस्तकार (कालीगड) शहरमा गैरकृषि श्रमिकका रूपमा रहे। तर उत्पादनका साधन र उत्पादित वस्तुका मालिकका रूपमा दस्तकारहरू नै हुन्थे। त्यतिबेला उत्पादनका साधन मुख्य रूपमा हाते ज्यावलहरू सामान्य प्रकारका हुन्थे र ती उनीहरूको आफ्नै स्वामित्वमा हुने कुरा सहज थियो। बजारको आवश्यकताअनुसार अथवा अर्डरअनुसारका उत्पादित सामानहरू विनिमय वा विक्री गरेर भएको आम्दानीबाट दस्तकारहरू जीविका चलाउने गर्थे। उत्पादनका लागि दस्तकारको श्रम र सीपको गुणअनुसार वस्तुको मूल्य निर्धारण हुन्थ्यो। त्यसैले उत्कृष्ट सीप भएका दस्तकारहरूको महत्व छुट्टै हुने गर्थ्यो। सामन्तवादको मध्यतिर आफ्नो सम्पत्तिसहित सहर पसेका किसानहरू दस्तकार कहाँ काम सिक्ने र ज्यालामा श्रम गर्ने गरी बस्न थाले। कोही आफै दस्तकार वा व्यापारीको रूपमा परिणत भए। आफ्नो श्रम शक्ति बेचेर ज्यालामा काम गर्नेहरू मजदुर भए।

मध्ययुगको मध्य चरणको अन्त्यतिर र यसको अन्त्य चरणको सुरुमा व्यापारको विकासका साथसाथै सहरको विकासका क्रममा सामन्तवादको विकासको उत्कर्षतिर पुगेको देखिन्छ। सामन्तहरूले जमिन खण्डिकरण गरेर किसानहरूलाई कूतमा जमिन दिने काम हुन्छ र पहिला जस्तो भूदासको स्थितिबाट किसानहरू मुक्त हुन्छन्। सामन्तहरूको चरम उत्पीडनका कारण गाउँबाट भागेर सहर पस्ने किसानहरूको संख्यामा ठूलो वृद्धि तथा सहरमा पनि गैरकृषिजन्य उत्पादित सामानको मागको वृद्धिले गर्दा ती किसानहरू दस्तकारको उद्योगमा आफ्नो श्रमशक्ति बेचेर मजदुरी गरी जीवन निर्वाह गर्ने स्थिति बन्यो। गैरकृषि सामानको मागको अत्यधिक वृद्धिसंगै व्यापारीहरू र केही सामन्तहरूको पनि अत्यधिक नाफा आर्जन गर्ने उद्देश्यसहित यस क्षेत्रमा लगानी गर्ने स्थिति पैदा भयो। मुनाफाका लागि उत्पादित सामानहरू सुरुमा सामान उत्पादनका लागि ठूलो परिमाणको कच्चा पदार्थ दस्तकारहरूलाई उपलब्ध गराई उत्पादित वस्तु अरुलाई होइन, आफैलाई उपलब्ध गराउने सर्तमा वस्तु उत्पादन गराउन थाले। यसरी आफ्नो आवश्यकतालाई पूर्ति गर्न होइन, केवल मुनाफाका लागि वस्तुहरूको उत्पादन हुन थाल्यो। यस्ता उत्पादित वस्तुहरूलाई माल भनिन्छ। माल उत्पादन पुँजीवादको विकासको सूचक हो। बजारमा मालको स्वतन्त्र प्रतिस्पर्धाले मजदुरहरूको उही ज्यालामा कार्यदिवस बढाएर उत्पादन बढाउने गरेर मात्र नपुगेर पुँजीपति आफैले ठूल्ठूला उद्योगहरू निर्माण गरेर श्रम विभाजन गरी उत्पादनको गति तीव्र बनाउने काम भयो। त्यहाँ मजदुरहरूको कामको विशिष्टिकरण गरी एउटै माल उत्पादन गर्न पनि एउटा मजदुरले माल उत्पादनको एउटा खण्ड पूरा गर्ने र अर्को मजदुरले अर्को खण्ड बनाउने गरी विभिन्न खण्डको काम पूरा भएपछि मात्र तयारी माल उत्पादित हुने भयो। यसरी माल उत्पादनको गति तीव्र रूपमा बढाउने काम भयो भने यसले माल उत्पादनमा पहिला जस्तो निपूर्णताका आवश्यकता रहेन। एउटै उद्योगको छानामुनि अब हजारौं संख्यामा मजदुरहरू काम गर्ने प्रक्रिया सुरु भयो, जसलाई म्यानुफ्याक्चरिङ्ग भनिन्छ। म्यानुफ्याक्चरिङ्ग पुँजीवादको विकासको महत्वपूर्ण चरण हो।

पुँजीवादको म्यानुफ्याक्चरिङ्ग चरणसम्म पुग्दा आफ्नै देशमा तथा उपनिवेशहरूमा कपडाको माग बढेपछि सामन्तहरूले किसानहरूलाई खण्डिकरण गरेर कुतमा दिइएका जमिनबाट किसानहरूलाई बेदखल गरी आफैले आफ्नो स्वामित्वमा रहेको जग्गा मात्र होइन थप अरु सामन्तबाट पनि जग्गा लिजमा लिएर ठूलो मात्रामा कपास खेती गर्न थाले। कपासलगायत अरु मुनाफामूलक कृषि उत्पादनमा पनि केही सामन्त र पुँजीपतिहरूले ठूल्ठूला कृषि फाराम खोली कृषिमा पनि पुँजीवादी उत्पादन गर्न थाले। जसले गर्दा जमिनबाट बेदखल भएका सम्पत्तिहीन किसानहरू रोजीरोटीका लागि सहर पस्न थाले। यसले गर्दा



बजारमा सस्तो श्रमशक्ति प्रशस्त हुन पुग्यो र पुँजीपतिका लागि माल उत्पादनमा थप बल प्रदान गर्‍यो। यी सम्पतिहीन मजदुरहरू, जसले बाँच्नका लागि पूँजीपतिलाई आफ्नो श्रमशक्ति बेच्न विवश छन्, यस वर्गलाई सर्वहारा भनियो। दिनको १८ घण्टासम्म काम गर्न विवश तर आफ्नो वंशलाई कष्टकर ढंगले मानवभन्दा पनि जनावरको जस्तो नारकीय जीवन जिउन बाध्य यी सर्वहारा वर्गका नियति पूँजीपतिका लागि विना मुल्य थप सर्वहारा वर्गका अर्को पुस्ता तयार पार्ने बन्न गयो।

सर्वहारा वर्गको अझ अधोगति वाष्प इन्जीनको विकास भएपछि सुरु भयो। अब कारखानाबाट माल उत्पादन सुरु भएपछि थोरै मजदुरबाटै धेरै मजदुरले गर्ने काम गर्न सम्भव भयो र कारखानामा मेसिनबाट उत्पादित माल बढी राम्रो र गुणस्तरीय तथा छिटो हुन थालेपछि ठूलो संख्यामा मजदुरहरू बेरोजगार हुन पुगे। यसले श्रम बजारमा श्रमशक्तिको मूल्य झन् सस्तो बन्न गयो। बेरोजगार सर्वहाराहरू श्रम बजारमा पुँजीपतिका लागि जगेडा श्रमशक्तिको रूपमा परिणत हुन गए। अब पुँजी सर्वशक्तिमान रूपमा अगाडि आयो तर सत्तामा सामन्तहरू र तिनका नाइके सामन्ती राजतन्त्र विद्यमान रहेको अवस्थामा पुँजीवादीहरूले स्वतन्त्रता, समानता र भातृत्वको नारा दिएर समाजका प्रगतिशील सबै तब्काहरूको नेतृत्व गरी सामन्वादको अन्त्य गरेर वेलायतमा १७ औ शताब्दी, फ्रान्समा अठारौं शताब्दीमा पुँजीवादी क्रान्ति सम्पन्न गर्ने काम भयो। पुँजीवादी क्रान्तिले सर्वहारा वर्गलाई पनि राजनैतिक तथा आर्थिक अधिकार प्राप्त हुने पुँजीवादीहरू आश्वासनमा सर्वहारावर्गको पनि पुँजीवादी क्रान्तिहरूमा लडाकू र जुझारु शक्तिको हैसियतले सशक्त सहभागिता रह्यो। तर यी सबै आश्वासनमै सीमित रह्यो। पुँजीपतिहरू सत्तारुढ भए र सर्वहारा वर्गमाथि पुँजीपतिहरूको शोषण र उत्पीडन यथावतै रह्यो।

कारखानामा मेसिनको प्रयोगपछि अत्यधिक मुनाफाको लोभमा मुनाफा आउने क्षेत्रमा धेरै पुँजीपतिहरूले उत्पादन गर्न थाले। जसका कारण आवश्यकताभन्दा बढी माल उत्पादनले बजारमा मन्दी छाउन थाल्यो र पुँजीपतिहरूले कारखाना बन्द गरी मन्दीको समाप्ति पर्खन थालेपछि ठूलो संख्यामा सर्वहारा मजदुरहरू बेरोजगार हुन बाध्य भयो। जसले सर्वहारा वर्गको जीवन झन कष्टकर बनायो। पुँजीवादमा यस प्रकारको मन्दीको चक्र बारम्बार आउन थाल्यो, जुन पुँजीपतिको नियन्त्रणभन्दा बाहिर थियो।

सुरुमा यसका विरुद्ध मजदुरहरूले मेसिनमाथि रिस पोखे। पछि यसको कारकका रूपमा पुँजीपति र पुँजीवादी समाज रहेको थाहा पाएपछि सर्वहारा मजदुरहरूले पुँजीपतिहरूका विरुद्ध संघर्ष गर्न थाले। सर्वहारावर्गको यस्तो नारकीय जीवन र वर्गसंघर्षले गर्दा समाजमा मानवीय भावना भएकाहरूले समानता र शोषणका विरोधमा साम्यवादको प्रचार गर्न थाले। पुँजीपतिहरूले अत्यधिक मुनाफाको लोभ गर्न नहुने, सर्वहारावर्गलाई मानवीय जीवन जिउन भौतिक अवस्था तयार पार्न पुँजीपति दयालु हुनुपर्ने जस्ता भावना र तर्क राख्ने काल्पनिक साम्यवादीहरू देखा परे।

महान् विचारक, दार्शनिक तथा नेता कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले वैचारिक र राजनैतिक रूपमा समाजविज्ञानको नियम ऐतिहासिक भौतिकवाद पत्ता लगाउनु भयो र पुँजीवादको विनाश अनिवार्य भएको तथ्य औंल्याउनुभयो। उहाँहरूले समाज विज्ञानको नियमको रूपमा मानव समाज आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग, पुँजीवादी युग र साम्यवादी युग भएर अगाडि बढ्ने निष्कर्ष निकाल्नु भयो। दास समाज, सामन्ती समाज र पुँजीवादी समाज वर्ग विभाजित समाज हुन् र यी समाजहरूमा सत्तारुढ शासकवर्गले शासित वर्गमाथि शोषण र उत्पीडन गर्दछन्। त्यसैले यी युगहरूका इतिहास वर्गसंघर्षको इतिहास भएको कुरा उहाँहरूले औंल्याउनुभयो। सन् १८४८ मा कमरेड मार्क्स र एङ्गेल्सले कम्युनिष्ट पार्टीको घोषणापत्र जारी गर्नुभयो र सर्वहारावर्गको राजनीति, विचार, संगठन, नीति तथा कार्यक्रम स्पष्ट पार्ने काम गर्नुभयो र संसारभरिका मजदुरहरू एक हौं भन्ने नारा दिनुभयो।

त्यसपछि भएका वर्गसंघर्षको थप अनुभवसहित सर्वहारावर्गको नेतृत्वमा क्रान्ति सम्पन्न गर्न लागि सर्वहारावर्गको नेतृत्वमा बलपूर्वक पुँजीवादी सत्ता जरैदेखि उखेल्नुपर्ने र त्यसको ठाउँमा सत्तारुढ सर्वहारावर्गले सर्वहारा अधिनायकत्व लागू गरी साम्यवादमा पुग्न संक्रमणकालीन समाज व्यवस्था समाजवाद स्थापना गर्नु पर्ने बताउनुभयो। सत्तारुढ सर्वहारावर्गले नीजि स्वामित्वको अन्त्य गरी सार्वजनिक स्वामित्वको आधारमा समाजलाई आवश्यक भौतिक सामाग्रीको उत्पादन गरी उत्पादनमा अराजकता र अति उत्पादनको अन्त्य गरिनु पर्ने बताउनुभयो। समाजवादमा सबैका लागि श्रम अनिवार्य हुने र क्षमता अनुसार काम तथा काम अनुसारको मामको व्यवस्था हुन्छ। यसरी समाजवाद स्थापना पछि एउटा कालखण्डमा साँस्कृतिक रूपान्तरण र वैज्ञानिक अन्वेशनले समाजका लागि आवश्यक भौतिक वस्तुहरूको प्रसस्त उत्पादन हुने स्थिति निर्माण हुन्छ र समाज समाजवादी संस्कृति हुँदै साम्यवादी सँस्कृतिको निर्माणको दिशामा दिशामा अगाडि बढ्छ। अब क्षमता अनुसार काम र आवश्यता अनुसार मामको साम्यवादी नीति लागू हुन्छ र साम्यवाद स्थापना हुन्छ। साम्यवादमा कुनै प्रकारको उत्पीडन र शोसन रहने छैन। वर्गसंघर्षको अन्त्य हुन्छ। यसरी सबै प्रकारको उत्पीडनको अन्त्य गरी सर्वहारावर्गले आफूलाई पनि मुक्त पार्दछ। अब एउटा वर्गले अर्को वर्गलाई उत्पीडन गर्ने साधन सत्ताको आवश्यकता रहँदैन र सत्ता तथा राज्यको सिमाना विलोप क्रमशः भएर जान्छ। साम्यवाद मानव जातिकै लागि अब स्वतन्त्रताको संसार हुनेछ।

यस बीचमा सर्वहारावर्गका नेतृत्वमा थुप्रै क्रान्तिहरू सम्पन्न भएका छन्– पेरिस कम्युन, अक्टोबर समाजवादी क्रान्ति, चीनियाँ नयाँ जनवादी क्रान्ति, महान् सर्वहारा साँस्कृतिक क्रान्ति आदि। यद्यपि यी क्रान्तिहरू दिगो हुन सकेन तर पनि यसको महत्व अमूल्य छ। आजको साम्राज्यवादी युगमा नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा छ। नेपालमा महान् जनयुद्धका बाबजुद अझै पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको छैन। समाज दलाल तथा नोकरशाह र सामन्तहरूकै दबदबा रहेको स्थिति छ। नेपालका मजदुरहरू सर्वहाराको स्थितिमाभन्दा पनि अर्धसर्वहाराको स्थितिमा छन्। सर्वहारा वर्गका लागि क्रान्ति बाहेक अरु विकल्प हुँदैन र उनीहरू जति जुझारु हुन्छन्, अरु वर्ग हुँदैन। भौतिक रूपमा सर्वहारा हुनुभन्दा वैचारिक रूपमा सर्वहारा हुनु अझ महत्वपूर्ण हुन्छ। यसले जुझारूपन ल्याउने मात्र होइन, क्रान्तिको नेतृत्व गर्ने क्षमता पनि पैदा गर्दछ। अधिकांश महान् कम्युनिष्ट नेताहरू यही कोटीमा पर्दछन्। आम रूपमा सर्वहारा, अर्धसर्वहारा, श्रमिक किसान तथा अन्य श्रमजीवी तथा तल्लो वर्गलाई सर्वहारा विचारले लैस गर्न जति सहज हुन्छ, अन्य वर्गलाई तुलनात्मक रूपमा गाह्रै हुन्छ। सर्वहारा वर्गीय आन्दोलनलाई बुझ्नु एउटा कुरा हो तर आत्मसात गर्नु अर्को हुँदो रहेछ। हाम्रै देशको कम्युनिष्ट आन्दोलन यसको ज्वलन्त उदाहरण हो। डा. रायमाझी, तुल्सीलाल, मनमोहन, झापा आन्दोलनका नेताहरू र आजको एमाले, प्रचण्ड बाबुराम र माओवादी केन्द्र यसका उदाहरण हुन्। नेपालजस्तो देशमा सर्वहारा मजदुर, अर्धसर्वहारा मजदुर, श्रमिक किसान, अन्य श्रमजीवी र तल्लो वर्गका जनतालाई सर्वहारा वर्गीय विचार आत्मसात गराउँदै विचारले लैस बनाउने अभिभारा क्रान्तिकारी कम्युनिष्टहरूका लागि एउटा प्रमुख दायित्व हो। यसले मात्र नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने एउटा प्रमुख आधार निर्माण हुनेछ। यसलाई आत्मसात गर्नु नै मई दिवसको सन्दर्भको सार हुनेछ।

## सरकार...

प्रणालीको लागि संघर्ष गर्नुपर्ने हुन्छ। त्यो भनेको राज्यको आफ्नै यातायातका साधनहरू हुनुपर्दछ र त्यसले जनताको काम नर्गुपर्दछ।

आज राज्यसँग सर्वसाधारण जनतालाई सेवा दिने आफ्नो कुनै पनि सरकारी साधन छैन। सरकारी स्वामित्वको एउटा एयरलाइसेन्स छ त्यो पनि भ्रष्टाचार र अनियमितताले ग्रस्त छ। त्यो अवस्थामा सरकारले पुँजीपतिहरूले जे भन्दछन् त्यही मान्नुपर्ने हुन्छ। अहिले यातायात व्यवसायीहरूको आन्दोलनमा कम्पनी बनाएर अगाडि बढेका पुँजीपतिहरूसँग केही सवारीसाधन भएकाले राजधानीलगायत केही ठाउँहरूमा सवारीसाधन चलाउन रोक्यो। केही वर्ष पहिलेसम्म कम्पनीवाला गाडीहरू थिएनन्, त्यसबेला सरकारले सिन्डिकेट हटाउँछु भनेर पनि हटाउन नसक्ने अवस्था थियो। तर अहिले कम्पनी बनाएर चलाएका केही सवारीसाधनहरू भएकोले मात्र सरकारले यो कदम चाल्न सम्भव भएको हो।

आज सरकारले ५ वटा गाडी राखेर ५ जनाले कम्पनी बनाउन सक्नेछन् भनिएको छ। यसरी कम्पनी बनाएर सञ्चालन गर्दा यात्रुहरूलाई सुविधा दिएर यात्रु बढाउन प्रतिस्पर्धा हुन्छ। त्यसरी सुविधा दिएर यात्रुहरू बढाउँदा यात्रुहरूलाई सुविधा र फाइदा पुग्दछ भनिन्छ। निश्चित रूपमा यात्रुहरूलाई केही फाइदा पुग्दछ। त्यसैकारण सरकारको यो कदमलाई सकारात्मक रूपमा लिइएको हो। तर कम्पनी बनाएर यातायात क्षेत्रमा लगानी गर्ने पुँजीपतिहरूको मूल उद्देश्य भनेको नाफा नै हो सेवा र सुविधा होइन। सेवा र सुविधाको नाममा कसरी हुन्छ बढी नाफा कमाउनु हो। पुँजीपतिहरूले नाफा नहुने शर्तमा सेवा सुविधा दिँदैनन्। त्यसकारण सिन्डिकेट टुट्यो भनेर जनता मख्ख पर्नुहुँदैन।

कम्पनी बनाएर यातायात सञ्चालन गर्ने पुँजीपतिहरूले पनि आफूलाई नाफा हुने खालको नियम कानुन बनाउन सरकारलाई दवाव दिने छन्। यो मामलामा कम्पनी बनाएर प्रतिस्पर्धा गर्दै जनतालाई सुविधा दिन्छौं भन्ने यातायात व्यवसायी कम्पनीहरू पनि एक भएर सरकारको विरुद्धमा आन्दोलनमा उत्रनेछन्। जबसम्म राज्यको जनतालाई यातायात सुविधा दिनै आफ्नै सवारीसाधन हुँदैन, त्यसबेलासम्म यातायात क्षेत्रमा लगानी गर्ने पुँजीपतिहरूले जे-जे भन्दछन्, सरकारले पनि यातायात क्षेत्रमा त्यही गर्दै जानुपर्ने हुन्छ। किनभने, सरकारसँग वैकल्पिक व्यवस्था छैन। त्यसैले जनतालाई सुविधा दिनका लागि राज्यको आफ्नै स्वामित्व चल्ने सवारीसाधनहरू हुन जरुरी छ। राज्यले अहिलेसम्म यो दिशामा कुनै कदम चालेको देखिन्न। राज्यले अहिले सिन्डिकेट प्रााालीलाई तोडे पनि मूल रूपमा यातायात क्षेत्रमा जनतालाई शोषण गर्ने प्रणाली कायमै रहने छ।

राज्यको आफ्नै अधीनमा सर्वसाधारण जनतालाई यातायात क्षेत्रमा सुविधा दिने सवारीसाधनहरू हुँदैमा पनि सबै पूर्ण हुन्छ भन्ने पनि होइन। किनभने राज्यसत्ताको चरित्रमा त्यो भर पर्ने गर्दछ। पुँजीपतिवर्गको राज्यसत्ता भएकाले त्यसले जनताका केही सवालहरूमा राहत दिएता पनि त्यसको मूल काम जनतामाथि दमन गर्नु नै हुन्छ। तर वास्तविक जनताको हातमा राज्यसत्ता भएमा त्यसले जनताको हितमा काम गर्नेछ। त्यसकारण सुधारहरूको पक्षमा आन्दोलन गर्दा गर्दै पनि मूलतः जनताको राज्यसत्ता प्राप्त गर्ने कुरामा ध्यान दिनु पर्दछ। त्यसो गर्नु भनेको क्रान्ति गर्नु हो र क्रान्तिको तयारीमा मुख्य जोड दिनुपर्दछ।

## महासचिव...

पुस्तक 'हिमाली दर्शन' पुस्तकको लेखक किरण र साझा प्रकाशनका महाप्रवन्धक डोलेन्द्र शर्माले संयुक्त रूपमा सार्वजनिक गर्नुभयो।

पुस्तक सार्वजनिकीकरण गर्दै सौन्दर्य चिन्तक किरणले पूर्वीय दर्शनलाई भारतीय दर्शन भन्नुभन्दा हिमाली दर्शन भन्नु उपयुक्त रहेकोले पुस्तकको नाम हिमाली दर्शन राखिएको बताउनु भयो। उहाँले पूर्वीय दर्शन र पश्चिमी दर्शनको बारेमा अध्यताहरूको बुझाइमा सीमा रहेको उल्लेख गर्दै दुवै दर्शनका नकार पक्षलाई निरुत्साहित गरी सकार पक्षलाई प्रोत्साहित र स्थापित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा सौन्दर्य चिन्तक निनु चापागाईं, मार्क्सवादी चिन्तक मोदनाथ प्रश्रित, बरिष्ठ साहित्यकार मदनमणि दिक्षित, लेखक प्रदिप नेपाल, अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीलगायतका बरिष्ठ सौन्दर्य चिन्तक तथा साहित्यकारहरूको उपस्थिति रहेको थियो। प्रा.डा. ताराकान्त पाण्डेले सञ्चालन गरेको कार्यक्रममा निनु चापागाई, मदनमणि दिक्षित, मोदनाथ प्रश्रित, ईश्वरचन्द्र ज्ञावाली र गोपीरमण उपाध्यायले सार्वजनिकीकरण गरिएको पुस्तकमाथि समीक्षात्मक मन्तव्य राख्नुभएको थियो।

पुस्तकको प्रकाशक संस्था साझा प्रकाशनका महाप्रवन्धकले साझा प्रकाशन सबै साहित्यिक स्रष्टाहरूको साझा सम्पत्ति भएको भन्दै यसलाई बचाउन र संस्थालाई सबल बनाउन सबैको सहयोग खाँचो रहेको बताउनु भयो। कार्यक्रममा मार्क्सवादी दर्शन तथा साहित्यमा उभिरुचि राख्ने लेखक तथा साहित्यकारहरूको बाक्लो उपस्थिति रहेको थियो।

३१३ पेजको उक्त पुस्तकको मूल्य ४९९ रहेको छ। लेखक किरणका यसअघि लाहुरेको रहर (खण्ड काव्य), मार्क्सवादी कलादृष्टि र समीक्षा, संघर्षको दर्शन, क्रान्ति र सौन्दर्य, नेपाली समाज र संस्कृति : एक संक्षिप्त अध्ययन, समीक्षा र सौन्दर्य, मार्क्सवाद र संस्कृति, मार्क्सवादी दर्शन, क्रान्ति र सिद्धान्त, मार्क्सवादी सौन्दर्यचिन्तनलगायत पुस्तकहरू प्रकाशित छन्।

## ओली...

अतिक्रमणको विरोधमा कञ्चनपुर पार्टीले मसाल जुलससहित गरेको विरोध प्रदर्शनमाथि भएको प्रहरी हस्तक्षेप र नेता कार्यकर्ताको गिरफ्तारीको हाम्रो पार्टी घोर भर्त्सना एवम् कडा शब्दमा निन्दा गर्दछ। र, गिरफ्तार गरिएका पार्टीका जिल्ला सेक्रेटर 'सिहितका नेता कार्यकर्तालाई तत्काल रिहाई गर्न माग गर्दछ।'

वक्तव्यमा भनिएको छ, 'दिनदिनै भारतीय पक्षबाट सीमा अतिक्रमण भइरहँदा राज्यस्तरबाट त्यसको विरोध गरिनुपर्ने स्थितिमा जनस्तरबाट भएको विरोधमाथि समेत दमन गरेर ओली नेतृत्वको सरकारले भारतीय विस्तारवादको नाङ्गो दलाली गरेको प्रष्ट रूपमा देखिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गर्ने भनिएको नेपाल भ्रमणको मिति नजिकिदै जाँदा सीमा अतिक्रमण र भारतीय सीमा सुरक्षा वलको ज्यादती अझ बढेर गएको छ। कञ्चनपुरको पुनर्वास नगरपालिकाको वडा नं. ९ बिचफाटमा सीमा पिल्लर नम्बर १९४ रहेको स्थानमा कञ्चनपुरका स्थानीयले बाली जोगाउन लगाएको विद्युतीय तारबार समेत भारतीय प्रहरीले उखेलेर फालेका छन्।


भारतीय प्रहरीको उक्त दादागिरीविरुद्ध स्थानीय जनताले जारी राखेको विरोधप्रति ऐक्यवद्धता जनाउँदै एसएसबीको यस्तो ज्यादतीबाट सीमाका नेपाली नागरिक आजित र असुरक्षित हुनुपर्ने घटनाहरू बढिरहँदा समेत ओली नेतृत्वको सरकार चुँसम्म नबोल्नुले मुलुकको राष्ट्रियता गम्भीर खतरामा रहेको प्रष्ट हुन गएको छ। र, ओली नेतृत्वको सरकारबाटै मुलुकको राष्ट्रियता असुरक्षित हुन पुगेको देखिन गएको छ।'

यस्तो अवस्थामा वक्तव्यमा सिंगो राष्ट्र र स्वाभिमानी नागरिक मुलुकको राष्ट्रिय स्वाधीनता तथा सर्वाभौमिकताको रक्षाका निम्ति एकजुट भएर उठ्न जरुरी छ भन्दै सबै देशभक्त, प्रगतिशिल तथा क्रान्तिकारी शक्तिहरूलाई राष्ट्रिय स्वाधीनताको रक्षाका निम्ति सशक्त आन्दोलन उठानका निम्ति हार्दिक आव्हान समेत गरिएको छ।

## सन्दर्भ २००औं मार्क्स जयन्ती

# कार्लमार्क्स र मार्क्सवादको सान्दर्भिकता





*संसारको ब्याख्यात सवैले गरे गाँठी कुरा त यसलाई वदल्नुपो होत । - **कार्ल मार्क्स***

● हस्तबहादुर के.सी ●

आज मे ५ तारिक आजैका दिन अर्थात आज भन्दा ठी २०० यस वर्ष पहिले सन् १८१८ मे ५ तारिकका दिन मार्क्सबादका प्रतिपादक तथा बैज्ञानिक साम्यबादका सिद्धान्तकार कार्ल मार्क्सको जन्म जर्मनीको ट्रियर शहरमा भएको थियो ।

माक्सले आफ्ना अनन्नी मित्र फ्रेडरीक एंगेल्स (सन १८२०-१८९५) सहयोगमा कम्युनिष्ट लिगको तर्फबााट सन् १८४८ फेव्रवरी १२ तारिकका दिन कम्युनिष्ट घाोषणा पत्र जारी गर्नु भयो ॥ त्यस पश्चात कम्युनिष्ट घोषणा पत्र विश्व सर्वहारा बर्गको मूक्तिको

सिद्धान्त र मार्ग दर्शक सिद्धान्त बन्यो । जो मार्क्सबाद र माक्सबादी दर्शनका रूपमा बैज्ञानिक ढंगले स्थापित हुन पुग्यो । दर्शनका क्षेत्रमा द्वन्दात्मक तथा ऐतिहासिक भौतिकबाद मार्क्सबादको दर्शन बन्न पुग्यो ।

आज कार्ल मार्क्सको जन्म भएको २०० वर्ष परा भएको छ भने मार्क्सबादको उदय भएको १७० वर्ष पूरा भएको छ । यद्यपि यति लामो ऐतिहासिक अवधिमा मार्क्सवादले क्रान्तिकारी मार्क्सवाद र संशोधनबादका विचको भिषण २ लाइन संघर्षका विचबाट आफूलाई विकसित तुल्याउदै ल्यायो र विश्व सर्वहारा वर्गालाई मार्ग दर्शन गर्दै आएको छ यसरी आज माक्सबादको सान्दर्भिकता विगत भै भनै गएको छ किन भने आजको युग साम्राज्यबाद र विश्वसर्वहारा वर्ग विचको भिषण संघर्षको युग हो । मार्क्सबाद सर्वहारावर्गको मुक्तिको अभेद्येय सिद्धान्त भएकाले साम्राज्यबादलाई प्रास्त गेरर सर्वहारा वर्गले आफ्नो अधिनायकत्व कायम गर्न र त्यसलाई टिकाइ राख्नको निम्ती मार्क्सबादको सान्दर्भिकता जारीरहने छ ।

आज मार्क्स मार्क्सको २०० औं जन्म जयन्ती बडो गौरवका साथ मनाइरको अवसरमा विश्व सर्वहारा वर्गले मार्क्सबादलाई जीवन ब्यवहारमा लागु गेरर मात्र यसको विकास गर्न सकिन्छ यस विषयमा तल ब्याख्य गर्ने प्रयत्न गरीएको छ ।


**मार्क्सबादको जन्म**

जब मानव समाज अस्तित्व आयो, त्यसपछि मानव समाजका सर्वोत्तम चिन्तकहरूले 'मानिसद्वारा मानिसको शोषण र उत्पीडनबाट मुक्त हुने आफ्नो उत्पादनको मालिक आफैं हुने, खुसी र समृद्धशाली समाजको निर्माण गर्ने' परिकल्पना गर्दै आएका थिए । यस विषयमा तभाभरवाले विचारकहरूले न्याय र समानताको आधारमा समाजको निर्माण कसरी गर्न सकिन्छ भन्ने विषयमा अनेकौं थरिका परिकल्पनाहरू सहितका सिद्धान्तहरू प्रस्तुत गर्दै आएका थिए तर त्यस प्रकारका सबै विचार र सिद्धान्त समाज विज्ञानका नियम र वास्तविक परिस्थितिमा आधारित नभई कोरा कल्पनामा आधारित थिए । ती विचारहरूले वास्तविक रूपमा सामाजिक शोषण र उत्पीडनबाट कसरी मुक्त हुने र न्याय र समानतामा आधारित समाजको निर्माण गर्ने भन्ने सम्बन्धमा सटिक र वैज्ञानिक जवाफ दिन सकेका थिएनन् ।

मानव जातिको विकास जब पुँजीवादमा भयो तब सर्वहारावर्गको सङ्घर्ष विकासको प्रमुख वाधक बन्यो । ऐतिहासिक आवश्यकताको रूपमा वर्गीय शोषण र उत्पीडनमा मुक्त हुन उपाय र न्यायपूर्ण समाजमा सङ्क्रमण हुने नियम, तरिका र तिनका रूपहरूका बारेमा घोषणा गर्दै आजभन्दा १७० वर्ष पहिले कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले सन् १८४८ फ्रेबुअरी १२ का दिन विश्वविख्यात कम्युनिस्ट घोषणापत्रले अभिव्यक्त गरेको विचार र सिद्धान्तले विश्वभरिका मजदूर तथा सर्वहारावर्गको हितलाई वैज्ञानिक आधारमा पुष्टि गर्ने काम गऱ्यो । मार्क्स-एङ्गेल्सद्वारा जारी गरिएको यस घोषणापत्रको आधारमा संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरूले आ-आफ्नो मुलुकको सामाजिक वस्तुस्थितिको विश्लेषण गर्दै त्यस सिद्धान्तलाई लागु गर्ने प्रयत्न गर्दै आएका छन् । यो क्रान्तिको विज्ञान सम्बन्धी कम्युनिस्ट घोषणापत्रको निर्माण गर्नुभन्दा पहिले पहिले उनीहरूले आफुभन्दा पूर्ववर्ती दार्शनिक, आर्थिक, सामाजिक ज्ञानको प्रसस्त अध्ययन गरेर त्यसैको निष्कर्षको रूपमा मार्क्सवादको प्रतिपादन भयो । यसमा शास्त्रीय दर्शन, अङ्ग्रेजी अर्थशास्त्र र फ्रान्सेली समाजवादको उच्च विकास र मार्क्स र एङ्गेल्समा रूपमा ऐतिहासिक प्रतिभाको समन्वयले मार्क्सवादको प्रादुर्भावमा पृष्ठिभूमिको काम गऱ्यो । माथि पनि भनिएको छ- मार्क्सवादको जन्म पुँजीवादको विकासको प्रारम्भिक अवस्थामा भएको हो र मार्क्सले जर्मन शास्त्रीय दर्शन, अङ्ग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सिसी समाजवादलाई संश्लेषण गर्नुभयो र यसै प्रक्रियामा मार्क्सवादको जन्म भयो ।

मार्क्सवाद एउटा वैज्ञानिक सिद्धान्त हो । मार्क्सवाद एउटा समाज विज्ञान पनि हो । मार्क्सवादी दर्शन द्वन्द्वात्मक भौतिकवादी दर्शन हो । मार्क्सवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणमा आधारित छ । मार्क्सवादी दर्शनका दुई भाग छन्- द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद । मार्क्सवादी दर्शनको मानव चिन्तनको उज्ज्वल तथा प्रगतिशील परम्परालाई आत्मसात गरेर भएको हो । यस विषयमा लेनिनले भन्नुभएको छ- 'मार्क्सवादको जन्म विश्व सभ्यताको अज्जान गल्तीबाट भएको होइन । मार्क्सवादी दर्शन आदिमकालमा सर्वाधिक प्रगतिशील मतहरू, सिद्धान्तहरू र विचारधाराहरूको प्रत्यक्ष सिलसिला हो ।'

वर्गीय समाजमा प्रत्येक दर्शन वर्गदर्शन रहने कुरा मार्क्सवादी दर्शनको सम्बन्धमा पनि लागु हुन्छ । मार्क्सवादी दर्शन पनि एउटा वर्ग दर्शन हो तर यो अन्य दर्शन झैं अल्पसङ्ख्यकहरूको, शोषणहरूको दर्शन नभएर बहुसङ्ख्यक सर्वहारा श्रमजीविहरूको दर्शन हो । यसलाई स्टालिनले मार्क्सवादी लेनिनवादी पार्टीको विश्वदृष्टिकोणका रूपमा परिभाषित गर्नुभएको छ । एक पूरै वैज्ञानिक दर्शनका रूपमा मार्क्सवादी दर्शनले पुरानो पुँजीवादी विश्वको विनास र नयाँ साम्यवादी विश्वको सिर्जनाको लागि अर्थात् विश्वको आमूल रूपान्तरणको लागि जब्बर सैद्धान्तिक जग प्रदान गरेको छ अर्थात् विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी वहन गरेको सर्वहारावर्गको प्रयासलाई मार्क्सवादी दर्शनले सैद्धान्तिक, न्यायोचितताको आधार र निर्देशन प्रदान गरेको छ । त्यसमा विश्व सर्वहारावर्गको संसारलाई विकसित बुझ्ने र त्यसलाई बदल्ने एक अचूक बौद्धिक अस्त्र भेटाएको छ । यस विषयमा




लेनिनले यसरी दर्शाउनुभएको छ- 'मार्क्सवादको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो जसले मानव जातिलाई र खास रूपले मजदूरवर्गलाई ज्ञानका शक्तिशाली औजार प्रदान गरेको छ ।'

जसले जीवन र जगत्‌लाई फेर्न चाहन्छ, विद्यमान यथार्थलाई फेरेर नयाँ यथार्थको निर्माण गर्न चाहन्छ, त्यसले संसारलाई बुझ्नुपर्दछ । त्यसलाई फेर्ने तरिका जान्नुपर्दछ । यही सामर्थ्य मार्क्सवादी दर्शनले मात्र उसलाई दिन्छ । मानव समाजमा सर्वहारावर्ग सबैभन्दा ठुलो शक्तिशाली र सचेत वर्ग हो । यस वर्गको लागि दर्शनको कत्रो महत्व रहेको हुन्छ भन्ने कुरालाई स्वयम् कार्ल मार्क्सले यसरी व्याख्या गर्नुभएको छ- 'जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ' त्यसैगरी मार्क्सवादको- दार्शनिक पक्षको महत्वलाई माओत्सेतुङ्ले यसरी दर्शाउनुभएको छ- 'मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्गसङ्घर्षको सिद्धान्त तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिँदैन भने हाम्रो एउटा कुनै साझा भाषा वा साझा तरिका हुनेछैन । हामी चीजहरूलाई स्पष्ट नपारीकन यताउताको कुराको तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसकेपछि थुप्रै दुःखकष्टबाट जोगिनेछ र धेरै गल्तीहरू हट्नेछन् ।'

पुरानो संसारलाई विनष्ट पारी त्यसको लासमा नयाँ वर्गविहीन संसारको रचना गर्न सर्वहारा श्रमजीविवर्गको लागि मार्क्सवाद अचूक, अमोघ, अजय अस्त्र बन्न पुग्यो । क्रान्तिको विज्ञानको रूपमा मार्क्सवाद विश्व क्रान्तिकारी आन्दोलनको व्यवहारसँगै निरन्तर विकसित भइरहेको छ ।

मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सिद्धान्त बन्न पुगेपछि सर्वहारावर्गले आफ्नो मुक्तिको सिद्धान्तको प्रतिपादन र विकासको कामलाई तीन ऐतिहासिक चरणमा सम्पन्न गरेको छ- जस्तै मार्क्सवादी चरण, लेनिनवादी चरण र माओवादी चरण । हामीले विशेष रूपले बुझ्ने कुरा के हो भने संसारलाई बदल्ने ऐतिहासिक जिम्मेवारी वहन गरिरहेको सर्वहारावर्गको सिद्धान्तको जन्म र विकासका दृष्टिले यी तीनवटै चरणको विशेष ऐतिहासिक महत्व छ । मार्क्सले जर्मन शास्त्रीय दर्शन, अङ्ग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सिसी समाजवादलाई संश्लेषण गर्नुभयो र यसै प्रक्रियामा मार्क्सवादको जन्म भयो । मार्क्सवाद विश्वक्तान्तिको इतिहासमा एक युगान्तकारी परिघटना हो । साथै, यसको चरणबद्ध विकासको क्रममा लेनिनवादी तथा माओवादी चरणमा पनि यस प्रकारको सिद्धान्तका तीनवटै सङ्घटक अङ्गको विकास गर्ने काम भएको छ ।

मार्क्सवादको प्रतिपादन र त्यसको विकास र रक्षा गरिरहेको बेला मार्क्स र एङ्गेल्सले सर्वहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति एउटा देशमा मात्र नभएर इङ्ल्यान्ड, फ्रान्स, जर्मनी जस्ता औद्योगिक विकास भएका पुँजीवादी देशहरूमा एकैसाथ हुने कुरा बताउनुभएको थियो तर लेनिनले पुँजीवादको चरम अवस्था साम्राज्यवाद भएको र साम्राज्यवादको उदयको स्थितिमाथि ध्यान दिँदै त्यसको अनिवार्य परिणाम युद्ध हुने र साम्राज्यवाद समाजवादी क्रान्तिको पूर्वबेला बन्न जाने स्थितिको विश्लेषण गर्दै एउटा देशमा पनि समाजवादको जित हुन सक्छ भन्ने मान्यता प्रस्तुत गर्नुभयो । त्यसै अनुरूप सशस्त्र विद्रोह मार्फत सन् १९१७ मा रूसमा महान् अक्टुबर समाजवादी क्रान्ति पनि सम्पन्न भयो । यसरी लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद बन्न पुग्यो । यसरी लेनिनवाद मार्क्सवादको प्रयोग र विकास मात्र होइन, सिद्धान्त र व्यवहारबीच द्वन्दात्मक एकरूपता कायम गर्न गरी विश्व क्रान्तिको इतिहासमा नयाँ अध्याय थप्न पनि सफल भएको छ किनकि मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो र पुँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति सर्वहारा आन्दोलन तथा ज्ञान-विज्ञानका विविध क्षेत्रमा थप प्रगति हूँदै जान् र यस प्रकारको नयाँ परिस्थिति गर्नूपर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवादको जन्म भएको हो ।

त्यसैगरी चीनमा विशिष्ट परिस्थितिमा मार्क्सवाद-लेनिनवादको सृजनात्मक रूपमा प्रयोग गर्नेक्रममा माओको नेतृत्वमा अर्धसामन्ती तथा अर्धऔपनेवेशिक अवस्थामा रहेको चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो र समाजवादी क्रान्तिको प्रक्रियालाई अगाडि बढाइयो । अर्धसामन्ती तथा अर्धऔपनेवेशिक देशहरूमा सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने र समाजवादी क्रान्तिलाई सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत निरन्तरता दिँदै महान् सर्वहारा सांस्कृतिक क्रान्ति सम्पन्न गर्ने ऐतिहासिक प्रक्रियामा चीनमा मात्र होइन, विश्वक्तान्तिकै लागि समेत माओको विशिष्ट योगदान रहेको छ किनकि मार्क्सवाद-लेनिनवादको गुणात्मक विकास तेस्रो र नयाँ चरण माओवाद हो । सामन्तवाद-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूमा क्रान्तिका समस्याहरूको समाधान गर्नुपर्ने रुस, पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादको पुनःस्थापनाका कारणहरूको खोज, अनुसन्धान गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरूद्धको लडाइँ लड् नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो नयाँ र गुणात्मक उचाइमा पुऱ्याउने काम भएको हो ।

**मार्क्सवादको विकास**

सन् १८४७ नोभेम्बरमा लन्डनमा कम्युनिस्ट लिगको दोस्रो सम्मेलनको आयोजना गरिएको थियो । उक्त सम्मेलनमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स सहभागी हुनुभएको थियो । कम्युनिस्ट लिगको उक्त दोस्रो सम्मेलनले मार्क्स र एङ्गेल्सलाई कम्युनिस्ट घोषणापत्रको मस्यौदा तयार पार्ने जिम्मा दिएको थियो । मार्क्स र एङ्गेल्सले एक वर्ष लगाएर कम्युनिस्ट घोषणापत्रको मस्यौदा तयार पार्नुभयो र सन् १८४८ फेब्रुअरी १२ का दिन विश्वविख्यात कम्युनिस्ट घोषणापत्र जारी गर्नुभयो जो समग्रमा मार्क्सवादका रूपमा प्रतिपादित हुन पुग्यो र मार्क्सवाद विश्व सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक अस्त्र बन्न पुग्यो ।

मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । यो पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो । यसका दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद गरी तीन सङ्घटक अङ्ग रहेका छन् । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसङ्घर्ष तथा इतिहासमा बल प्रयोगको भूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद यसका आधारभूत मान्यता हुन् अर्थात् प्रकृति, समाज, राज्य व्यवस्था आदिबारे कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले महान् खोज र प्रयोगद्वारा निकाल्नुभएको वैज्ञानिक तथा क्रान्तिकारी विचार, सिद्धान्त र व्यवहारलाई मार्क्सवाद भनिन्छ । मार्क्सवादले पुँजीपति वर्गको राज्य व्यवस्थालाई ध्वस्त पारी त्यस ठाउँमा सर्वहारा श्रमजीविवर्गको राज्य व्यवस्था स्थापना गर्ने सही तथा क्रान्तिकारी बाटो देखाउँछ । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । यो दर्शनको सिद्धान्त भौतिकवाद हो ।

**मार्क्सवादी चरणको विकास**

मार्क्सवादको अहिले मार्क्सवाद-लेनिनवाद-माओवादमा गरी तीन गुणात्मक चरणमा विकसित भइसकेको छ । मार्क्सवादको बारेमा माथि नै बताइएको छ । लेनिनको भनाइ अनुसार मार्क्सवाद भनेको मार्क्सका विचार उनका शिक्षाको व्यवस्थित शृङ्खला हो । मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादका तीन सङ्घटक तत्वहरूको संश्लेषणबाट भएको छ । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा भौतिकवादी दर्शन हो । यसले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्छ । यसले चेतनालाई वस्तुजगत्‌को आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ । मार्क्सवादी दर्शनको पद्धति द्वन्द्वात्मक हो । मार्क्सको राजनीतिक अर्थशास्त्र श्रमको मूल्य सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित रहेको छ । मार्क्सको वैज्ञानिक समाजवाद वर्गसङ्घर्ष, इतिहासमा बल प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र साम्यवादका आधारभूत मान्यताद्वारा निर्मित भएको हो ।

**लेनिनवादी चरणको**

मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो । पुँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति, सर्वहारा आन्दोलन तथा ज्ञान-विज्ञानका विविध क्षेत्रमा थप प्रगति हुँदै जानु र यस प्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उचाइमा विकसित गर्नुपर्ने ऐतिहासिक आवश्यकताका बिचबाट लेनिनवादको जन्म भएको हो । साम्राज्यवाद र संशोधनवादको चिरफार गर्दै क्रान्तिका कामहरूलाई अगाडि बढाउनुपर्ने आवश्यकताको परिपूर्ति लेनिनवादबाट भयो । लेनिनले सुरूमा सन् १९१७ मा महान् अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गरेर मार्क्सवादको सफल प्रयोग गर्नुभयो । यसैक्रममा लेनिनले सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको गठन गर्नुभयो । लेनिनवादका बारेमा स्टालिन भन्नुहुन्छ- 'लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो । अझ खसोखास भन्ने हो भने लेनिनवाद भनेको सामान्यतः सर्वहारा क्रान्तिको सिद्धान्त तथा कार्यनीति विशेषतः सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त र कार्यनीति हो ।

लेनिनवादका शिक्षाका बारेमा माओले भन्नुहुन्छ- लेनिनवादको सिद्धान्तले मार्क्सवादको विकास गरेको छ । यो कुन कुराको सन्दर्भमा भएको छ भने प्रथम विश्वदृष्टिकोणमा, भौतिकवाद र द्वन्द्ववादमा द्वन्द्वात्मक क्रान्तिकारी सिद्धान्त र कार्यनीतिमा विशेषतः वर्गसङ्घर्ष सर्वहारावर्गको अधिनायकत्व र सर्वहारावर्गको राजनीतिक पार्टीका प्रश्नहरूमा र यसका साथै समाजवादी निर्माणमा लेनिनका शिक्षाहरू रहेका छन् । अन्ततः मार्क्सवादी-लेनिनवादी विश्वदृष्टिकोणलाई क्रान्तिको कार्यदिशासँग गाँस्ने वर्गदुश्मन तथा संशोधनवादका विरूद्ध वर्गसङ्घर्ष र दुईलाइन सङ्घर्षका समस्याहरूको समाधान गर्दै समाजवादको स्थापना तथा निर्माण गर्नेक्रममा लेनिनको भूमिका अद्वितीय रहेको छ ।

माओवादी चरणको विकास

मार्क्सवाद लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो । सामन्तवादी-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त, अविकसित देशहरूमा क्रान्तिका समस्याहरूको समाधान गरिनुपर्ने, स्टालिनको मृत्यु पश्चात रूस एवम् पूर्वी यूरोपका कैयौं देशहरूमा पुँजीवादको पुनर्स्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरूद्धको लडाइँ लड्नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुऱ्याउने काम भयो ।

द्वन्द्वात्मक भौतिकवादको सारतत्वको रूपमा अन्तर्विरोधको नियम, विपरीतहरूको एकताको नियमको उद्घाटन र व्याख्या एकको दुईमा विभाजन हुन्छ भन्ने कुराको समृद्ध व्याख्या र प्रयोग ज्ञान-सिद्धान्तको क्षेत्रमा पदार्थको चेतना र चेतनाको पदार्थमा रूपान्तरणको दुई छलाङ्को सिद्धान्तको विकास र व्याख्या, आधार र उपरीसंरचना, उत्पादक शक्ति र उत्पादन सम्बन्ध, सिद्धान्त र व्यवहारबीचको द्वन्द्वात्मक सम्बन्धको व्याख्या, विवेचना र परिमार्जन, नयाँ जनवाद, दीर्घकालीन जनयुद्ध, नोकरशाही पुँजीवाद, सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्त तथा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सिद्धान्तको प्रतिपादन तथा प्रयोग, वर्ग सङ्घर्षलाई मुख्य कडी मान्ने, दर्शनलाई जनसमुदायमा पुऱ्याउनुपर्ने कुरामा जोड, विश्वदृष्टिकोण र कार्यदिशा बिचको अन्तर्सम्बन्धको प्रस्तुति, वर्गसङ्घर्ष तथा दुईलाइन सङ्घर्षको समस्याहरूको समाधानका लागि रणनीति तथा तथा कार्यनीतिको विकास र संशोधनवादका विरूद्ध निर्मम सङ्घर्ष आदिमा माओको योगदान अद्वितीय रहेको छ । अतः मार्क्सवाद-लेनिनवाद-माओवाद आज विश्वसर्वहारावर्गको मुक्तिको सैद्धान्तिक अस्त्र र पथप्रदर्शक सिद्धान्त बन्न पुगेको छ । मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त स्वीकार नगर्नेहरू सच्चा क्रान्तिकारी कम्युनिस्ट नै बन्न सक्दैनन् । मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पार्टीको मार्गदर्शक सिद्धान्त र पथप्रदर्शक सिद्धान्त नबनाउने पार्टीहरू क्रान्तिकारी पार्टी बन्नै सक्दैनन् ।

**संशोधनवादको जन्म र विकास**

मार्क्सवादको जन्म सँगै संशोधनबादको पनि जन्म भएको हो । संशोधनवाद भनेको पुँजीवाद हो । यसको स्रोत व्यक्तिवाद, निम्न पुँजीवाद, पुँजीवाद र साम्राज्यवाद हो । व्यक्तिवाद भनेकै पुँजीवाद र साम्राज्यवाद हो । वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्ष तथा सर्वहारा अधिनायकत्वको परित्याग र मार्क्सवादका आधारभूत सैद्धान्तिक मान्यताहरूको तोडमरोड तथा अपव्याख्या गर्नु नै संशोधनवाद हो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा मार्क्सवादी र संशोधनवादी कार्यदिशाका बीचमा भीषण सङ्घर्ष चल्दै आएको छ ।

संशोधनवादको सङ्घर्ष पहिलो इन्टरनेसनल कालमा अराजकतावाद र अवसरवादका विरुद्ध परिलक्षित रहेको थियो भने दोस्रो अन्तर्राष्ट्रिय कालमा मुख्यतः पुँजीवादको साम्राज्यवादमा परिणत भइसकेपछिको अवस्थामा खुलेर प्रकट भएको थियो । त्यस्तै, तेस्रो अन्तर्राष्ट्रियदेखि यता मार्क्सवाद-लेनिनवाद-माओवादको विकाससितै संशोधनवाद पनि शास्त्रीय संशोधनवाद, आधुनिक संशोधनवाद, नवसंशोधनवाद समेत विभिन्न रूपमा प्रकट हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा प्रकट हुँदै आएका सबैखाले संशोधवादको प्रभाव नेपालको कम्युनिस्ट आन्दोलन पनि पर्दै आएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा अवसरवाद, दक्षिणपन्थी संशोधनवाद, आधुनिक संशोधनवाद र नवसंशोधनवादको रूपमा प्रकट हुँदै आएको छ । नवसंशोधनवाद सबैभन्दा खतरनाक प्रवृत्तिका रूपमा प्रकट भएको छ र यसले वर्तमान नेपाली कम्युनिस्ट आन्दोलन र नेपाली क्रान्तिलाई समेत गम्भीर क्षति पुऱ्याइरहेको छ । नेपालमा मार्क्सवादी र संशोधनवादी कार्यदिशाका बीचमा भीषण दुईलाइन सङ्घर्ष तथा विचारधारात्मक अन्तर्सङ्घर्ष चल्दै आएको छ र यसले नेपाली कम्युनिस्ट आन्दोलनमा टुटफुट पैदा गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका समृद्ध ऐतिहासिक अनुभव र तथ्यहरूमा आधारित भएर अर्थात् दुई गुणात्मक ढङ्गले भिन्न सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादको विकास र शास्त्रीय संशोधनवाद, आधुनिक संशोधनवाद, नवसंशोधनवादको प्रतिक्रियावादमा पतनको सारतत्वमाथि ध्यान दिनु आवश्यक हुन्छ ।

मार्क्सवाद सर्वहारा क्रान्तिको वैज्ञानिक सिद्धान्त हो यसका तीन सङ्घटक अङ्ग छन् । ती हुन्- दर्शन, राजनीतिक, अर्थशास्त्र र समाजवाद । मार्क्सवादको दर्शन द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवाद हो । मानव जातिको इतिहासको विकास प्रक्रियाको आर्थिक नियमहरूको भौतिकवादी अध्ययन गर्ने विज्ञानको नाम राजनीतिक अर्थशास्त्र हो । समाजवाद अन्तर्गत वर्ग-वर्गसङ्घर्ष, पार्टी, राज्यसत्ता, सर्वहारा अधिनायकत्व र ती सबैको विलुप्तिको वैज्ञानिक अध्ययन गरिन्छ । सर्वहारा क्रान्तिको यो वैज्ञानिक सिद्धान्त तमाम प्रकारका आदर्शवाद, अधिभूतवाद र कल्पनावादका विरूद्ध खडा छ । यो वैज्ञानिक सिद्धान्तसित सामना गर्न सक्ने क्षमता आज कसैसँग छैन । यो वैज्ञानिक र गतिशील सिद्धान्त भएकोले आज यो मार्क्सवाद-लेनिनवाद र माओवादका रूपमा विकसित भएको छ । यहाँनेर बुझ्नैपर्ने कुरा के हो भने मार्क्सवादको संशोधन, अपव्याख्या र पुनर्विचार गर्नु संशोधनवाद हो । मार्क्सवादको सैद्धान्तिक विजयको कारण आफ्नो पृथक अस्तित्व धान्न असमर्थ तमाम प्रकारका अवसरवादी तथा काल्पनिक समाजवादी धाराहरू मार्क्सवादको वैज्ञानिक धाराभित्र जब घुस्न पुग्छन्, त्यो बेला संशोधनवादको जन्म हुन्छ । मार्क्सवादको जन्मको लगत्तै प्रुंधो जस्ता अवसरवादीहरूको जन्म भयो । मार्क्सवादलाई पुरानो भइसकेको जडसुत्रवादी सिद्धान्त बताउँदै यसको संशोधन र पुनर्विचारको प्रस्तावना पेस गर्ने पहिलो व्यक्ति बर्नस्टाइन हुन् । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा संशोधनवादका दक्षिणपन्थी, उग्रपन्थी एवम् मध्यपन्थी रूपहरू विभिन्न कालखण्डमा देखापर्दै आएका छन् र यिनमा दक्षिणपन्थी संशोधनवाद-नवसंशोधनवाद नै अधिक विकृतिपूर्ण एवम् खतरनाक रहिआएको छ । संशोधनवादको... *बाँकी ७ पेजमा*

# रूसमा मार्क्सवाद र लेनिनको संक्षिप्त जीवनी



● हुकुमबहादुर सिंह ●

*(अघिल्लोको बाँकी )*

जेलबाट समेत लेनिनले बाहिर रहेका उहाँका कमरेडहरूसित नजिकको सम्पर्कलाई व्यवस्थित गर्नु भयो । उहाँको आमा र बहिनी अन्नाले कैयौ किताबहरू ल्याएर किताबमा उहाँले कोड भाषामार्फत जसलाई उहाँले आफ्नो बहिनीलाई सिकाउनु भएको थियो, चिठीहरू पठाउनु भयो । उहाँले दुधमा लेखिएका चिठीहरू पनि पठाउनु भयो जसले नदेखिने मसिको रूपमा काम गर्दथ्यो जुन पछि त्यसलाई तताएर पढदा देख्न सकिने हुन्थ्यो । उहाँले कालो रोटीलाई मसिदानीका रूपमा प्रयोग गर्नु हुन्थ्यो ताकि यदि कुनै जेल सुरक्षा आर्मी नजिकमा आयो र देख्यो भने त्यसलाई उहाँले छिटछिटो निल्न सक्नु हुनथ्यो । यसरी जेलबाट लेनिनले पम्पलेटहरू र प्रत्यक्ष हडतालहरूको आव्हानमा लेख लेख्न सक्नु हुन्थ्यो, जो १८९६का दौरान जुनवेला रसियाभरी एउटा ज्वारका रूपमा फैलिएको थियो । उहाँ लिगका वास्तविक नेताका रूपमा प्रख्याती कमाउदै जानु भयो । सोही समयमा उहाँले विहानदेखि रातीसम्म गहिरो अध्ययन गरिरहँदा उहाँको पहिलो सैद्धान्तिक कार्य-रुसी पुँजीवादको विकासको गहन अध्ययन र अनुसन्धान गर्न सुरू गर्नु थियो । लेनिनले सुत्न जानुभन्दा अगाडि दैनिक नियमित शारिरिक अभ्यास गरेर शरीरलाई तन्दुरस्ती राख्ने गर्नु हुन्थ्यो ।

एकवर्षभन्दा अलि बढता जेलको बसाईपछि लेनिनलाई कैद मुक्त गरियो तर त्यसको लगत्तै उहाँलाई तीनवर्षका लागि साइबेरियामा निर्वासनमा पठाइयो जहाँ उहाँ १८९७ मेमा पुग्नु भयो । क्रुप्सकायालाई पनि त्यही समयमा गिरफ्तार गरियो । लेनिनले साइबेरियाबाट उहाँलाई विवाहको प्रस्ताव राख्नु भयो । उहाँले सामान्यरूपले उत्तर दिनु भएको थियो- 'यदि म एउटी श्रीमति हुने हो भने, यसलाई अहिलेकै अवस्था नै ठिक छ ।' उहाँलाई साइवेरियामा लेनिनसित वस्ने अनुमति दिइयो जहाँ १८९८ मेमा उहाँ पुग्नु भयो । लेनिनले साइवेरियामा उहाँको वसाइका दौरानमा प्रशस्त समय सैद्धान्तिक काममा विताउनु भयो । क्रुप्सकायासित मिलेर उहाँको सहयोगमा लेनिनले एउटा अंग्रेजी किताब-रसियामा औधोगिक प्रजातन्त्रको अनुवाद गर्नु भयो । उहाँले उहाँको कार्य रसियामा पुँजीवादको विकासमाथिको लेखाई पुरा गर्नु भयो जुन वैधानिक रूपमा १८९९मा प्रकाशित गरियो । उहाँले अघिल्लो खण्डमा बर्णन गरिएको बर्नस्टीन संशोधनवादलाई लिएर गरिएको एउटा अवसरवादी प्रवृतिमा आधारित अर्थशास्त्रीहरूका विरूद्ध उहाँको संघर्षलाई पनि सुरू गर्नु भयो । उहाँले रसियन क्रान्तिका तत्कालिन कार्यहरू र कार्यक्रमहरू के हुनु पर्दछ भन्नेबारे लगातार लेखहरू लेख्नु भयो । जब उहाँ निर्वासनबाट बाहिर आउनु भयो, उहाँका लागि अति जरूरी र जल्दोबल्दो कार्य क्रान्तिकारी सर्वहारा पार्टीको निर्माण थियो । द रसियन सामाजिक प्रजातान्त्रिक लेबर पार्टी(आरएसडिएलपी) १८९८मा गरिएको एउटा कांग्रेसमा औपचारिक रूपले स्थापना गरिएको थियो, जसमा केवल ९ जना प्रतिनिधिहरू थिए । तै पनि कांग्रेसले निर्वाचित गरेको केन्द्रीय समिति धेरै छिटो गिरफ्तार गरियो । यद्धपि पार्टीको झण्डा यो कांग्रेसले घोषणा गरेको थियो कि यसले सबै समूहहरूलाई एकतावद्ध गर्न वास्तवमा असफल भयो र एउटा पार्टी संगठनात्मक संरचना निर्माण गर्न सकेन् । यसरी १९००का लागि यो कार्य बाकी रहयो ।

१९००को सुरूमा जब लेनिन निर्वासनमा हुनुहुन्थ्यो पार्टी निर्माणको लागि योजनालाई विस्तृत खाका बनाइएको थियो । यसका लागि लेनिनले महसुस गर्नु भएको थियो कि अखिल रसियन राजनीतिक समाचार पत्रको स्थापनाको आवश्यकता छ । लेनिनले प्रस्ताव राख्नु भएको थियो कि राजनैतिक रूपले र संगठनात्मक रूपको एउटा मात्रै मार्ग जसले छरिएर रहेका मार्क्सवादी अध्ययन सर्कलहरू, समूहहरू र संगठनहरूलाई एकतावद्ध गर्न एउटा राजनीतिक समाचारपत्रमार्फत सम्भव छ । यो समाचारपत्रले तत्कालै सबै अवसरवादी भड्कावहरूका विरूद्ध लड्दै र सही लाइनलाई प्रस्तुत गरेर रसियाभरका सबै विभिन्न सेलहरूलाई एक आपसमा राजनीतिक सम्वन्ध स्थापित गर्न सक्षम हुने छ । त्यसैगरी एउटा अवैधानिक पत्रिकालाई गोप्य तरिकाले वितरणको कठिन कार्यले रसियन गुप्तचर पुलिसको दमन सामना गर्नमा तालिम प्राप्त आफै एउटा भूमिगत संगठन निर्माण गर्न सक्षम हुने छ । लेनिनले पार्टी कंग्रेसको आव्हान गर्नुभन्दा अगाडि नै यो कार्यक्रमलाई पहिलो बनाउन चाहानु हुन्थ्यो किनभने संशोधनवादी र अवसरवादी प्रवृतिहरू जसले आउने वर्षहरूमा भएका आन्दोलनहरूमा उनीहरूका टाउकाहरू उठाइसकेका थिए तिनलाई पराजित गर्नु पहिलो आवश्यकता थियो ।

लेनिनको योजनाको महत्वपूर्ण कार्य रसियाका विभिन्न शहरहरूमा रहेका संघर्षका लिगहरूद्धारा र समाजवादी लोकतान्त्रिकहरूको कन्फरेन्स जसमा उहाँले यो योजनालाई बहसका लागि व्यवस्था गर्नु भएको थियो, त्यसमा बहसगरेर त्यसलाई पास गर्नु थियो । यो योजनामा उहाँका प्रमुख सहयोगीहरू सेन्ट पिटसवर्गको केन्द्रीय समूहका सदस्यहरू मार्तोभ र पोट्रेसोभ जसलाई गिरफ्तार गरेर साइवेरियामा सोही समयमा जुन समयमा लेनिन त्यहाँ हुनुहुन्थ्यो, पठाइएको थियो । योजना अनुसार पत्रिकालाई बाहिरबाट प्रकाशित गर्ने थियो किनभने रसियाभित्रबाट यसलाई प्रकाशित गर्ने काम ज्यादै कठिन थियो । लेनिनले यो अभिप्रायका लागि प्लेखानोवको 'लेवर समूहको मुक्ति' जो पहिले देखि नै बाहिर अस्तित्वमा थियो, सित एकतागर्ने योजना पनि थियो । सम्पादकीय बोर्ड सदस्यहरूमा ६जना सदस्यहरू थिए जसमा तीन जना बाहिरी 'लेवर समूहको मुक्ति'बाट र तीन जना रसियाबाट जसमा लेनिन, मार्तोव र पोट्रेसोव थिए । सबै व्यवस्थापनहरू गरिसकेपछि पत्रिकाको पहिलो अंक डिसेम्वर १९००मा बाहिर आयो । यसलाई इष्क्रा माने झिल्को भनियो । यसको टाइटल पेजमा १८२५को पहिलो रसियन पुँजीवादी क्रान्तिकारीहरूका शब्दहरू-झिल्कोले एउटा ज्वाला बाल्ने छ भन्नेलाई राखियो । इष्क्रा विभिन्न समयमा विभिन्न देशहरू-जर्मनी, इगलैण्ड र स्टिजरलैण्डमा छाप्ने काम भयो । यसलाई सिधै रसियामा कहिल्यै पठाइएन् बरू जवसम्म रसियाभित्र रहेको गोप्य इष्क्रा समितिमा तिनीहरू पुग्ने हुँदैननूथे, यसलाई एकदमै घुमाउरो बाटोहरू हुँदै पठाउने गरियो । वितरकहरूका लागि गुप्त पुलिसलाई छल्नु एउटा एकदमै कठिन काम थियो र यदि इष्क्राका गुप्तरूपले निकाशी पैठारी गर्नेहरू समातिए भने तिनीहरूलाई सिधै साइवेरियाको निर्वासनमा पठाइन्थ्यो । इष्क्रा मजदुर वर्ग प्रशिक्षण गर्नका लागि एउटा प्रमुख औजार थियो किनभने पत्रिकामा प्रकाशित लेखहरू पढेर विभिन्न अध्ययन सर्कलहरूमा लेक्चर सहित कक्षा लिने गरिन्थ्यो । इष्क्रा एजेण्टहरूले गोप्य इष्क्रा लिफलेटसका रूपमा पनि वितरण गर्ने प्रत्येक अवसरहरूको उपयोग गर्ने गर्दथे । तिनीहरूलाइ केबल कारखानाहरूमा मात्रै वितरण गरिएन बरू गल्लीहरू, नाचघरहरू, फौजी व्यारेकहरू र हुलाकहरूमार्फत पनि वितरण गरिए । ठूला शहरहरूमा तिनीहरूलाई गल्लीहरूमा छरिए अथवा बाल्कोनीबाट तल नाचघरहरूमा छरिए । स्थानीय स्तरमा तिनीहरूलाई राती अवेरा र विहानै कारखानाका चोकचोकहरू र पानी थाप्ने ठाउँहरूमा, जहाँ तिनलाई मानिसले विहानै देख्न सक्दथे, राखियो । प्रत्येक यस्ता अपरेशनपछि जसलाई सोयिंग( कयधष्लन) भन्ने गरिन्थ्यो, एउटा निस्चित चिन्ह नजिकका पर्खालमा लगाउने गरिन्थ्यो ताकि रातीको कामको असर, प्रभावको पुरा प्रतिवेदन विहानमा पाउन सकिन्थ्यो । स-साना नगरहरू र गाउँहरूमा, इष्क्रा पर्चाहरूलाई बजारका दिनहरूमा किसानका हलोहरू र पर्खालहरूमा टाँसिएको हुन्थे । यो सबै खतरापूर्ण काम थियो, किनभने पत्ता लाग्दा वित्तिकै गिरफ्तार र साइवेरियाका लागि निर्वाशनको सम्भावना थियो । यो काममा संलग्न कमरेडहरूले सुस्त-सुस्त लेनिनको सर्वहारा पार्टी निर्माणको योजना मुताविक त्यसको आधारमा प्रोफेशनल क्रान्तिकारीहरूको टिम निर्माण गर्न सुरू गरे ।

पार्टीको संरचना र वनावटलाई, लेनिनले विचार गर्नु भयो कि यसका दुई भागहरूः एउटा नेतृत्वदायी पार्टि कार्यकर्ताहरूको नियमित क्याडरहरूको एउटा नजिकको सर्कल । खासगरी प्रोफेशनल क्रान्तिकारीहरू, त्यो भनेको, पार्टी काम देखि वाहेक अन्य सबै पेशाहरूबाट स्वतन्त्र र कम्तिमा पनि न्यूनतम सैद्धान्तिक ज्ञान भएका, राजनीतिक अनुभव भएका, संगठनात्मक व्यावहार भएका र जारशाही पुलिससित लडने र सामना गर्ने कला भएका पार्टी कार्यकर्ताहरू । दोस्रो स्थानीय पार्टी संगठनहरूको एउटा चौतर्फि सञ्जाल भएको र मजदुर जनताको सयौ-हजारौको समर्थन भएको । जब यस्तो पार्टी निर्माणको प्रक्रिया इष्क्राको मद्‌तमार्फत अगाडि बढिरहेको थियो, लेनिनले उहाँका लेखहरू र किताबहरूमार्फत यो प्रक्रियालाई दिशा निर्देसन गर्नु भयो । खासगरी महत्वपूर्ण कुराहरू कहाँबाट सुरू गर्ने ? के गर्ने ? र संगठनात्मक प्रश्नहरूमाथि कमरेडलाई चीठीआदि थिए । यी कामहरूमा उहाँले सर्वहाराको वैचारिक र संगठनात्मक आधार बसाल्ने काम गर्नु भयो ।

संगठनात्मक प्रश्नहरू बाहेक लेनिनले गरेको एउटा प्रमुख लडाई अर्थशास्त्रीहरू, जसले मजदुरहरूको आर्थिक संघर्षलाई मात्रै काम गर्ने सामाजिक प्रजातान्त्रिक पार्टीका रूपमा सिमित गर्न चाहन्थे, तिनका विरूद्ध थियो । तिनीहरू रसियामा लेनिनको निर्वासनको दौरानमा शक्तिमा बढेका थिए र लेनिनले महसुस गर्नु भएको थियो कि पार्टी कंग्रेस सुरूभन्दा पहिले अर्थवादलाई वैचारिक रूपले पराजित गरिनु पर्दछ । उहाँले तिनीहरूमाथि सिधै आक्रमण सुरू गर्नु भयो, खासगरी उहाँको 'के गरिनु पर्दछ ?' भन्ने किताब मार्फत । लेनिनले पर्दाफास गर्नु भयो कि कसरी अर्थशास्त्रीहरूका विचारहरूको अर्थ मजदुर वर्गका निरन्तरतालाई नमस्कार गर्ने गर्दछन् र पार्टीको नेतृत्वदायी भूमिका र सचेतताको भूमिकालाई इन्कार गर्ने गर्दछन् । उहाँले देखाउनु भयो कि कसरी पुँजीवादलाई मजदुर वर्गको दासता तर्फ यसले लैजाने गर्दछ । जब मार्क्सवाद प्रशिक्षीत गरिरहँदा, अर्थशास्त्रिहरूले सामाजिक सुधारको एउटा पार्टीभित्र क्रान्तिकारी पार्टीलाई बदल्न चाहन्थे । लेनिनले यसरी देखाउनु भयो कि कसरी अर्थशास्त्रिहरू बर्नस्टिन शंसोधनवादका अवसरवादी प्रवृतिका रसियन प्रतिनिधि थिए । लेनिनको यो किताब, रसियामा व्यापक वितरण गरिएको थियो, अर्थवादलाई कडारूपले पराजित गर्न सफल भयो । यसले यसप्रकार सिद्धान्तहरूलाई स्थापित गऱ्यो, जुन पछि गएर बोल्सेविक पार्टीको वैचारिक जग बन्यो ।

रसियन समाजवादी प्रजातान्त्रिक मजदुर दल(आरएसडिएल्पी) भित्र बेल्सेविक प्रवृतिको वास्तविक जन्म जुलाई-अगस्त १९०३मा भएको दोस्रो पार्टी कंग्रेसमा भयो । कग्रेसमा प्रमुख बहस पार्टीको प्रकृति कस्तो हुनु पर्दछ र यसरी पार्टीमा कसलाई सदस्यता दिइनु पर्दछ भन्ने सम्वन्धमा थियो । लेनिन जसले दिमागमा एउटा कसिलो,प्रभावकारी प्रोफेशनल क्रान्तिकारी आधारित पार्टीको प्रस्ताव राख्नु भएको थियो ताकि सबै सदस्यहरूले पार्टी संगठनहरूको कुनै एकमा काम गर्नु पर्दछ । मार्तोभले, अर्कोतीर, उसको मोडल खुकुलो काम गर्ने कानुनी पार्टीहरू, जुन त्यो समयमा दोस्रो अन्तराष्ट्रियमा सामान्य भएको थियो । उसले यसरी सदस्यका लागि खुकुलो क्राइटेरिया प्रस्ताव गऱ्यो, जसले कुनै पनि व्यक्ति पार्टी कार्यक्रम स्विकार गऱ्यो र आर्थिक रूपले सहयोग गऱ्यो भने पार्टी सदस्यका लागि योग्य हुन्थ्यो । उ यसरी कुनै पनि पार्टी शुभेच्छुकलाई पार्टी सदस्यता दिनलाई तयार थियो । यो प्वाइन्टमाथिको भोटमा बहुमत मार्तोभसित थिए । यद्धपि पछि जब केही अवसरवादी पक्षहरूले कंग्रेस बहिष्कार गदै कंग्रेसबाट बाहिरीए बहुमत लेनिनको पक्षमा आयो । यो केन्द्रीय समितिको निर्वाचनहरूमा स्पष्टसित देखियो र इष्क्राको सम्पादक मण्डलमा, जुन लेनिनको प्रस्तावहरू अनुसार भयो । यी दुई समूहहरू बीचको फरक यद्धपि बलियो रहयो र कंग्रेसपछि समेत निरन्तर रहयो । त्यससमय देखि लेनिनका अनुयायीहरू, जसले कंग्रेसमा निर्वाचनहरूमा भोटहरूको बहुमत प्राप्त गऱ्यो , बोल्सेविकहरू(जसको अर्थ रसियन भाषामा बहुमत हो) भन्न थालियो । लेनिनका विरोधीहरू, जसले भोटहरूको अल्पमत प्राप्त गरे, मेन्सेविकहरू( जसको अर्थ रसियन भाषामा अल्पमत हो) भए ।

कंग्रेसपछि लगत्तै मेन्सेविकहरूले तोडमरोडहरू र विभाजनका कृयाकलापहरू सुरू गरे । यसले प्रसस्त भ्रमहरू सृजना गऱ्यो । भ्रमहरूलाई स्पष्ट पार्नका लागि, लेनिनले, मे १९०४मा उहाँको प्रशिद्ध किताब, 'एक पाइला अगाडि, दुई पाइलाहरू पछाडि' प्रकाशित गर्नु भयो । यसले दुवै कंग्रेसको दौरान र कंग्रेसपछि अन्तर-पार्टी संघर्षको एउटा विस्तृत विश्लेषण दियो र त्यो आधारमा सर्वहारा पार्टीको प्रमुख संगठनात्मक सिद्धान्तहरू, जुन पछि बोल्सेविक पार्टीको संगठनात्मक जगहरू बन्यो । यो किताबको सर्कुलेसनले पार्टीको स्थानीय संगठनहरूको बहुमत बोल्सेविकहरूको पक्षमा ल्यायो । यद्धपि केन्द्रीय संस्थाहरू, पार्टीको मुखपत्र र केन्द्रीय समिति मेन्सेविकहरूको हातमा गयो, जो कंग्रेसका निर्णयहरूलाइ हराउन हृदयदेखिनै प्रतिवद्ध थिए । बोल्सेविकहरूलाई यसरी उनीहरूको आफ्नै समिति गठन गर्न र उनीहरूको आफ्नै मुखपत्रका लागि वाध्य पारियो । दुवै समूहहरूले उनीहरूका आफ्ना कंग्रेस र कन्फरेन्स आयोजनाका लागि वेग्ला वग्लै तैयारीहरू गर्न सुरू गरे । यी सबै १९०५मा आयोजना गरिए । पार्टीमा विभाजन पुरा भयो । जगहरू यद्धपि सांचो क्रान्तिकारी पार्टी-एउटा नयाँ प्रकारको सर्वहारा पार्टीको निर्माणका लागि बसाली सकिएको थियो ।

१९०७को अप्रिलको अन्त्यमा भएको रसियाली सामाजिक-जनवादी मजदुर पार्टीको पाचौ महाधिवेशनमा भागलिन आएका डेलीगेटहरूले आपसमा गरेको कुराकानी सम्झदै माक्सिम गोर्कीले आफ्नो संस्मरणमा लेख्नुभएको थियो -एक जना मजदुरले लेनिनवारे आफ्नो उद्गार प्रकट गरेका थिए-"उ हाम्रो हो !" उसको कुरा काट्दै अर्कोले भन्यो-"प्लेखानोभ पनि त हाम्रा हुन् !" मैले घत लाग्दो उत्तर सुने - "प्लेखानोभ हाम्रा गुरु हुन्, हाम्रा साहेब हुन्, लेनिन हाम्रा नेता र साथी हुन् ।"

लेनिनले विघटनवादीजस्ता खुल्ला अवसरवादीहरूको विरुद्ध मात्र नभएर क्रान्तिकारी शब्दहरूद्धारा आफ्नो अवसरवादी नीति लुकाउने छद्मभेषी पार्टी सदस्यहरूका विरुद्ध पनि कठोर संघर्ष चलाउनु भयो । यस संघर्षको सिलसिलामा बोल्सेभिक पार्टीले आफ्नो शक्ति दरिलो तुल्यायो, क्रान्तिकारी राजनीतिक र रणनीति अगाडि राख्यो । पछि गएर आफ्नो कृति "वामपन्थी"साम्यवाद-एक बालरोगमा लेनिनले लेख्नु भएको थियो, क्रान्तिको पराजयपछि बोल्सेभिकहरू यस निमित्त नै उचित तरिकाले पछि हटन र आफ्नो शक्ति कायम राख्नसफल भए किनभने उनीहरूले समयमै "सबै क्रान्तिकारी कुरौटेहरूलाई .........बडो कठोरतासाथ भण्डाफोर गर्दै पार्टीबाट निकालिदिएका थिए ।" मिठामिठा "क्रान्तिकारी"शब्दहरू मनपराउने तर दैनिक , आवश्यक क्रान्तिकारी कामचाहीं गर्न नचाहने त्यस्ता सबै क्रान्तिकारीहरूलाई पार्टीले निकाली दियो ।

जनवादी क्रान्तिमा सर्वहारावर्गको नेतृत्वदायी भूमिका रहन जानु नै क्रान्तिको मुख्य परिणाम हो भन्ने लेनिनको विचार थियो । जनवादी क्रान्तिमा दलित तथा उत्पीडित वर्गहरूले व्यापक क्रान्तिकारी संघर्ष चलाउन सिके । मजदुरवर्ग र किसानहरूबीचको एकता सुदृढ तुल्याउन कति आवशयक छ भन्ने पनि लेनिनले छर्लङ्ग पार्नु भयो । लेनिनले रुसी सर्वहाराका उपलब्धिहरूको महानता अगाडि राख्नु भयो । लेनिनले लेख्नु भएको थियो, "तीन वर्षको (सन् १९०५-१९०७)अवधिमा आफ्नो विरतापूर्ण संघर्षद्धारा रुसी सर्वहाराले आफ्नो र रुसी जनताको लागि त्यो उपलब्धि हासिल गर्न सफल भएको छ जसको लागि अरु जनताहरूले दशौ वर्ष लगाएका थिए ।" पछि यसमा जोड दिंदै लेनिनले लेख्नुभएको थियो, सन् १९०५को जस्तो "अन्तिम रिहर्सल" बिना सन् १९१७मा सम्पन्न भएका फेब्रुअरी वुर्जुवा क्रान्ति अथवा अक्टोबर सर्वहारा क्रान्ति असम्भव हुने थियो ।"

लेनिन पहिलो मार्क्सवादी हुनुहुन्थ्यो जसले त्यस नयाँ युगको सारांश स्पष्ट पानुभएको थियो, जुन युगमा मानव समाजले प्रवेश गरिसकेको थियो । आफ्नो कृति' साम्राज्यवाद पुँजीवादको चरम अवस्था'मा लेनिनले देखाउनु भएको थियो कि बिसौ शताब्दीको सुरुमा पुँजीवादले आफ्नो विकासको नयाँ चरणमा साम्राज्यवादमा प्रवेश गरिसकेको छ । लेनिनले यो साम्राज्यवादलाई एकाधिकारिक पुँजीवाद हो भन्नु भएकोछ ।

निरन्तर मार्क्सवादको विकास र सर्वहारावर्गको मुक्तिका लागि काम गर्दागर्दै २१ जनवरी १९२४को बेलुका ६ बजेर ५० मिनट जाँदा दिमागको नसा फुटेर लेनिनको देहावसान भयो । २१ जनवरीको राती बसेको केन्द्रीय समितिको प्लेनमले एउटा अपिल जारी गऱ्यो, जसमा भनिएको थियो, "त्यस व्यक्तिको देहावसान भएको छ, जसको वीरतापूर्ण नेतृत्वमा हाम्रो पार्टीले युद्धको राँकोबीच दृढतापूर्वक सम्पूर्ण देशभरी अक्टोबर क्रान्तिको रातो झण्डा फहराएको थियो, शत्रुहरूको विरोधको बाढी रोकेको थियो र भूतपूर्व जारशाही रुसमा श्रमिकहरूको प्रभुत्व कायम गरेको थियो । कम्युनिष्ट इन्टरनेस्नलका संस्थापक, विश्वसाम्यवादका नेता, अन्तराष्ट्रिय सर्वहाराको प्रेम र गौरव, पददलित पूर्वेली जनताहरूका झण्डावाहक, रुसी सर्वहारा अधिनायकवादका अगुवा आज हाम्रो बीचमा हुनुहुन्न ।" २७ जनवरीका दिन दिनको ४ बजे लेनिनको शवलाई लाल मैदानमा विशेषरूपले बनाइएको समाधिमा राखियो ।

Singhhukum683@gmail.com

# प्रवासी नेपालीले पनि मनाए मई दिवस

● **सुरजकुमार**

नयाँ दिल्ली । नेपाली एकता समाज भारत र प्रबासी नेपाली जनसमाज भारतको सयुक्त आयोजनामा नयाँ दिल्ली अन्तर्गत १२९ औ अन्तराष्ट्रिय मजदुर दिबस भव्य रूपमा सम्पन्न भएको छ । केन्द्रीय समिति को आयोजनामा सम्पन्न कार्यक्रमको संचालन ने.ए.स.का महासचिब बिष्णु शर्माले गर्नु भएको थियो भने स्वागत मन्तव्य सुरज कुमारले राख्नु भएको थियो र वक्ताहरूमा सोभाखर अधिकारी, मोति गौतम, हरि थापा, शम्भु थापा, शिव दाहाल, भिमकान्त घिमिरे, लाल बहादुर कुँवर, रेश्मा थापा, जमुना थापा हुनहुन्थ्यो ।

त्यसैगरी नेपाली एकता समाज भारतको आयोजनामा भारतको बिभिन्न राज्यहरूमा कार्यक्रम सम्पन भएको समाचार प्राप्त भएका छन्, जस अनुसार भारतको चण्डीगड, हुसियारपुर, पंजाब, हैदाराबाद लगायत स्थानहरूमा मजदुर दिवस मनाइएको छ । गुजरातमा दुइदिने भलीबल खेलको आयोजना गरिको समाचार प्राप्त भएको छ । मजदुर दिबसको बारेमा मन्तब्य राख्दै केन्द्रीय उपाध्य सोभाखर अधकारीले प्रबासमा भएका नेपाली मजदूर हरूको भूमिका नेपाली क्रान्त्रिकारी अन्दोलनमा निरन्तर रहने बताउनु भयो । त्यसैगरी अन्य बक्ताहरूले अहिलेको बाम गठबन्धनले मजदुरहरूको हकअधिकार सुनिचित गर्न नसक्ने भन्दै अबको मजदुर आन्दोलनले त्यसको भण्डाफोर गर्दै अगाडि बढ्नुपर्ने बताउनु भयो ।

## सुन...

राजा र पञ्चायतबाहेक कुनै राजनीतिक संस्था रहेन । पञ्चायतकालमा तस्कर सञ्जाल नेपालका राजकीय संयन्त्रमा प्रवेश पाइसकेको थियो । लाग्छ, दरबारको पनि केही लगाव थियो होला । त्यसताका केही रापसले बैंककबाट सुन बोकेर त्रिभुवन रहोस् भन्सार चेकजाँचमा पक्रिएको अवैध सुनको केही अर्थ लिलामी गरिन्थ्यो भने केही भाग राष्ट्रबैंक र दरबारमा पठाउने चलन थियो भन्ने कुरा जानकार सूत्रबाट थाहा पाइएको छ । अहिले दरबार छैन । सुन नेपालभित्र पस्नेक्रम बढको छ, तर त्यो कहाँ जान्छ ? त्यसको गन्तव्य नेपाली नै हो कि ट्रान्जिट प्वाइन्ट हो ?

०४६ सालको जनआन्दोलनपछि शासन व्यवस्थामा केही रूप परिवर्तन भयो । बहुदलीय संसदीय व्यवस्था भनेर संवैधानिक राजतन्त्र र संसदीय चुनावद्धारा प्रधानमन्त्रीको नेतृत्वमा सरकार बन्ने भयो तर सत्ताको प्रकृति उही रह्यो । दरबार र संसदका मान्छे मिलेर शासन गरे । त्यो दशकमा चोरी, तस्करी हत्या, भ्रष्टाचार, लुट, बलात्कार जस्ता घटनाहरू धेरै नै भए । लाग्छ, दरबारभित्रको गोप्य अवैध धन्धा सत्ता साझेदारीसँगै नेताहरूमा सर्दै तल तल पुग्न थाले । अब त सिंहदरबार गाउँ-गाउँमा पुगेपछि त्यसको गुणदोष गाउँ-गाउँमा व्याप्त हुँदै जानु स्वाभाविक छ । व्यवस्थासँगै विकास हुने जनताको प्रवृत्ति पनि हो । कुशासन भनेको अव्यवस्थित शासन हो भने सुशासन शासकको हित सुरक्षा गर्ने व्यवस्थित शासन बुझ्नुपर्दछ ।

उत्पीडित जनताले स्वशासनसँग चाहेको छ, जो अहिलेको संघीयभित्र छैन । यो व्यवस्थाअन्तर्गत यस्तै विकृतिहरू मौलाउने हो । गतकालमा गरिएको तीन तहको निर्वाचनमा देखिएका विकृति, विसंगति त साँच्चिकै उत्कृष्ट संविधानकै भावनाअनुरूप थिए । निर्वाचन आयोगले नाम मात्रको आचारसंहिता प्रकाशित गऱ्यो । लागू नै गर्नु परेन र राजनीतिमै नलागेको व्यक्तिलाई पार्टीले उम्मेदवार बनाउनु, लाखौं करोडौंको खर्च गरेर चुनाव जित्नु चमत्कार भएन ?

नीति र आदर्श पछ्याउने पार्टीका नेता हार्दै जानु अनि भोट किन्न नोट बर्षा र भोजभतेर गर्नेले जित्नु कस्तो रमाइलो चुनाव ! के चुनावमा बाँडिएको पैसाको यथार्थ हिसाब छ ? निर्वाचन आयोगलाई देखाइएको खर्चबाहेकका खर्च रकम स्वतः अवैधानिक छ । के बाँडिएको पैसाको कर तिरिएको छ ? कहाँबाट कसले सहयोग गरे त्यति विशाल राशि ? केही अपवादबाहेक कतिले स्रोत खुलाउन हिम्मत गर्न सक्छ ? हो, यहींनेर शंकाले शीर ठाडो गर्छ । कतै त्यसमा कुनै सञ्जालको चलखेल त छैन ? म चाहन्छु यो शंका निराधार साबित होस् ।

## मोदीलाई...

ट्रेड यूनियन महासंघले आयोजना गरेको १२९ औं अन्तर्राष्ट्रिय मजदुर दिवससम्बन्धी सभालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले रुस र चीनले महेन्द्रको पालामा स्थापना गरिदिएका राज्यको स्वामित्वमा रहेका उद्योगधन्दा, कलकारखानाहरू दलाल शासकहरूले गुन्द्रुकको मूल्यमा भारतीय दलाल तथा नोकरशाही पुँजीपतिहरूलाई बेचेर खाएको आरोप लगाउनु भयो । उहाँले उद्योगधन्दा बेचेपछि अब नागरिकलाई विदेशमा बेचेर रेमिट्यान्सबाट देश चलाउन थालेका दलाल शासकहरूले भारतीय दलाल तथा नोकरशाही पुँजीपतिहरूलाई खुशी पार्न 'नो वर्क नो पे'लगायत मजदुर विरोधी कानुन बनाएको दावी गर्नुभयो ।

पञ्चायतले समेत लागू गर्न नसकेको 'नो वर्क नो पे'जस्तो मजदुर विरोधी कानुन बनाएर एमाले माकेलगायतका पार्टीहरूले उनीहरू मजदुर, किसानको पक्षधर अर्थात् वाम वा कम्युनिष्ट नभएर सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिवर्गको रक्षाकवच भएको आफैले पुष्टि गरेको अध्यक्ष गजुरेलले दावी गर्नुभयो ।

कम्युनिष्ट वा वामको नाममा वास्तविक कम्युनिष्ट क्रान्तिकारी शक्तिलाई सिध्याउन एमाले र माकेहरूलाई प्रतिक्रियावादी वर्गले प्रयोग गरिरहेको विश्लेषण गर्दै अध्यक्ष गजुरेलले संशोधनवादी र अवसरवादीहरू जति चाँडो मिल्छन्, त्यति नै क्रान्तिकारीहरूका लागि राम्रो हुने पनि बताउनु भयो ।

नयाँ जनवादी क्रान्तिसँगै मजदुर वर्गको पनि हक, हित र अधिकार अभिन्न रूपले जोडिएको छ भन्दै अध्यक्ष गजुरेलले अब आम श्रमिक मजदुरहरू एकताबद्ध भएर मजदुरविरोधी शक्तिको पहिचान गरी तिनीहरूका विरुद्ध लड्नुपर्ने आवश्यकता आएको विचार राख्नुभयो । र, नयाँ जनवादी क्रान्तिको तयारीमा मजदुर वर्गले पनि महत्वपूर्ण भूमिका खेल्नुपर्ने पनि आवश्यकता औंल्याउनु भयो ।

सभालाई सम्बोधन गर्दै पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीसले मजदुरमाथि भइरहेको शोषणलाई उन्मूलन गर्न सच्चा कम्युनिष्ट पार्टीको नेतृत्वमा क्रान्तिको आवश्यकता पर्ने विचार प्रस्तुत गर्नुभयो । उहाँले मजदुर विरोधी कानुन बनाउनेहरू कम्युनिष्ट हुन नसक्ने भन्दै एमाले र माकेहरू कम्युनिष्ट खोल ओढेका मजदुर वर्गका दुश्मन भएको दावी गर्नुभयो ।

मजदुर वर्गभित्रै अभिजात वर्ग जन्माएर मजदुरमाथि शोषण गर्ने तरिका पुँजीपतिहरूले अपनाउने गरेको भन्दै नेता श्रीसले एमालेको जिफण्ट, काग्रेसको ट्रेड युनियन कांग्रेस र माकेको ट्रेड युनियन महासंघजस्ता संगठनले मालिकहरूको हित हुने जदुरविरोधी कानुन बनाउन भूमिका खेलेको हुनाले तिनीहरू वास्तविक मजदुरवर्गको दुश्मन शक्ति भएको पनि दावी गर्नुभयो ।

सभालाई सम्बोधन गर्दै पार्टी पिविएम तथा देजमोका ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठले अधिकारका निम्ति संघर्ष अनिवार्य भएको भन्दै मजदुरहरूलाई संगठित भएर संघर्षको प्रक्रियामा अगाडि बढ्न शुभकामना दिनुभयो ।

## कार्लमार्क्स...

शास्त्रीय संशोधनवाद-आधुनिक संशोधनवाद-नवसंशोधनवाद-प्रतिक्रान्तिको बाटो हुँदै प्रतिक्रियावादका रूपमा पतन हुन पुगेको छ । यी सबैखाले संशोधनवाद अन्तर्राष्ट्रिय परिघटनाका परिणाम हुन् जसको जन्म आधुनिक समाजको वर्गीय परिवेशमा हुन्छ । हरेक देशमा क्रान्तिका विशेषतासँगै सबैखाले संशोधनवादहरूले पनि आफ्ना विशिष्टताहरू जाहेर गर्ने गर्दछन् । सामाजिक र सैद्धान्तिक विशेषताहरू सहित संशोधनवादको जन्म हुने गर्दछन् । ऐतिहासिक तथ्यहरूले के पुष्टि गरेका छन् भने संशोधनवादको सामाजिक स्रोत निम्न पुँजीवाद र साम्राज्यवाद हो । संशोधनवादको साम्राज्यवादसँग घनिष्ट सम्बन्ध रहँदै आएको छ । साम्राज्यवादको जन्म इङ्ल्यान्डबाट भएको हो । जब साम्राज्यवाद अन्य देशहरूमा फैलँदै गयो, त्यसको प्रभावको कारण ती देशहरूमा पनि संशोधनवाद फैलिन पुग्यो । जर्मनीको लासाल र लासालवादीहरूमा पनि अनेकौँ अवसरवादी विकृतिहरू पैदा हुँदै गएको कुराबारे मार्क्स-एङ्गेल्सले उद्घाटन गर्नुभएको छ । सैद्धान्तिक दृष्टिले हेर्दा संशोधनवादको वैचारिक स्रोत निम्न पुँजीवाद, पुँजीवाद र साम्राज्यवादी विचारधारा नै हो । संशोधनवादले मार्क्सवादका सङ्घटक अङ्गको बारेमा दर्शन, राजनीति अर्थशास्त्र र समाजवाद तीनवटै सङ्घटक अङ्गलाई संशोधित एवम् विकृत पार्दै आउने काम गरेको छ । दर्शनका क्षेत्रमा कान्टवाद, पत्यक्षवाद, अनुभववाद, व्यावहारिकतावाद, सङ्कल्पवाद, भँडुवावाद, विकासवाद र नानाथरिका विचारपन्थी सारसङ्ग्रहवादलाई आत्मसात गर्दै आएको छ । द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादका विरूद्ध यसले अधिभूतवाद र आदर्शवादको पक्षपोषण गर्ने गर्दछ । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा पुँजीवादी सङ्कट तथा मूल्य सिद्धान्तको विरोध गर्नु, साम्राज्यवादलाई प्रगतिशील देख्नु, नियोजित अर्थतन्त्रका विरूद्ध अराजक स्वतः स्फुर्तवादी उत्पादक शक्तिको सिद्धान्त अँगाल्नु यसका मूलभूत पक्ष हुन् । समाजवादको क्षेत्रमा यसले वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व र हिंसापूर्ण क्रान्तिको सिद्धान्तको विरूद्ध वर्गसमन्वय पुँजीवादी अधिनायकत्व र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्त अवलम्बन गर्दछ र मजदूर आन्दोलनलाई सुधारवादी, संसदवादी भासमा फसाउने यसका मूल विशेषता हुन् । हामीले प्राप्त गरेको ज्ञान के हो भने अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा सर्वहारा क्रान्तिको सिद्धान्तको विकास जसरी मार्क्सवाद-लेनिनवाद-माओवादका तीन गुणात्मक चरणमा भएको छ, त्यसरी नै संशोधनवाद पनि शास्त्रीय संशोधनवाद-आधुनिक संशोधनवाद-नवसंशोधनवाद-प्रतिक्रियावादका रूपमा विकृत हुन पुगेको छ । सर्वहारा क्रान्तिको विकास वर्ग दुश्मनहरू, उनीहरूको विचारधारा तमाम अराजकतावादी तथा अवसरवादीहरू र नवसंशोधनवादीका विरूद्धको भीषण वर्गसङ्घर्ष र अन्तरसङ्घर्षको दुईलाइन सङ्घर्षका बिचबाट निकै जटिल, सङ्गीन र ओजपूर्ण रहेको छ । मार्क्सवाद इतिहास विज्ञानको महान् खोज थियो । वर्गसङ्घर्षको सर्वहारा अधिनायकत्वमा विकास र साम्यवादको स्थापना त्यसको खोजको केन्द्रीय कडी सर्वहारावर्गको अधिनायकत्व थियो । अराजकतावादीहरूले मार्क्सवादको त्यसै केन्द्रीय कडीमाथि प्रहार गरेका थिए । लासालवादीहरूको जोड त्यसै केन्द्रीय कडीका विरूद्ध स्वतन्त्र राज्यको पक्षपोषण गर्नु र स्वतन्त्रता, समानता, न्याय तथा भातृत्वका पुँजीवादी नारालाई अलङ्कृत गर्नु थियो । त्यसका निम्ति लासालवादीहरूले पार्टीमा विजातिय तत्वलाई भर्ने र पार्टीको वैचारिक बन्ध्याकरण गर्ने कुरामा पुरा जोड दिएका थिए । मार्क्स-एङ्गेल्सले ती सबका विरूद्ध लड्दै मार्क्सवादी सिद्धान्त, रणनीति तथा कार्यनीति र त्यसको संवाहक पार्टीलाई समेत स्थापित गर्नुभएको थियो । दोस्रो अन्तर ष्ट्रिय कालमा बर्नस्टिनले तमाम काल्पनिक तथा अवसरवादी विचारहरूलाई समेट्दै तथा वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व र हिंसापूर्ण क्रान्तिको सिद्धान्तका विरूद्ध वर्गसमन्वय, बालिक मताधिकार, पुँजीवादी अधिनायकत्व र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्तको वकालत गर्दै शास्त्रीय संशोधनवादको जग बसालेको थियो । यस अवधिमा अर्थवाद, मेन्से विकवाद, विर्सजनवाद, काउत्स्कीवाद लगायतका संशोधनवादका विविध रूपहरू प्रकट भएका थिए । गद्दार काउत्स्कीले बर्नस्टाइनको पदानुशरण गर्दै सर्वहारा अधिनायकत्व र बल प्रयोगको सिद्धान्तका विरूद्ध शुद्ध जनवादको पक्षपोषण गरेको थियो र उसले साम्राज्यवादलाई प्रगतिशील समेत बताएको थियो ।

आधुनिक संशोधनवादको सुत्रपात मुख्यतः ख्रुश्चेवबाट भयो । उसले सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्त अवलम्बन गर्दै तथा वर्गसङ्घर्ष सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र सङ्घर्षको विरूद्ध भीषण हमला बोल्दै रूसमा पुँजीवादको स्थापना गऱ्यो । ख्रुश्चेवदेखि मिखाइल गोर्भाचोभसम्म आउँदा आधुनिक संशोधनवाद, सामाजिक फासीवादका रूपमा गिर्न पुग्यो । पछिल्लो अवधिमा आउँदा कामरेड माओत्सेतुङ्ले एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको गहन अध्ययन र अर्कोतिर स्वयम् चीनमै जटिल बन्दै गइरहेको पुँजीवादको पुनर्स्थापना रोक्नको लागि सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्ति जारी राख्ने सिद्धान्त प्रतिपादन गरी महान् १० बर्से सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभयो । चीनको नयाँ जनवादी क्रान्तिदेखि आजसम्म आइपुग्दा दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद तीनवटै क्षेत्रमा मार्क्सवाद-लेनिनवादको तेस्रो गुणात्मक शिखरका रूपमा माओवादको विकास भयो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन यसरी मार्क्सवाद र संशोधनवादको भीषण द्वन्द्वको बिचबाट गुर्जंदै आउँदा क्रान्ति र प्रतिक्रान्तिका जित र हारका अनेकौँ घट्नाहरू घटिसकेका छन् । सारमा संशोधनवादीहरूले क्रान्तिकारीहरूलाई उग्रवादी, आतङ्कवादी, जडसुत्रवादी आदि भनेर बदनाम मात्र गरेका छैनन्, भीषण भौतिक हमलासम्म गर्न पुगेका छन् । वास्तवमा संशोधनवादीहरू बर्नस्टाइन, काउत्स्की र खुश्चेवभन्दा पनि अझै तल गिरेर ठाडै संसदीय प्रजातन्त्र, पुँजीवादी संसद र बहुलवादलाई आदर्श मान्दै युरो कम्युनिज्मको पतीत सिद्धान्त समेत अङ्गाल्न पुगेका छन् र आज संशोधनवाद नवसंशोधनवादमा विकास गरेर नाङ्गो पुँजीवादमा समेत गिर्न पुगेको छ ।

हामीले संञ्चालन गर्दै आएको वर्गसङ्घर्ष, अन्तःसङ्घर्ष र दुईलाइन सङ्घर्षको अध्ययन र अनुभवबाट के निष्कर्षमा पुग्न सकिन्छ भने अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनभित्रको मार्क्सवाद र संशोधनवाद बिचको यो भीषण लडाइँ आज आएर एकातिर मार्क्सवाद-लेनिनवाद-माओवाद र अर्कोतिर शास्त्रीय संशोधनवाद-आधुनिक संशोधनवाद-प्रतिक्रियावाद बिचको लडाइँमा अभिव्यक्त हुन पुगेको छ । एकातिर अन्तर ष्ट्रिय कम्युनिस्ट आन्दोलनको मार्क्सवाद र संशोधनवादका बिचको लामो ऐतिहासिक लडाइँका समृद्ध अनुभव एवम् शिक्षाको सार हो भने अर्कोतिर त्यस लडाइँको मार्क्सवाद र प्रतिक्रियावाद बिचको लडाइँमा रूपान्तरणको द्योतक पनि हो । यसरी आज मार्क्सवाद र नवसंशोधनवाद बिचको सङ्घर्ष सारमा भन्नुपर्दा माओवाद र प्रतिक्रियावाद बिचको भीषण सङ्घर्षमा बदलिन पुगेको छ ।


सन्दर्भ सामग्रीहरू

१. कार्ल मार्क्स, पुँजी खण्ड १ र २

२. फ्रेडरिक एङ्गेल्स, ड्युहरिङ्ग मतखण्डन

३. मार्क्स-एङ्गेल्स, सङ्कलित रचना सङ्ग्रह : भाग १, २, ३, ८, १०, २०, ३२, ४२, ४३

४. लेनिन सङ्कलित रचना सङ्ग्रह, भाग- ५, १८, १९, २४, ३८

५. माओत्सेतुङ चुनिएका रचनाहरू, भाग- १, २, ३, ५, ८

६. लेनिन : एक पाइला अगाडि दुई पाइला पछाडि

७. महान् रूसी अक्टुबर क्रान्तिको इतिहास

८. चिनियाँ नयाँ जनवादी क्रान्तिको इतिहास

९. महान् बहस

१०. हो चि मिन्ह, क्रान्तिकारी नैतिकता

११. कम्युनिस्ट नैतिकता

१२. स्टालिन-लेनिनवादका आधारहरू

१३. प्लेखानोभ, चुनिएका दार्शनिक कृतिहरू : भाग १ र २

१४. लेनिन, मार्क्स-एङ्गेल्स-मार्क्सवाद

१७. मोहन वैद्य 'किरण', मार्क्सवादी दर्शन

१८. कृष्णदास श्रेष्ठ, कार्ल मार्क्स : व्यक्तित्व र कृतित्व


## विश्वका...

निर्माणको हतियार हो । साम्यवादको भविष्य हाम्रै हातमा छ ।' भनिएको छ ।

संयुक्त वक्तव्यमा हस्ताक्षर गर्ने पार्टीहरूमा क्रान्तिकारी माओवादीसहित कमिटी फर बिल्डिङ दि माओइस्ट कम्युनिस्ट पार्टी, गालिसिया, स्पेनिस स्टेट कम्युनिस्ट (माओइस्ट)पार्टी अफ अफगानिस्तान, कम्युनिस्ट न्युक्लिअस, नेपाल, डेमोक्रेसी एन्ड क्लास स्ट्रगल, ब्रिटिस स्टेट, माओइस्ट कम्युनिस्ट पार्टी, इटाली, माओइस्ट कम्युनिस्ट पाटी, मणिपुर, माओइस्ट रिभोलुस्नरी लिग-श्रीलङ्का, अर्गनाइजेसन डि ट्राभेल कम्युनिस्टे-ट्युनिसिया, पार्टी डेस खाडेहाइन्स-ट्युनिसिया, रिभोलुस्नरी कम्युनिस्ट पार्टी-क्यानडा, युनियन ओबेरा कम्युनिस्टा (एमएलएम)-कोलम्बिया, वर्कस भ्वाइस-मलेसिया, कम्युनिस्ट पार्टी अफ इन्डिया (माओइस्ट) रहेका छन् ।

## सीमा...

महेन्द्रनगर प्रहरी कार्यालयमा २४ घण्टा प्रहरी हिरासतमा राखिए रिहा गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको बेला विरोध गरिएकोले सार्वजनिक अपराधको मुद्दा लगाउन खोजिएपनि पार्टी र जनस्तरबाट व्यापक दबाब परेपछि प्रहरीले गिरफ्तार गरेको २४ घण्टामा रिहा गरेको थियो ।

हाम्रा सहकर्मी धनञ्जय अवस्थिले दिएको जानकारी दिनुभएको जानकारी अनुसार प्रहरीले ग्रेटर नेपालका सुदुरपश्चिम संयोजक गजेन्द्र केसीलाई पनि गिरफ्तार गरेको थियो ।

शान्तिपूर्ण रूपमा निकालिएको मसाल जुलुसमाथि प्रहरी दमन भएपछि क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूले प्रहरी हिरासतमा नै भारतीय विस्तारवाद र नेपाल सरकारको राष्ट्रघाती चरित्रका विरुद्ध चर्को नाराबाजी गरेका थिए । क्रान्तिकारी माओवादीले सीमा अतिक्रमणको विरोधमा बिहीबार साँझ महेन्द्रनगरमा मसाल जुलस निकालेको थियो ।

क्रान्तिकारी माओवादी कञ्चनपुरले यसअघि एक वक्तव्य निकालेर भारतीय सीमा सुरक्षा बलको ज्यादती र सीमा अतिक्रमणको विरोध गरेको थियो । जिल्ला सचिव विक्रान्तले अघिल्लो बुधबार वक्तव्य जारी गरी भारतीय सीमा सुरक्षा वलका जवानहरूले नेपालीमा भूमिमा गाडिएको पोल जबर्जस्त उखालेर फालिदिएको घटनाको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्नुभएको थियो ।

वक्तव्यमा भनिएको थियो, 'दक्षिणी क्षेत्र पुनर्वास न.पा. ९ मा पर्ने बिचफाटामा भारतीय निकुञ्जबाट नियमित आउने गरेका हातीको बथानबाट बस्ती सुरक्षित र नियन्त्रण गर्नका लागि बिद्युत पोल बनाउने उदेश्यले ६ लाखको लागतमा बन्दै गरेको पोल गाड्ने कार्य शुरु भइरहेको स्थानमा बधुबार दिउँसो १२ बजे नेपाल प्रहरीको सामुन्नेमा बलपूर्वक ३९ औ घोला बेश क्याम्प बटालियन (एस एस बि)बाट ठुलो सङ्ख्यामा आएको भारतीय टिमले सिमा स्तम्भ १९४ नजिकैको नेपाली भूमिमा गाडन लागेको पोल भारतीय सिमा सुरक्षा बलले बलपूर्वक भत्काएको घटनाप्रति हाम्रो पार्टी घोर भत्सर्ना गर्दछ ।'

साथै वक्तव्यमा प्रधानमन्त्री ओलीको भारत भ्रमणपछि भारतीय पक्षबाट सीमा अतिक्रमणका घटनामा बृद्धि भएको भन्दै यसरी दिनदिनै नेपाली भूमि मिचिँदा ओली नेतृत्वको सरकार चुँ समेत नबोल्नुले यो सरकारबाट राष्ट्रियतामा गम्भीर संकट पैदा हुने खतरा देखिएको जनाइएको थियो र अब राष्ट्रिय स्वाधीनताको लडाइँका निम्ति तमतयार भएर बस्न सबै स्वाभीमानी नेपालीहरूलाई वक्तव्यमा आव्हान समेत गरिएको थियो ।

क्रान्तिकारी माओवादीले भारतसँग सीमा जोडिएका ७ नं. प्रदेशका जिल्लामा ११ दिनसम्म सीमा निरीक्षण तथा सीमा बचाउँ अभियान नै चलाएको थियो ।

## देशैभर...

केन्द्रीय अध्यक्ष सीपी गजुरेल, पार्टी स्थायी समिति सदस्य तथा ३ नं. प्रदेश इन्चार्ज रामसिंह श्रीस, देजमो ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठ, मजदुर नेताहरू अर्जुनलाल श्रेष्ठ, कुमार घतानी, ठाकुर मिम्सिना, पूर्णबहादुर लामालगायतले शुभकामना मन्तव्य राखेको उक्त कार्यक्रमको अध्यक्षता महासंघका संयोजक इश्वर तिम्सिनाले गर्नुभएको थियो भने संचालन मजदुर नेता फुर्नाम्गेल मोक्तानले गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य महासंघका कार्यालय सदस्य बद्री चापागाईले गर्नुभएको थियो । कार्यक्रममा ६ जना निर्माण व्यवसाय मजदुरहरू क्रान्तिकारी ट्रेड यूनियन महासंघमा प्रवेश गरेका छन् । उहाँहरूलाई कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष गजुरेलले खादा लगाएर प्रवेश गराउनु भएको थियो ।

४ नं. प्रदेशको पोखरामा पनि ऱ्यालीसहितको सभा आयोजना गरियो । पोखराको अमरसिंह चोकबाट नारा जुलुसहित निकालिएको मजदुरहरूको ऱ्याली गण्डकी अस्पताल हुँदै मानव अधिकार चोकमा पुगी सभामा परिणत भएको थियो । ऱ्यालीमा क्रान्तिकारी युवा लिगको सहभागिता रहेको थियो । सभालाई देशभक्त जनगणतान्त्रिक मोर्चाका ४ नं. प्रदेश केशबहादुर परियार, मजदुर नेता कृष्ण कट्टेललगायतले सम्बोधन गर्नुभएको छ ।

त्यसैगरी १ नं. प्रदेशमा झापाको विर्तामोडमा पनि ऱ्यालीसहितको सभा सम्पन्न भएको छ । उक्त सभालाई पार्टी पिविएम तथा १ नं. प्रदेश सचिव अग्नीज्वालाले सम्बोधन गर्नुभएको थियो । त्यस्तै मोरङको बेलबारीमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो भने सुनसरीमा मई दिवसको अवसर पारेर जिल्ला भेला सम्पन्न भएको छ । भेलाले सञ्जय चौधरी अध्यक्ष र प्रेम उराउ सचिव रहने गरी १३ सदसिय जिल्ला समिति चयन गरेको छ । समितिका सदस्यहरूमा वरुण चौधरी, उमेश श्रेष्ठ, सन्तोष ठाकुर, दिपक शर्मा, रामनारायण चौधरी लक्ष्मि सुतिहार, कुमार उराउ, रघु चौधरी, दशनी चौधरी, शंकर राई र मनोज साह रहेका छन् । बैठकबाट अन्य पदाधिकारी चयन गरिने अध्यक्ष चौधरीले बताउनु भयो ।


भेला क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा सुनसरी जिल्ला ईन्चार्ज मनोज श्रेष्ठको प्रमुख आतिथ्यमा तथा क्रान्तिकारी ट्रेडयुनियन महासंघ सुनसरीका संयोजक जगनारायण चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । सुनसरीको ईटहरीमा सम्पन्न कार्यक्रममा पार्टीका केन्दीय सदस्य गणेश, जिल्ला सचिव पेमा लामा, देजमोका जिल्ला संयोजक टिका राई, पार्टीका प्रदेश समिति सदस्य र जिल्ला सदस्यहरूको समेत उपस्थिति रहेको थियो ।

यसैबीच, क्रान्तिकारी ट्रेड युनियन महासंघको सप्तरी र उदयपुर जिल्ला समितिले संयुक्त रूपमा १२९ औं अन्तर ष्ट्रिय मजदुर दिवस मनाएका छन् । उक्त अवसरमा चियापान सहितको कार्यक्रम आयोजना गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार पार्टी केस मोहनसिंह तामाङको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा विशेष अतिथि पार्टी केस अम्बर परियार, अतिथि सप्तरी जिल्ला इन्चार्ज सुर्य नारायण चौधरी लगायतका नेताहरू रहनु भएको थियो ।

५ नं. प्रदेशको बर्दियाबाट प्राप्त समाचार अनुसार १२९ औं मजदुर दिवस पारेर बर्दियामा नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको जिल्ला भेला सम्पन्न भएको छ । भेलाले स्माइल गुजरको नेतृत्वमा ११ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ । कमिटिको सचिवमा रामबहादुर बन्जरालाई चयन गरिएको छ भने भेलाले सदस्यहरूका रामा चौधरी, हलिम गुजर, पल्टी थारू, रहमत गुजर लगायतलाई चयन गरेको छ ।

भेलाअघि क्रान्तिकारी मजदुरहरूले ऱ्याली निकालेका थिए । ऱ्याली कोणसभामा परिणत भएको थियो । कोणसभालाई क्रान्तिकारी माओवादी बर्दियाका सचिव लोकेशले सम्बोधन गर्नुभएको थियो । बर्दिया पार्टी सचिवालय सदस्य भूकम्पले सञ्चालन गरेको कोणसभामा मजदुर नेता स्माइलले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा अखिल नेपाल शिक्षक संगठन क्रान्तिकारी बर्दियाका संयोजक लक्ष्मी नारायण थारू, क्रान्तिकारी पत्रकार महासंघ बर्दिया अध्यक्ष आयुष, बाँके अध्यक्ष दिनेश श्रीवास्तव, युवा नेता माघुँराम, तिलक लगायतको उपस्थिति रहेको थियो ।

यसैगरी २ नं. को रौतहटको चपुरमा पनि मई दिवस मनाइएको छ । ऱ्यालीसहितको सभालाई रौतहट जिल्ला सचिव प्रल्हाद साहले सम्बोधन गर्नुभएको थियो ।



वैशाख १८ देखि २४ गतेसम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## निर्धक्क निर्णय फुर्सदमा पश्चाताप

**वैशाख १८ गते ।** मुलुक संघीयतामा गैसकेको छ । सातवटा संघ मिलेर नेको नेपाललाई नयाँ नेपाल बनाउँन त्यति सजिलो छैन । यो सबै भन्दा असजिलो समस्या भनेको आर्थिक हो । आर्थिकमा प्रभाव पार्ने बस्तु भनेको राजश्व हो । यो राजश्व उठाउँने ठाउँ निकै कठिन मोडमा छ । प्रदेशका रजधानी भारतको सीमानामा लगेर राखिएको छ, सीमाना पारी ठुलाठुला दैनिक उपभोग्य सामान बिक्री गर्ने पसलहरू छन् । ती पसलका उपभोक्ताहरू नेपाली नै हुन् । मूख्यमन्त्री र उनका परिवार पनि दैनिक उपभोग्य सामग्री खरिद गर्न तिनै पसलहरूमा पुग्छन् । राजश्व तिरेर ल्याएको सामान र सीमाना पारी खरिद गरिएको सामनको मूल्य बरोवर हुन्छ, यसैले गर्दा नेपालमा राजश्व उठ्तैन । तर, यो विषयमा सरकार मौन छ । कसरी संघियता सफल होला र खोई ?

**वैशाख १९ गते ।** यो बाहिरी चक्रपथको चर्चाचलेको कतिवर्ष भयो ? यकिनका साथ भन्न नसकिएता पनि दश वर्ष त पक्कै वित्यो । यि दशवर्ष भनेका कमाइखाने वर्ष हुन । कुनै उद्योगपति वा व्यापारीले यि दशवर्ष पाए भने बिस अर्ब कमाइदिन्छन् । सरकार पनि एक किसिमको व्यापारी नै हो । सरकारले नाफा कमाएन भने दैनिक कारोवार चल्दैन नचलेपछि सरकार टिक्तैन । सन्सारमा एउटा देश नेपाल मात्रै यस्तो देश हो जहाँ आम्दानी नभए पनि आफूलाई प्रसस्तै खर्च पुऱ्याउन सक्ने देश भएकाले मात्रै चलेको छ, यो बाहिरी चक्रपथको पनि यहि हालत हो । दशवर्ष अघि र पछिको आर्थिक समानता एकै ठान्छ र निर्धक्क निर्णय गर्छ, फुर्सदमा पछुताउँछ ।

**वैशाख २० गते ।** लगानी वोर्डले खानीखोला देखि धुलिखेलसम्म मेट्रोट्रेन चलाउँने योजना बनाएर सार्वजनिक पनि गरिसकेको छ । यो र यस्ता मात्रै होइन लगानी बोर्डले निकै ठूलाठूला योजना पनि बनाइसकेको छ । योजना अनुसारका योजना बने भने त राम्रै होला । होइन, अन्य योजना जस्तै निर्धक्क निर्णय गर्ने फुरसदमा पछुताउँने भयो भने यस्ता योजनाको के अर्थ रहला र ?

**वैशाख २१ गते ।** 'बाजेको सेकुवा' एकता सेकुवा पारखीहरूको मुखमा निकै प्यारो बनेको शब्द हो यो । तर, वाजे बुढा पूर्वीतिरबाट मासु व्यापार गर्दै काठमाडौं छिर्न वाध्य बनाउँने माओवादीहरूलाई निकै प्रसँसा पनि गर्ने गर्थे तर अहिले उनका छोराहरू मासु व्यापार गरेर नपुगेर सुन तस्करीमा लागेको सुन्दा ती सेकुवा पारखीहरू के गरेर वसेका होलान् ? कि यो पनि निर्धक्क निणर्य गरेर फुरसदमा पछुताए जस्तै हो ?

वैशाख २२ गते । आज महान साम्यवादी दर्शनका भिष्मपितामह कार्लमार्क्सको २०० औं जन्मजयन्ति । उनका अनुयायीहरू विश्वमा फैलिएर बसेका भएपनि अधिकाँशले उनलाई सत्ताको सिडी बनाएमा छन् । सात अर्ब जनता मध्य पाँच अर्बभन्दा बढीका प्यारा कार्लमार्क्सले आर्जन गरेको पुँजी (अर्थतन्त्रको ऐतिहासिक दस्तावेज) लाई सामन्तवादले तोडमोड गरेर आफ्नो नियन्त्रणमा लिइरहेको अवस्थामा पनि मार्क्सको महत्व उत्तिकै रहेको पाइन्छ ।

**वैशाख २३ गते ।** खर्बौ लगानी गरेर अर्बौं आर्जन गर्ने तर देशलाई दुइपैसा पनि राजश्व नतिर्ने यातायात व्यवसायी र सरकारबीच ठूलै युद्ध चल्ला जस्तो छ । सेण्डिकेटका विरुद्ध सरकारले जे निर्णय गऱ्यो त्यो निर्णयको खिलाफमा उत्रिएका यातायात व्यबसायीहरूले यो पटक निकै ठूलो चोट खानुपर्ला जस्तो छ । सेवाका नाममा मेवा खाने बाँनी परिसकेपछि सजिलै स्वाद गुमाउन कोनै पछिहड्ला र !

**वैशाख २४ गते ।** हतारमा निर्णय गरेर फुर्सदमा पछुताएको एउटा महत्वपूर्ण यो वर्षको विषय वाम एकाता पनि हो । गत निर्वाचनमा धुलो चटाइमा परिन्छ भनेर हतार हतारमा एमाले –माकेले पहिले निर्वाचनमा जाउँ पछि एकता गरौंला भनेर सहकार्यमा निर्वाचन त लडे तर अहिले भागबण्डा नमिल्दा पछुताएर आजै एकता हुन्छ, भोली नै एकता हुन्छ भनेर बाहिर ऱ्याल त काढिरहेका छन् तर वार्तामा बसेर पिस्नुपरेको चक्कीले हेरान भएर राजनीतिबाटै षन्यास पो लिने हो कि भन्दै हिडेको पनि सुन्नमा आएको छ ।


नव वर्ष २०७५ को

शुभ अवसरमा हाम्रा ग्राहक महानुभावहरू तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गगनराज केसी
प्रोप्राइटर
Campware Traders
Mainrad, Dhangadhi, Kailali. Tel. 91-524823

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चपुर, निजगढ, रानपुर
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई थापा- ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७ (सञ्जीव भण्डारी)
९८४४४०३१५९ (शम्भु थापा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# जलमार्गको भित्री कुरा



● के.बी. गुरुङ

**प्रारम्भः**

नेपालमा जलमार्ग र रेलमार्गको कुरा उठ्न थालेको लामो समय भएपनि प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणपछि बिशेषतः जलमार्ग निक्कै चर्चामा आएको छ । यस बारेमा विभिन्न कोणबाट चर्चा, परिचर्चा र प्रश्नहरू उठिरहेका छन् । के भूपरिवेष्ठित देश नेपाललाई जलमार्गसंग जोड्ने सम्भाव्यता र आवश्यकता छ ? के जलमार्ग नेपालको अहिलेको प्राथमिकता हो ? के नेपालले जलमार्गको सम्भाव्यता र आवश्यकताको बारेमा पूर्वाधार तयारी गरेको छ ? के भारतले नेपाललाई जलमार्गसँग जोड्नकै लागि जलमार्गको सहमति अगाडि ल्याएको हो त ? उपर्युक्त कैयन प्रश्नहरूको कुनै वास्ता नगरी एक्कासी भारतसँग जलमार्गमा सहमति किन गरियो ? यी र यस्तै कैयन प्रश्नहरू उठेका छन् । प्रश्न उठ्नु स्वभाविक छ । तर नेपालका राजनीतिक दल र त्यसका नेता तथा कार्यकर्ताहरू एवं बौद्धिक जमातबाट तात्कालिन र दीर्घकालिन रूपले गम्भीर अर्थ र महत्व राख्ने उपर्युक्त प्रश्नहरूका बारेमा तत्परता र गम्भीरताका सात जसरी चासो उठ्नु पर्ने हो, त्यसो नहुनु अर्को गम्भीर चिन्ताको विषय बनेको छ ।

प्रधानमन्त्री के पी शर्मा ओली भारत भ्रमणका बेला नेपाल-भारत दुई देशका प्रधानमन्त्रीहरूले २०७४ चैत्र २४ गतेका दिन (अप्रिल ०७, २०१८) जारी गरेको १२ बुँदे संयुक्त वक्तव्यको बुँदा नं. ९ मा उल्लेखित 'भारत-नेपालः कृषिमा नयाँ साझेदारी', 'रेल सम्बन्धको विस्तार : भारतको रक्सोलदेखि काठमाडौं नेपाल जोड्ने' र 'अन्तरदेशीय जलमार्गको माध्यामबाट भारत-नेपालबिच नयाँ कनेक्टीविटी' गर्ने यी तीन बुँदे सहमति मध्ये अमूर्त तर अत्यन्त दुर्गामी असर गर्ने विषय जलमार्ग हो । अहिलेसम्म भारतसँग भए गरेका राष्ट्रघाती जलस्रोतसम्बन्धी सन्धि सम्झौताले नेपालको जलसम्पदा भारतको पोल्टामा पार्ने काम हुँदै आएको त जगजाहेर नै छ । यदि संयुक्त बक्तव्यमा उल्लेख भए बमोजिम 'जलमार्गको माध्यामबाट भारत-नेपाल बिच नयाँ कनेक्टीविटी' कार्यान्वयन भयो भने नेपालले जलस्रोतको आफ्नो लागि उपयोग गर्ने सम्भावनाको पनि इतिहास हुनेछ ।

**जलमार्गको सामन्य कुरा :**

जलमार्गको विषयलाई अति रोमान्चित मात्र होइन, अतिरंजित गरेर पनि उठाइएको छ । नेपालमा पानी जहाज ल्याउने र सगरमाथालाई सागरसंग जोड्ने जस्ता आदि ईत्यादि । जानकारहरू बताउछन्, महेन्द्रको पालामा कोशी नदीमा जलमार्गको संभाव्यताको अध्ययन गर्ने कुरा भएको थियो । यदाकदा नेपालका तीन ठूला नदीमा जलमार्गका सामान्य चर्चा हुने गरेका छन् । तर त्यो आन्तरिक जलमार्गको कुरा हो । अहिले चर्चामा आएको भारत-नेपाल अन्तरदेशिय जलमार्गको हो । जलमार्गका बारेमा अमूर्त र अनुमानका भरमा हुने गरेका चर्चा बाहेक नेपालसँग कुनै अध्ययन छैन भन्दा पनि हुन्छ । तर भारतमा तत् सम्बन्धी लामो अध्ययन र अनुसन्धान तथा बहस र छलफल भैरहेको छ । त्यस विषयमा ठूला वाद-विवाद पनि हुँदै आएको छ । साथै, कार्यान्वयन गर्ने दिशामा पनि अगाडि बढिरहेको छ ।

**भारतको जल अवस्था र आवश्कताः**

भारतमा विश्व जलसम्पदाको करिव ४ प्रतिशत मात्र छ । त्यो पनि समान रूपमा छैन । भारतको उत्तर-पूर्वको तुलनामा पश्चिम र दक्षिणमा जलस्रोत कम छ । भूमिगत जल सतह घटेर खताराको स्तरमा पुगेको छ । त्यसले गर्दा राज्य-राज्यका विचमा जल स्रोतको उपयोग र बाँडफाडको बारेमा बेला बेलामा विवाद हुँदै आएको छ । समग्रमा भन्दा भारतको जल अवस्था आवश्यकताको तुलनामा कम छ ।

भारतको जल आवश्यकता अब संकटको अबस्थामा पुगेको छ । दिल्ली, मुम्बई, चेन्नई जस्ता जनसंख्याको चाप भएका सहरहरू र धेरै गाउँ बस्तीहरूमा पिउने जल संकट गम्भीर बन्दै गएको छ । खेतीयोग्य एक चौथाई जमिन जल अभावमा मरुभूमिमा परिणत भैसकेको र एक तिहाई जमिन बाँजो पर्दै गएको छ । औद्योगिक जल आवश्यकता त्यत्तिकै बढेर गएको छ । यसरी मुख्यतः पिउने, खेती र औद्योगिक जल आवश्यकता गम्भीर संकटमा पुगेको छ ।

**जलसंकट समाधानको महत्वकांक्षी र विशाल योजनाः**

भारतले अघिसारेको महत्वकांक्षी र विशाल योजना हो, 'नेशनल रिवर्स लिंकेज प्रोजेक्ट' । यो परियोजना अन्तरगत भारतका नदीहरूलाई मुख्यतः दुई भागमा हिमालय अंग र प्रायद्वीपीय अंगमा बाँडेर जोड्ने योजना बनाएको छ । उत्तर-पूर्वमा रहेको अतिरिक्त पानी पश्चिम र दक्षिणमा पुऱ्याउने परिकल्पना गरेको छ । त्यसका लागि करिव ३ हजार डयामहरू निर्माण गर्नुपर्ने आवश्यकता हुने बताईएको छ । परियोजनाले करिव पन्ध्र हजार किलोमिटर नहर निर्माण गरी ३४ लाख हेक्टर जमिनमा सिचाई सुविधा पुऱ्याउनुका साथै करिव ३४ हजार मेघावाट विजुली उत्पादन गर्ने लक्ष्य राखेको छ । त्यसैगरी पिउने पानीको अभाव र औद्योगिक आवश्यकताको पानी परिपूर्ति गर्ने उद्देश्य पनि रहेको छ । परियोजनाको अन्य फाईदाहरूमा बाढी नियन्त्रण, आन्तरिक जलपरिवहन, मत्स्यसपालन, भुमिगत जल रिचार्ज, वातावरणीय प्रभाव, आदि रहेका छन् ।

**अन्तर्देशीय जलमार्गको माध्यामबाट भारत–नेपाल बिच नयाँ कनेक्टीविटी'को भित्रीः**

प्रधानमन्त्री केपी शर्मा ओलीले भारत भ्रमणका बेला गरिएको जलमार्गको सहमतिको जसरी रोमाञ्चित र अतिरंजित पाराले प्रचार प्रसार गरियो, त्यसको भित्री कुरा अत्यन्त गम्भीर र दूरगामी दुष्परिणामको रहेको छ । किनभने, नेपालका तीन ठूला नदी- कोशी, गण्डकी र कर्णालीलाई नजोडी भारतको महत्वकांक्षी र विशाल परियोजना 'नेशनल रिवर्स लिंकेज प्रोजेक्ट'ले पूर्णता पाउन सक्दैन । 'प्रोजेक्ट'को हिमालय अंगका मुख्य नदी गंगा र ब्रम्हमपुत्र हुन् । भारतको त्यो महत्वकांक्षी योजनामा एउटा झट्का के पनि लागेको छ भने ब्रम्हमपुत्र नदीमा चीनले बाँध बाँधेर पानी लादैछ । किनकि, ब्रम्हमपुत्रको उद्गम तिब्बतको मानसरोवर हो । अनि अर्को समस्या ब्रम्हमपुत्र त्रिदेशीय नदी भएकाले बंगलादेशले पनि आफ्नो दावी गरिरहेको छ र तत् सम्बन्धी भारत-बंगलादेशको सम्झौता नै भएको छ ।

गंगा नदीको पानीको मुख्य स्रोत नेपालको कोशी, गण्डकी र कर्णाली नदी हुन् । त्यसकारण भारतले नेपाललाई जलमार्गसंग जोड्न चाहेको सत्य होइन । भारतले गरेको जलमार्गको भित्री कुरा आफ्नो नदी जडान परियोजना पुरा गर्नु हो । किनभने नेपालका कोशी, गण्डकी र कर्णाली नदीहरूमा ड्याम नबनाई गंगा नदीमा पानी बहाव निरन्तर हुन सक्दैन र गंगा नदीमा पानीको बहाव निरन्तरता नभै हिमालय अंगको नदी जडान परियोजना पुरा हुन संभव नै छैन । जबकि अन्तर्राष्ट्रिय अभिसन्धि अनुसार भू-परिवेष्ठित देशले पाउनुपर्ने जल पारवहनको सुविधा दिन त भारत अहिलेसम्म राजी भएको छैन । अनि त्यति सजिलै र रोमाञ्चित तरिकाले भारतले नेपाललई जलमार्गसंग जोड्ने सहमती गर्न सक्छ ? त्यसैले जलमार्गसंग नेपाललाई जोड्ने हल्ला वास्तवमा छट्टु स्यालको कथा जस्तै, 'चिल आयो चिल आयो भनेर गाँउलेहरूले माथितिर हेर्न थालेपछि कुखुरा बोकेर स्याल कुदे' जस्तै जलमार्ग जलमार्ग भनेर जलमार्गको रोमाञ्चित हल्ला गरेर नेपालको बचेखुचेको जलस्रोत कब्जा गर्ने भारतको कुटिल चाल हो । तर विडम्बना, देशको प्रधानमन्त्रीले नै राष्ट्रको गम्भीर दुरगामी महत्वका विषयमा सहमति र सम्झौता हल्का र रमाइलो पाराले गर्दछन् र जनताले पनि त्यसको कुनै प्रतिवाद नै गर्दैनन् । *२३ वैशाख, २०७५*

keshargurung@gmail.com

## कार्लमार्क्सले...

छ । क्रान्तिकारी अभिवादन, लालसलाम !"

कार्लमार्क्सको २०० औं जन्मदिवस नेपाल लगायत विश्वभरका कम्युनिष्ट क्रान्तिकारीहरूले विभिन्न कार्यक्रम गरी मनाएका छन् । मार्क्सको २०० औं जन्मदिवस भव्य रूपमा मनाउने विश्वका माओवादी पार्टी तथा संगठनहरूले सन् २०१६ मै निर्णय गरेका थिए । उनीहरूले आ-आफ्नो देशको विशिष्टता र पार्टीगत अवस्था अनुसार सभा, जुलुस, विचारगोष्ठी, पर्चा वितरण र पोष्टरहरू टाँसेर मनाएका छन् ।

कार्लमार्क्सको जन्म मे ५, १८१८ मा जर्मनीको ट्रियर सहरमा भएको थियो । कम्युनिस्ट पार्टीको घोषणापत्र मार्क्सवाद र सर्वहारा वर्गको मुक्तिको आधारभूत दस्तावेजका रूपमा स्थापित छ र उक्त दस्तावेज प्रकाशित भएको १७० वर्ष पुगेको छ । उक्त दस्तावेजमा भनिएको छ, "कम्युनिस्टहरू आफ्ना विचार र उद्देश्यलाई लुकाउनु घृणास्पद कार्य ठान्दछन् । सम्पूर्ण वर्तमान सामाजिक व्यवस्थालाई बलप्रयोगद्वारा ध्वस्त पारेर मात्र आफ्नो उद्देश्य पूरा हुनसक्छ भनेर उनीहरू खुल्लमखुला घोषणा गर्दछन् । साम्यवादी क्रान्तिको डरले शासक वर्गहरू थर्कमान होउन् । हथकडीबाहेक सर्वहारा वर्गले अरू केही गुमाउनु पर्दैन, जित्नका लागि उनीहरूका सामु सारा संसार छ ।"

मार्क्सवाद आज भीषण वर्गसंघर्ष र दुईलाइन संघर्षका बीचबाट मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित भएको छ । विश्वका विभिन्न देश र नेपालमा पनि मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक आलोकमा क्रान्तिका प्रक्रियाहरू चलिरहेका छन् । नेपालमा अहिले नेकपा (क्रान्तिकारी माओवादी)ले मालेमावादको वैचारिक आलोकमा नै नयाँ जनवादी क्रान्तिको प्रक्रिया अगाडि बढाइरहेको छ ।

## मोदीको...

भारतीय समकक्षीसँग औपचारिक वार्ता गर्दै पारस्परिक हितका विविध विषयमा विचार आदान प्रदान गर्ने र दुवै प्रधानमन्त्रीले संयुक्त रूपमा अरुण तेस्रो जलविद्युत् आयोजनाको शिलान्यास गर्ने कार्यक्रम पनि तय गरिएको छ ।

नेपालमा रहँदा प्रधानमन्त्री मोदीले जनकपुर र मुक्तिनाथको भ्रमण गर्ने र जनकपुरका साथै काठमाडौं महानगरपालिकाले काठमाडौंमा नागरिक अभिनन्दन गर्ने तयारी गरिएको छ ।

मोदीले मुक्तिनाथको दर्शन गर्दै केही समय पोखरामा बिताउने र त्यहाँ रहँदा भारतीय पेन्सन क्याम्पमा बस्ने कार्यक्रम तय गरिएको परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले बताए ।

भारतीय राष्ट्रपति प्रणव मुखर्जीले २०७३ कात्तिक १९ गते नेपाल भ्रमण गर्दा तत्कालीन प्रचण्ड नेतृत्वको सरकारले १ दिन सार्वजनिक विदा दिएको थियो । त्यसबेला मुखर्जीले पोखरामा रहेको त्यही भारतीय पेन्सन क्याम्पमा नेपाली भूतपूर्व भारतीय गोर्खा सैनिकलाई ११ मिनेटको सम्बोधन गरेका थिए ।

मोदीको सुरक्षामा संघीय सरकार मातहतका चारवटै सुरक्षा निकाय सेना, नेपाल प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ । तर मोदीको सुरक्षार्थ भन्दै ठूलो संख्यामा भारतीय सेना नेपाल प्रवेश गरेको छ । अहिले जनकपुरदेखि काठमाडौं हुँदै पोखरादेखि मुक्तिनाथसम्म भारतीय सेनाले रिकी गरिरहेको छ । यति ठूलो संख्यामा भारतीय सुरक्षाकर्मी नेपालमा आउनु नेपाली सुरक्षा संयन्त्रमाथिमो मोदीको अविश्वास र अपमान भएको विश्लेषण भइरहेको छ ।


नव वर्ष २०७५ को

शुभ अवसरमा हाम्रा वन उपभोक्ता समूहका सदस्य तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

शिवगंगा सामुदायिक वन उपभोक्ता समूह परिवार

गौरीगंगा न.पा. वडा नं. ३ कैलाली

हरियाली वन संरक्षणको लागि वृक्षारोपण गरौं, वन विनाश हुनबाट रोकौं ।

नव वर्ष २०७५ को

शुभ अवसरमा हाम्रा ग्राहक महानुभावहरू तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अशोक कुमार मैनाली

प्रोप्राइटर

गौरीशंकर ट्रेडर्स परिवार

धनगढी, कैलाली

नव वर्ष २०७५ को

शुभ अवसरमा हाम्रा वन उपभोक्ता समूहका सदस्य तथा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

विन्तीराम चौधरी

अध्यक्ष

श्री केदार सामुदायिक उपभोक्ता समूह परिवार

धनगढी उ.न.पा.-१७ कैलाली

हरियाली वन संरक्षणको लागि वृक्षारोपण गरौं, वन विनाश हुनबाट रोकौं ।





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।